
# चरित्र निर्माणमा बुद्धधर्मको भूमिका



शिशिल चित्रकार

Downloaded from http://www.dhamma.digital

# चरित्र निर्माणमा बुद्धधर्मको भूमिका

Dhamma.Digital

शिशिल चित्रकार

Downloaded from http://www.dhamma.digital

लेखक : शिशिल चित्रकार

प्रकाशक : श्रीमान्/श्रीमती रोशन चित्रकार
श्रीमान्/श्रीमती मिनु चित्रकार

प्रथम संस्करण : १००० प्रति
बु. सं. २५५३
ने. सं. ११२९
बि. सं. २०६६
ई. सं. २००९

मूल्य : रु. ५०।००

मुद्रक : भ्याली प्रिन्टिङ्ग सर्भिस, काठमाडौं

# Role of Buddhism for Moral Building

By **Shishil Chitrakar**

Published by:
Mr. & Mrs. Roshan Chitrakar
Mr. & Mrs. Minu Chitrakar
Printed at: Valley Printing Service, Kathmandu

Downloaded from http://www.dhamma.digital

# दुई शब्द

चरित्र निर्माणमा बुद्धधर्मको भूमिका शीर्षकको शोधकार्य त्रि.वि.वि.मानविकी तथा समाज शास्त्रअन्तर्गत बौद्ध अध्ययनको पोष्ट ग्राज्युयट डिप्लोमा तहको पाँचौ पत्रको खण्ड "बी" परीपूर्तिको लागी एक अंशको रूपमा तयार पारेको थिएँ।

२०६१ सालमा यो शोधपत्र त्रि.वि.वि.मा बुझाइसकेपछि केही कालान्तरमा श्रद्धये भन्ते कोण्डन्यज्यूसमक्ष कोही प्रकाशक भएमा पुस्तकको रूपमा प्रकाशनगर्ने इच्छा थियो भनी प्रतिलिपि छोडेर गएको थिएं। भन्तेले तत्कालीन अवस्थामा प्रयासरत् रहनुभएको र ताइवानको प्रकाशन संस्थाबाट प्रकाशन गरे पनि भन्सार शुल्क नै मंहगो हुने सूचना दिनुभएको थियो।

केही वर्ष अघिदेखि सन्ध्या टाइम्स दैनिक (नेपाल भाषा), धर्मकीर्ति, आनन्दभूमिमा वुद्धधर्म सम्बन्धी लेख लेख्दै आइरहेको कुरा यहाँ प्रशंगवश उठाउनु ठिक लाग्यो । यही सिलसिलामा कोण्डन्य भन्तेसँग दर्शन तथा आनन्दभूमि पत्रिका लिने र पुस्तक निकाल्ने कुरा पनि बेला बेलामा कुरा भइरन्थ्यो। यसै गरी दिदीहरूले पनि नभए हामी आफै मिली पुस्तक निकाल्ने सल्लाह दिनुहुन्थ्यो। २०६५।१।१३ गते शुक्रवारको दिन अफिसबाट फर्की भन्तेज्यूसंग आनन्दभूमि पत्रिका लिन गएं र साथै हामी परिवारबाटै पुस्तक प्रकाशन गर्छु भनि निवेदन गरें। भन्तेले हुन्छ अहिले व्यस्त छु, बुद्ध जयन्ति पछि कुरा गरौं भन्नु भयो।

Dhamma.Digital

संयोग भनौं वा धर्मले धर्म तान्यो, २०६५।१।२७ गते शुक्रवार घर फर्केको लगत्तै साथीले आजको सन्ध्या टाइम्स पत्रिकामा बु.सं. २५५० (बि.स. २०६३।२०६४) को लेखको लागि तिमीलाई पञ्चवीर सिंह पुरस्कार प्राप्त हुने छापिएको सूचना दियो। यो सूचनासुने पछि मन निकै प्रफुलित भयो तथा पुस्तक निकाल्नलाई केही आर्थिक सहयोग समेत हुने भएकोले मनमा प्रीतिसुख छायो।

यो तयार पार्नमा (विश्व विधालयको लागि) आफ्नो अमूल्य समय र आवश्यक सल्लाह सुझाव दिनुभई, मेरो कोरा ज्ञानमा केही उज्यालो थपिदिनुको साथै शोधपत्रमा चमकता थपिदिनुभएकोमा निर्देशक डा. निवेदिता कुमारी मिश्र, डा.नरेश मान वज्राचार्य र डा. भद्ररत्न वज्राचार्यप्रति धन्यवाद टकयाउँदछु।

बुद्धधर्म जस्तो गहन बिषयको अध्ययनकोलागि, सकरात्मक वा नकारात्मक भए पनि प्रत्यक्ष वा अप्रत्यक्ष अवसर र मौका जुटाइदिनु हुने सबै महानुभावहरूप्रति पनि आभार व्यक्त गर्दछु। साथै आज देश समाजको चित्रण बुझ्नमा प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुऱ्याउने, सबै व्यक्तिहरू प्रतिकरुणा मैत्रीको भावसहित धर्मधारण

Downloaded from http://www.dhamma.digital

गर्न सकुन भनी कामना गर्दछु ।

यो शोधपत्र तयार गर्ने सिलसिलामा मेरो कार्य व्यस्ततामा धैर्य धारणा गरी र मेरो कार्यमा सहयोग पुऱ्याउने साथै पुस्तक निकाल्न सहयोग दिने परीवारका सवै सदस्य तथा बेला बेलामा हामी आफै पुस्तक निकाल्न हौसला दिने दिदीहरूप्रति पनि धन्यबाद नदिई रहन सक्दिनं । साथै माथि उल्लेख गरिएझै पुस्तक निकाल्न केही सामान्य पविर्तन सहित अप्रत्यक्ष भएपनि सहयोग पुगेको ठानी सध्या टाइम्सका सम्पादक, श्री पञ्च वीरसिंह (सिरपा:) पुरस्कारका दाता श्री पञ्चवीर सिंह तुलाधर, युवा बौद्ध समूह, पुरस्कारका निर्णायक मण्डललाई समेत साधुवाद व्यक्त गर्दछु ।

कार्य व्यस्तताको बावजुद प्रतिलिपि अद्योपान्त अध्ययन गर्नुभई व्याकरण संशोधनमा सहयोग र सल्लाहको लागि (पुस्तक प्रकाशनार्थ) भन्ते कोण्डन्यज्यू प्रति विशेष वन्दना टक्र्याउन चाहन्छु ।

अन्तमा पेज मेकर कार्यमा सहयोग गर्नु हुने श्री रमेश पोखरेल तथा समयमै बाईन्डिग गरी पुस्तकको रुपमा निकाल्नमा सहयोग गर्ने भ्याली प्रिन्टिङ्ग सर्भिस लगायत सवैमा साधुवाद व्यक्त गर्दछु ।

**मितिः २०६६/५/३०**
**शिशिल चित्रकार**
**मैतिदेवी**

Downloaded from http://www.dhamma.digital

# समर्पण

आफ्नो तन मन धनले छोरा छोरीलाई लालन पालन गर्नहुने आमा बुबालाई कृतघ्न छोराको तर्फबाट बुबाको ८७ औं शुभ जन्मोत्शवको उपलक्ष्यमा साथै आमाबुबाको सेवामा समर्पित भइरहन सकुं र सम्पूर्ण छोरा छोरीहरूले आमा बुबाको गुणधर्म सम्झन सकून भन्ने कामनासहित आमाबुबामा समर्पण गर्दछु ।

मितिः २०६६/५/३०
**शिशिल चित्रकार**
**मैतिदेवी**

Downloaded from http://www.dhamma.digital

# विषय सूची

## प्रथम अध्याय


**खण्ड कः**

सिद्धार्थ गौतमको जीवनी १

१.१ सिद्धार्थ गौतमको गृहत्याग र प्रथम धर्मचक्र प्रवर्त्तन १

**खण्ड खः**

बुद्धधर्ममा चरित्र निर्माणको आधारभूत शिक्षा ३

१.२.चार आर्यसत्य ३

(क) दुःख सत्य ३

(ख) दुःख समुदय सत्य ४

(ग) दुःख निरोध सत्य ५

(घ) दुःख निरोध मार्ग सत्य ५

१..३ प्रतीत्यसमुत्पाद ६

१.४ आर्य अष्टाङ्गिक मार्ग ९

(क) शील १०

(ख) समाधि १०

(ग) प्रज्ञा ११

१.५ पञ्चस्कन्ध र चार परमार्थ सत्य १२

१.६ चित्तका प्रकार १२

१.७ त्रिलक्षण १४


## दोस्रो अध्याय


बुद्धधर्ममा सुचरित्रको अर्थ १५

२.१ व्यक्तिगत चारित्रिक भेद १५

२.२ विनाश हुने कारण १६

२.३ अष्टलोक धर्म १७

२.४ मंगल धर्म १८

२.५ मन नै प्रमुख १९

२.६ समथ विपश्यना २०

२.७ दुर्लभ मनुष्य जन्म २२

२.८ आमा बाबुको सेवा २३


Downloaded from http://www.dhamma.digital

२.९ जस्ले झूठ बोल्दछ उस्ले नगर्ने पाप केही हुँदैन २४
२.१० उत्तम मानिस बन्ने गुण २५

## तेस्रो अध्याय

चरित्र निर्माणमा धर्मको भूमिका २६
३.१ मैत्री भावना २६
३.२ धर्मको तीन चरण २६
३.३ दशवटा दुर्लभ तत्वहरू २७
३.४ चार प्रकारका व्यक्ति २८
३.५ आफ्नो कर्म (चरित्र) अनुसार जन्म ३०
३.६ जातले ठूलो हुने होइन ३०
३.७ कर्मकाण्डले पाप पखालिंदैन ३१
३.८ चाहेको जस्तो हुँदैन ३२
३.९ लज्जा र भय ३२
३.१० श्रुत धन ३३
३.११ योग्य देशमा बस्नु मंगल ३४
३.१२ चार ब्रह्म विहार ३४
(क) मैत्री ब्रह्म विहार ३४
(ख) करुणा ब्रह्म विहार ३५
(ग) मुदिता ब्रह्म विहार ३५
(घ) उपेक्षा ब्रह्म विहार ३५
३.१३ चरित्र निर्माणमा धर्मको भूमिका ३६

## चौठौं अध्याय

बुद्ध धर्ममा वर्णित महत्वपूर्ण शील ४३
४.१ शीलको अर्थ ४३
४.२ शील धर्म ४३
(क) पञ्चशील ४४
(ख) अष्टशील ४५
(ग) दशशील ४६
४.३ त्रिरत्न शरण ४६
(क) बुद्धवन्दना ४७
(ख) धर्मवन्दना ४८

Downloaded from http://www.dhamma.digital

(ग) संघवन्दना ४९
(घ) बुद्धगुण ५०
(ङ) धर्मगुण ५१
(च) संघगुण ५१
४.४ दश अकुशल तथा कुशल कर्म ५३
४.५ झूठ हत्या आदिको परिणाम ५५

## पाँचौं अध्याय

आजको सामाजिक अवस्था ५७
५.१ आजको समाज ५७
५.२ कालाम सूत्र ६०

Dhamma.Digital

## छैठौं अध्याय

उपसंहार ६२
पाद टिप्पणी ६४
सन्दर्भ सामग्री ६७

Downloaded from http://www.dhamma.digital

# प्रथम अध्याय

## (खण्ड क)

## सिद्धार्थ गौतमको जीवनी

### १.१ सिद्धार्थ गौतमको गृहत्याग र प्रथम धर्मचक्र प्रवर्त्तन :

आजभन्दा ५६३ ई.पू.अघि कपिलवस्तुमा राजा शुद्धोधनको पुत्रको रूपमा सिद्धार्थ गौतमको जन्म भएको थियो । राजा शुद्धोधनले वालकको जन्ममा ८ जना पुरोहितहरूलाई राजकुमारको भाग्य हेर्न दिएकोमा, सात जनाले यदि बालक राजा भएमा चक्रवर्ती हुने तर गृहत्यागी भएमा बुद्ध हुने भविष्यवाणी गर्नुभएको थियो । बुद्धवंस अट्ठकथाअनुसार यसमा एक जनाले निश्चित रूपमा बालक गृहत्यागी हुने र बुद्ध हुने भविष्यवाणी गरेका थिए । अरु भनाई अनुसार तीन जनाले दुईवटा संभावना र अन्य पाँच जनाले बुद्ध नै हुने भविष्यवाणी गरेका थिए ।[1]

यस्तो भविष्यवाणी सुनी राजा शुद्धोधनले राजकुमारलाई दुःख आदि हेर्न नपरोस भनी दरवारमा विशेष बन्दोवस्तका साथ राखे । तर राजकुमारले भिन्दा-भिन्दै अवसरमा बुढो व्यक्ति, रोगी व्यक्ति, मरेको व्यक्ति र अन्तमा एक जना श्रमणलाई देखी आफू पनि संसारको दुःख र त्यसको कारण खोज्न घरवार त्यागी हिड्नुभयो ।

सिद्धार्थ गौतमको जीवनकालमा समाजमा विभिन्न वाद, मत, धर्म, कर्मकाण्ड संगसंगै पशुवध जस्तो कुरीति र विसंगति व्याप्त थियो । यी सबैलाई मध्यनजर गर्दै समाजको कुरीति र विसंगति तथा व्यक्तिको दुःख र त्यसका कारण पत्ता लगाउन, सिद्धार्थ गौतमले गृहत्याग गर्नुभयो ।

सिद्धार्थ गौतमले ज्ञानको खोजीमा विभिन्न गुरुहरूसंग शिक्षा लिन गए । पहिले आलारकालाम र पछि उद्धक रामपुत्रकहाँ गए तर त्यहाँ क्रमशः 'आकिञ्चन्यायतन'-"केही पनि छैन 'शून्य शून्य' को अर्थमा भावना गर्ने,"[२] र 'नैवसंज्ञानासंज्ञायतन' -"संज्ञा भएसम्म केही न केही बाधाको सामाना गर्नु पर्दछ, संज्ञा रोग हो, संज्ञा काँडा हो, भनी कुनै पनि आलम्वनलाई स्वीकार नगरी 'शान्त शान्त' को चेतना उत्पन्न गर्ने भावना,"[३] भन्दा माथिको ज्ञान नभएको ज्ञात भयो । त्यसपछि यसले निर्वाण प्राप्त नहुने भएकोले, ज्ञानको खोजीमा आफै लाग्नुभयो ।

राजकुमारले घरवार त्यागी हिंडेको खबर सुनी, पहिले वालक गृहत्यागी हुने



Downloaded from http://www.dhamma.digital

र बुद्ध हुने भनी भविष्यवाणी गर्ने पुरोहितहरूमध्ये एक जनाले, अरु समयको प्रवाहले मरण भई सकेकाले अन्य सात जनाका छोराहरूलाई आफूहरू पनि राजकुमारको बाटोमा लाग्न आग्रह गरे । तर त्यसमध्ये चार जनाले उनको साथ दिए । यसरी पाँच जनाले सिद्धार्थको तपस्यामा सहयोग दिन थाले ।[४]

सिद्धार्थ गौतमले ६ वर्षसम्म कठिन साधना गर्नुभयो र शरीर जीर्ण तथा हाडमात्र बाँकि भयो तर ज्ञान प्राप्त गर्न सकेनन् । यस्तोमा आफूले बालकमा गरेको आनापान (श्वासप्रश्वासको किया जान्ने) को स्मरण भयो र यसको लागि शरीर तन्दुरुस्त रहनुपर्ने ठानी फेरी खाना लिन थाल्नुभयो ।

सिद्धार्थ गौतमले खानालिन थालेपछि पञ्चवर्गीय भिक्षुहरूले, सिद्धार्थ गौतमले बाटो भुलेको तथा ज्ञान प्राप्त गर्न नसकिने ठानी एक्लै छोडी हिंडे ।

त्यसपछि सिद्धार्थ गौतमले दुई अति - शरीरलाई कष्ट दिने र कामसुखमा भुल्नेलाई छोडेर बीचको बाटो अंगाल्नुभयो । यसरी दुई अतिको अन्तबाटै सिद्धार्थ गौतमले चार आर्यसत्य पत्तालगाई बुद्धत्व प्राप्त गर्नुभयो ।

सिद्धार्थ गौतमले आफूले ज्ञान प्राप्त गरिसकेपछि सात हप्तासम्म प्रीति सुखमा बस्नुभयो र त्यसपछि आफूले प्राप्त गरेको ज्ञान कसलाई दिऊं भनी विचार गर्नुभयो। शुरुमा यो धर्म निकै गहन र बुझ्न सक्ने को छन् भनी विचार गर्दा, पहिला आफूले शिक्षा लिएका आलार कालामलाई सम्झनुभयो। तर आलार कालाम सात दिनअघि मात्र यो संसारबाट विदा भएको ज्ञात भएपछि उद्दक रामपुत्रलाई सम्झिनुभयो। तर उ पनि १२ घन्टाअघि मात्र यो संसार छोडेर हिंडेको ज्ञात भयो। त्यसपछि अब पहिला आफूलाइं साथ दिएको पंचवर्गीय भद्रहरूलाई धर्मप्रवचन गर्न वाराणसीको मृगदाय वनमा जानुभयो। भगवान् गौतम बुद्धले बुद्धत्व प्राप्तगरेको ठाउँ वोधगयाबाट सारनाथको मृगदाय वनमा जाँदै बाटोमा उपक तीर्थङ्कर भेट्यो तर उस्ले भगवान्बाट धर्म धारण गर्न सकेनन्।

सारनाथमा पुग्दा पहिले पँचवर्गीय भिक्षुहरूले पनि बुद्धलाई ज्ञान प्राप्त व्यक्ति हुन् भनी विश्वास गरेनन् र भगवान्ले उपदेश सुन्नलाई प्रेरणात्मक आमन्त्रण दिनुहुँदा पनि त्यसलाई स्वीकार गरेनन् । पछि भगवान् गौतम बुद्धले आफूलाई उनीहरूले पहिला पनि चिनेको तर आफूले कहिले पनि ज्ञान प्राप्त भयो भनी नभनेको कुरा सम्झाउँदा, ती पँचवर्गीय भिक्षुहरू उपदेश सुन्न तयार भए ।

यसरी भगवान् गौतम बुद्धले सारनाथमा पहिलो धर्मचक प्रवचन दिनुभयो । यसमा भगवान् गौतम बुद्धले दुई अति - काम सुख र अति दुष्कर चर्या गलत हो भनी व्याख्या गर्नुभयो र आफूले हासिल गरेको चार आर्यसत्यको प्रवचन दिनुभयो । यी चार आर्यसत्य हुन् ।



Downloaded from http://www.dhamma.digital

(क) दुःख सत्य

(ख) दुःख समुदय सत्य

(ग) दुःख निरोध सत्य

(घ) दुःख निरोध मार्ग सत्य

भगवान् गौतम बुद्धले पत्ता लगाउनुभएको दर्शन चार आर्यसत्य वास्तवमा जीवन र जगत्को मर्म बुझ्नको लागि आवश्यक छ ।

## (खण्ड ख)

## बुद्धधर्ममा चरित्र निर्माणको आधारभूत शिक्षा

भगवान् गौतम बुद्धले आफूले बुद्धत्व प्राप्त गरिसकेपछि सारनाथमा पञ्चवर्गीय भिक्षुहरूलाई पहिलो धर्मचक्र प्रवचन दिनुभयो । यो प्रवचनको सा:र हो व्यक्तिहरूले दुई अतिबाट बची चार आर्यसत्यलाई बुझ्नु र आर्य अष्टाङ्गिक मार्गलाई अवलम्बन गर्नु हो भनी पाउँदछौं । अब बुद्धधर्मका मुख्य सिद्धान्तको व्याख्या यसरी गरिएको छ ।

### १.२. चार आर्य सत्य :

भगवान् गौतम बुद्धले पत्ता लगाउनुभएको चार आर्यसत्यको महत्व तथा आवश्यकता आजको हत्या हिंसामा आक्रान्त हाम्रो देश समाजमा झन बढेको छ ।

गौतम बुद्धले सम्पूर्ण जीवन लोक कल्याणको लागि धर्मको उपदेश दिँदै बिताउनु भयो ।

भगवान् बुद्धले पत्ता लगाउनुभएको चार आर्यसत्य निम्न प्रकारका छन् ।

(क) दुःख सत्य

(ख) दुःख समुदय सत्य

(ग) दुःख निरोध सत्य

(घ) दुःख निरोधमार्ग सत्य

अब यी सत्यहरूको संक्षिप्त वर्णन गरिने छ ।

**(क) दुःख सत्य :**

भगवान् बुद्धले पत्ता लगाउनुभएको चार आर्यसत्यमध्ये दुःख सत्य पहिलो हो । यो सत्यअनुसार संसारमा प्राणीहरूको जाति (जन्म), जरा (शरीर जीर्ण हुनु), मरण (मर्नु),



Downloaded from http://www.dhamma.digital

शोक, परिदेवदुख:दोमनस्सुपायास (शोक, डाहा, विलाप भई शारीरिक र मानसिक दु:ख) दु:खहरू हुन् । संसारमा प्राणीहरूको विभिन्न तरिकाले जन्म हुन्छ, जस्तै कोही गर्भाशयद्वारा, कोही अण्डाबाट, कोही फोहरमैलाबाट भने अन्य प्रेत योनीहरूको जन्म पनि हुन्छ । जस्तोसुकै जन्म भएपनि भगवान बुद्धले जन्म हुनुलाई दुख:को कारण मानेको छ । त्यसैगरी जन्म भइसकेपछी वुढा, बुढी हुनु, रोगी हुनु, आफूले भनेको जस्तो नहुनु, आफन्तहरूको दु:ख हेर्नु, प्रियजन सँग विछोड हुन, अप्रियजनसंग संगै बस्न पर्ने आदि दु:ख हुन् । यसैले संसारमा जन्मलिने बित्तिकै दु:खको सिलसिला पनि शुरु हुन्छ । संक्षेपमा भन्ने हो भने पञ्चस्कन्ध (नामरुप) प्रतिको आसक्ति नै दु:ख हो ।[५]

**(ख) द:ुख समुदय सत्य :**

माथि भनिएझैं संसारमा भएका दु:खहरूको सही कारण थाहा नपाउनाले प्राणीहरूले अझ अन्जानमा द:ुख बढाउने कार्य गरिरहेका हुन्छन् । भगवान् गौतम बुद्धले सम्पूर्ण प्राणीहरूको जीवनचकलाई नाम र रूपको पञ्चस्कन्ध (रूप, विज्ञान, वेदना, संज्ञा, संस्कार) भनी व्याख्या गनुभएको छ । प्राणीहरू दु:खको सहीकारण नवुझी तृष्णामा अल्झिरहनाले द:ुख झन् थपिंदै (समुदय हुँदै) जानुको कारण हुन् ।[६] तृष्णा तीन प्रकारका छन् ।

**(१) काम तृष्णा :**

पञ्चकाम (सांसारिक विषयवस्तु - वर्ण, शब्द, गन्ध, रस, स्पर्श) भोग्ने ईच्छा हो । हेरेर, सुँघेर, खाएर, सुनेर र छोएर राम्रो लाग्नु, मन पराएर बस्नु वा ईच्छा गर्नु वा रमाउनु काम तृष्णा हो ।

**(२) भव तृष्णा :**

भव भनेको 'उत्पन्न भईरहेको' भन्ने अर्थ हो । यसमा शाश्वत दृष्टि–'सजीव भइरहेको सत्व मरी विनाश हुँदैन, स्थूल शरीर विनाश भएपनि त्यो सत्व जीव आत्मा विनाश हुँदैन, अर्को नयाँ शरीरमा प्रवेश भई स्थीर भइरहेको छ' सँग समान भई उत्पन्न हुने तृष्णा भव तृष्णा हो ।

**(३) विभव तृष्णा :**

यो जन्मपछि अर्को जन्म छैन भनी उच्छेद दृष्टिसंग संयुक्त भइ रमाउनु, ईच्छा गर्नु विभव तृष्णा हो । यसमा राम्रो कार्यको पनि फल छैन, नराम्रो कार्यको पनि फल छैन भनी आफूले गरेको नराम्रो कार्य हटाउन कोशिश गर्दैन र राम्रो कार्य पनि गर्दैनन् ।[७]



Downloaded from http://www.dhamma.digital

**(ग) दु:ख निरोध सत्य :**

यसरी दु:खको कारण छन् भने निश्चय नै दु:खवाट मुक्त भई सुख पनि प्राप्त गर्न सकिन्छ। दु:खवाट छुट्कारा पाउने एउटै आधार निर्वाण हुन्। यहाँ जन मानसमा भ्रम श्रृजना हुन्छ – कि मृत्यु हुनु नै निर्वाण हुनु हो। तर भगवान् गौतम बुद्धले बताउनुभएको निवार्ण भन्नाले माथि उल्लेखित दु:खवाट छुट्कारा पाई, सुख लिनको लागि तृष्णावाट विमुक्त हुनु पर्दछ। तृष्णा निरोध र शान्त भइरहँदा, नयाँ जन्म नामरूपस्कन्ध उत्पन्न हुन नसक्ने भई बिल्कुल शान्त र निरोध भईरहने हो। यसैले मन पराउनु, मज्जा लाग्ने ईच्छा हुने तृष्णा उत्पन्न नहुनु नै निरोध र शान्त हुनु स्वभावलाई निरोध सत्य भन्दछ।[८]

**(घ) दु:ख निरोध मग्ग (मार्ग) सत्य :**

भगवान् बुद्धले दु:खवाट छुटकारापाई निर्वाण प्राप्त गर्नु नै सुख पाउने आधारहुन भनेका छन् भने निवार्ण प्राप्त गर्ने तरिका (बाटो) पनि बताउनुभएको छ। संसारमा दु:खवाट छुटकारा पाउन र सुखको प्राप्तिको लागि विभिन्न धार्मिक आस्था दर्शनहरू देखापरेको परिप्रेक्ष्यमा कुनै दर्शनले शरीरलाई कष्ट दिने त कुनैले शरीरलाई भोगविलासको रूपमा प्रयोग गर्ने, आ-आफ्नो मान्यतावाट परिचालित छन्। तर भगवान् बुद्धले यी दुई अतिवाट बची बीचको बाटो अंगाल्नुभयो र मध्यम प्रतिपदा मार्गको रूपमा संसारसमक्ष दु:खबाट मुक्त हुने मार्गको रूपमा व्याख्या गर्नुभयो। अव दु:खवाट मुक्त भई निर्वाण प्राप्त गर्ने बाटो के हुनभन्दा आर्य अष्टाङ्गिक मार्ग (आठ वटा अंङ्ग भएका मार्ग) हुन्।

अब यी अङ्गहरू के के हुन् भने सम्मादिट्ठि (सम्यक् दृष्टी–ठीक धारणा), सम्मा सति(सम्यक् स्मृति–ठीक स्मृति), सम्मावाचा (सम्यक् वचन–ठीक वचन), सम्माकमन्त (सम्यक् कम्मन्त–ठीक कर्म), सम्माआजीव (सम्यक् आजीविका–ठीक आजीविका), सम्मावायाम (सम्यक् व्यायाम–ठीक प्रयत्न), सम्मा संकप्पो (सम्यक् संकल्प–ठीक संकल्प) हुन्।[९] यी अंगहरूको वर्णन छुट्टै गरिनेछ।

यस सन्दर्भमा संयुक्तनिकाय (षडायतन वर्ग, परिच्छेद४, जम्वुखादक संयुक्त, अविज्जा सुत्त प्रकरण ९) जम्बुखादक परिब्राजकले सारीपुत्रलाई सोधेको प्रश्नको चर्चा हेर्नु प्रासांगिक हुनेछ।

"अविद्या, अविद्या - भन्ने भनाई छ, आबुसो सारिपुत्र - अविद्या भनेको के हो ?"

"आवुसो ! दु:खको अज्ञान जो छ, दु:ख समुदयको अज्ञान, दु:ख निरोधको अज्ञान, दुख निरोध गामिनी मार्गको अज्ञान, आवुस ! यसलाइ नै अबिद्या भनिन्छ।"



Downloaded from http://www.dhamma.digital

"आवुसो ! यो अविद्याको प्रहाणको लागि केही मार्ग छ त ?"
"आवुसो ! निश्चय नै यस्तो अविद्या प्रहाण गर्ने बाटो छ।"
"आवुसो ! अविद्याको प्रहाणको लागि के मार्ग छ त ?"
"आवुसो ! यो यही आर्यअष्टांगिक मार्ग हो।"[१०]

"कुशल कर्मले सुखकर पुनर्जन्म गराउन सक्दछ र जुनसुकै प्रकारको पुनर्जन्मभन्दा जन्मको निरोधलाई नै वढी महत्व दिइनु पर्दछ"।[११] जन्म हुनु नै खतरा हो। सर्वोच्च स्वर्गलोकको जन्मलाईभन्दा कुनै पनि लोकमा पुनर्जन्म नहुनेलाई नै वढी ग्राहयता दिनुपर्छ। कोही व्यक्ति पुनर्जन्मको ईच्छा गर्दैनन् भने, उसले चार आर्यसत्यलाई जान्नुपर्दछ र यी चतुरार्यसत्यले नै पुनर्जन्म (भव) को निरोधतिर लैजान्छ भन्ने कुरा वुझ्नु पर्दछ।

यहाँ महापरिनिर्वाण सूत्रको चर्चा गर्नु सान्दर्भिक नै हुनेछ।

"भिक्षुहरू ! चार आर्यसत्यहरूको अनुवोध नहुनाले नै यस प्रकार दीर्घकालदेखि यो संसरण ( आवागमन) 'मेरो र तिनीहरूको' भइरहेको छ।

कुन कुन चार ?

भिक्षुहरू ! दुःख आर्यसत्य, दुःख समुदय आर्यसत्य, दुःख निरोध आर्यसत्य र दुःख निरोधगामिनी प्रतिपद् आर्यसत्य।

भिक्षुहरू ! यी आर्यसत्यहरूको अनुवोध–प्रतिवोध गऱ्यो कि भवतृष्णा उछिन्न हुन्छ, भव नेत्री (तृष्णा) क्षीण हुन्छ र अनि जातिकै निरोध हुन्छ "।[१२]

यसरी संसारको चक्र जसरी चलिरहेको छ, यो यही चार आर्यसत्यको ज्ञान नभएकाले हुन् । यसरी संसारचक्र चलिरहेकामा एक आपसमा कार्य कारणहरूले भूमिका खेलिरहेका छन्।

## १.३ प्रतीत्यसमुत्पाद :

यो सिद्धान्तअनुसार "यो भएमा यसो हुन्छ, त्यसो नभएमा त्यसो हुँदैनन्" भनी व्याख्या भएका छन्। सिद्धार्थ गौतमले "यो बृद्ध हुनु र मर्नु पर्ने धर्महरू कहाँ कताबाट आए भनी निरीक्षण गर्नु हुँदा नयाँ जन्म लिनु परेकोले हो भन्ने कुरा प्रकट रूपमा देख्नुभयो। जन्म लिन न परेमा बृद्ध र मृत्य हुनु पर्दैन। जन्म लिनु परेकोले नै बृद्ध हुनु पर्दछ, मृत्यु हुनु पर्दछ। तसर्थ नयाँ जन्म लिनु बृद्ध हुनु र मृत हुनको कारण हो भनेर प्रतीत्यसमुत्पादको अन्तदेखि ज्ञानानुकरण गरेर आएको हो" ।[१३]

(१) **"जाति-पच्चया जरा -मरण सोक- परिदेव दुक्खदोमनस्सुपायासा सम्भवन्ति"**

जन्म भएपछि बुढा, रोगी, मरण, शोक, परेसानी आउँछ। तर विना कारण त जन्म हुँदैन। आमा बाबुको सम्बन्धको अतिरिक्त अरु पनि कारण छन्।



Downloaded from http://www.dhamma.digital

(२) **"भव-पच्चया जाति"** :

यो भव केही न केही बनिरहेको हुन्छ। मृत्युपछि सबै समाप्त हुँदैनन्। मृत शरीरमा पनि केही न केही परीवर्तन भएर यो चित्तको धारा तुरुन्तै अर्को शरीरमा जोड्न जान्छ। त यो केही न केही किन बन्दछ ?

(३) **"उपादान-पच्चया भवो"** :

यो आसक्ति नै भव को कारण हो। यसरी जति बढी आसक्ति हुन्छ त्यति नै वढी भव कर्म हुन्छ। यो आसक्ति किन हुन्छ ?

(४) **"तण्हा-पच्चया उपादानं"** :

तृष्णा यानी राग र द्वेष नै यो उपादानको कारण हो। तृष्णा किन पैदा हुन्छ भन्दा,

(५) **"वेदना-पच्चया तण्हा"** :

सम्पूर्ण शरीरमा जहां जहां संवेदना हुन्छ त्यहाँ त्यहाँ तृष्णा उत्पन्न हुन्छ। वेदना सुखद् भएमा राग जाग्दछ भने दुःखद् वेदना जागेमा द्वेष हुन्छ। यो वेदना के कारणले हुन्छ ?

(६) **"फस्स-पच्चया वेदना"** :

वेदना स्पर्शद्वारा हुन्छ। यो छ ईन्द्रियको आफ्नो विषयमा स्पर्श हुन्छ र त्यही अनुसार वेदना हुन्छ। यो स्पर्श कहाँ हुन्छ ?

(७) **"सलायतन-पच्चया फस्सो"** :

यो छ ईन्द्रियको ढोका खुला भई रहन्छ र यसमा स्पर्श हुन्छ। यो छ ईन्द्रिय कहाँबाट आँउछ ?

(८) **"नाम-रुप पच्चया सलायतनं"** :

नाम रूपको कारणले यो छ ईन्द्रिय आँउछ। नाम यानी मन र रूप यानी शरीर, यी दुवैको मिलनबाटै जीवनधारा शुरु हुन्छ। त यो नामरूप किन भयो ?

(९) **"विञ्ञान-पच्चया नाप-रूपं"** :

विज्ञानबाट नामरूप हुन्छ। यो विज्ञान यानी चेतना जुन एउटा जीवन समाप्त हुने बित्तिकै अरु शरीरमा जान्छ। यो विज्ञान किन उत्पत्ति हुन्छ ?

(१०) **"संखार-पच्चया विञ्ञानं"** :

हरेक संस्कारले नयाँ विज्ञान उत्पत्ति गराई अर्को क्षणको नयाँ चेतना पैदा गर्दछ। यो संस्कार कसरी बन्दछ ?

(११) **"अविज्जा-पच्चया संखारा"** :

अविद्याले संस्कार बन्दछ। अविद्याको अर्थ हो अज्ञान, बेहोशी, र विमूढता हुनु। यसरी जीवन र जगत्को सम्पूर्ण रहश्य खुल्यो।

यसरी सिद्धार्थ गौतमले यो संसारको चक्र चलिरहेको कारणहरूलाई एक पछि



Downloaded from http://www.dhamma.digital

अर्को गर्दै अनुलोम प्रतिलोमद्वारा यसलाई जान्नुभयो । अनुलोम पद्धति यस प्रकारका छन् ।

**"अविज्जा-पच्चया संखारा,**
**संखार-पंच्चया विञ्ञानं,**
**विञ्ञान -पच्चया नापरूपं,**
**नापरूप-पच्चया सलायतनं,**
**सलायतन-पच्चया फस्सो,**
**फस्स -पच्चया वेदना,**
**वेदना-पच्चया तण्हा,**
**तण्हा-पच्चया उपादानं,**
**उपादान-पच्चया भवो,**
**भव-पच्चया जाति,**
**जाति-पच्चया जरा -मरण सोक- परिदेव दुक्खदोमनस्सुपायासा सम्भवन्ति ।**
**एवमे तस्स केवलस्स, दुक्खक्खन्धस्स समुदयो होति"**[१४]

यसैगरी भगवान् वुद्धले यसलाई फेरि प्रतिपक्षी रूपमा आवर्तन गरी फेरि प्रत्यवेक्षण गर्नुभयो । नयाँ जन्म लिनु 'जाति' नभएमा जरा मरण नामक बृद्ध हुनु नपर्ने, आदि निरोध पक्षतिरवाट अनुशरण गरी प्रत्यवेक्षण एवं निरीक्षण गर्नुभयो । यसरी निरीक्षणवाट विज्ञान नभएमा नामरुप हुने छैनन्, नामरुप नभएमा विज्ञान हुने छैन भनी निरोध हुने प्रतिलोम पद्धतिबाट निरीक्षण गर्नुभयो ।[१५]

निरोधगर्ने वाटो यस प्रकारका छन् ।

**'अविज्जायत्वेव असेस विराग-निरोधा संखार-निरोधो :**
अविद्या निरोध भएमा संस्कार निरोध हुन्छ ।
**संखार-निरोधा विञ्ञाण-निरोधो :**
संस्कार निरोध भएमा विज्ञान निरोध हुन्छ ।
**विञ्ञाण-निरोधा नाम-रूप-निरोधो :**
विज्ञान निरोध भएमा नाम-रुप-निरोध हुन्छ ।
**नाम-रूप निरोधा सलायतन-निरोधो :**
नाम-रुप-निरोध भएमा छ इन्द्रिय निरोध हुन्छ ।
**सलायतन-निरोधा फस्स -निरोधो :**



Downloaded from http://www.dhamma.digital

इन्द्रिय निरोध भएमा स्पर्श निरोध हुन्छ ।

**फस्स -निरोधा वेदना-निरोधो :**

स्पर्श निरोध भएमा वेदना निरोध हुन्छ ।

**वेदना-निरोधा तण्हा-निरोधो :**

वेदना निरोध भएमा तृष्णा निरोध हुन्छ ।

**तण्हा-निरोधा उपादान-निरोधो :**

तृष्णा निरोध भएमा उपादान निरोध हुन्छ ।

**उपादान-निरोधा भव-निरोधो :**

उपादान निरोध भएमा भव निरोध हुन्छ ।

**भव-निरोधा जाति-निरोधो :**

भव निरोध भएमा जाति निरोध हुन्छ ।

**जाति-निरोधा जरामरण-सोक-परिदेव-दुक्ख-दोमनस्सुपायासा निरुज्झन्ति । एवमेतस्स केवलस्स दुक्खक्खन्धस्स निरोधो होती'ति ।' :**

जाति निरोध भएमा बृद्ध, मरण, शोक, परिदेव आदि निरोध हुन्छ र यसरी सम्पूर्ण दु:खको निरोध (अन्त्य) हुन्छ ।[१६]

यसरी भगवान् बुद्धले प्रतीत्यसमुत्पादको व्याख्या गर्नुभयो ।

**इमस्मिं सति इदं होति** = यो कारण हेतुधर्म रहेमा यो फल कार्यधर्म रहन्छ ।

**इमस्सुपादा इदं उप्पज्जति** = यो कारण हेतु धर्मको उत्पत्तिको कारणले यो कार्य फलधर्म उत्पन्न हुन्छ ।

**इमस्मिं असति इदं न होति** = यो कारण हेतुधर्म नरहेमा यो कार्य फल धर्म रहन्न् ।

**इमस्स निरोधा इदं निरुज्झति** = यो कारण हेतुधर्मको निरोधको कारणले यो कार्य फलधर्म निरोध हुन्छ ।

यसैले हामीले यसलाई मनन् गर्दा कार्य कारणको सम्बन्धले पनि समाजमा रहेका व्यक्तिहरूको चरित्र राम्रो नभएमा देश समाजको अवस्था नराम्रो हुने प्रष्ट छ । प्रतीत्यसमुत्पादलाई जानेमा व्यक्तिले अकुशल कार्यगर्न त पछि हट्छ नै, अझ त्योभन्दा कुशल कार्यले पनि क्षण भंगुर जीवनबाट मुक्त हुन नसक्ने हुनाले तृष्णाकै निरोधमा लाग्दछ ।

## १.४ आर्य अष्टाङ्गिक मार्ग :

चार आर्यसत्यमा आएका दु:ख हटाउने मार्गको रूपमा भगवान् गौतम बुद्धले दुई अतिबाट बची, आर्य अष्टाङ्गिक मार्ग (आठ वटा अङ्ग भएको मार्ग) रूपी बीचको बाटो अँगाल्नुभयो । जुन 'मज्झिमा पटिपदा'-मध्यम प्रतिपदाको (बीचको मार्ग) रुपमा प्रचलित छन् । आर्य अष्टाङ्गिक मार्गलाई तीन समूहमा बाँडिएको



Downloaded from http://www.dhamma.digital

छन् । तिनीहरू हुन् –

(क) **शील**

(ख) **समाधि**

(ग) **प्रज्ञा** ।[१७]

(क) **शील**अन्तर्गत तीन अङ्गहरू छन् ।

(१) **सम्मा वाचा (सम्यक् वाचा)** :

'सम्मा वाचा' भन्नाले वचन ठीक पार्नु हो । यसअन्तगर्त झूठो नबोल्ने, कडा वचन नबोल्ने, चुग्ली नगर्ने र व्यर्थको गफ नगर्ने पर्दछ ।

(२) **सम्मा कम्मन्त (सम्यक कर्म)** :

'सम्मा कम्मन्त' अन्तगर्त शरीरद्वारा गर्ने कार्य ठीक पार्नु हो । यसअन्तर्गत जीव हिंसा नगर्ने, चोरी नगर्ने, व्यभिचार नगर्ने पर्दछ ।

(३) **सम्मा आजीव (सम्यक् आजीविका)** :

'सम्मा आजीवे' भन्नाले आफ्नो जीविका ठीक रूपमा जिउनु हो । यस अन्तर्गत पाँच व्यापार व्यवसाय वर्जित मानिन्छ । अस्त्र शस्त्रको व्यापार, बिषको व्यापार, मान्छे र प्राणीको व्यापार, मासुको व्यापार र रक्सी तथा मद्यपानको व्यापारलाई वर्जित व्यापार व्यबशायको रूपमा लिइएको छ । यसैमा झूठ, कडा वचन, चुग्ली आदि पनि ( यदि अड्डा अदालत वा अफिसहरूमा ) धन कमाउन प्रयोजनमा प्रयोग भइरहेक छन् भने त्यो पनि 'सम्यक् आजीविका' नभइ गलत आजीविका नै हुन्छ । यस बाहेक एक जना व्यक्तिको आस्था र विश्वास भङ्ग गरी तथा कहानी नाटक वा सिनेमा देखाउने आदि कयौं 'सम्फप्पलाप' (व्यर्थको गफ) को माध्यमबाट गलत आजीविका भईरहेका उदाहरण लिन सकिन्छ ।[१८]

(ख) **समाधि**अन्तर्गत अरु तीन अङ्गहरू छन् ।

(१) **सम्मा समाधि (सम्यक् समाधि)** :

'सम्मा समाधि' भन्नाले चित्तको एकाग्रतालाई जनाउँछ र यसका पाँच तह हुन्छन् । तिनीहरू हुन् (क) **प्रथम ध्यान,** (ख) द्वितीय ध्यान (ग) तृतीय ध्यान ( घ) चतुर्थ ध्यान (ङ) पञ्चम **ध्यान ।**

(२) **सम्मा वायामो (सम्यक् व्यायाम)** :

'सम्मा वायामो' भन्नाले शारीरिक कसरतझैं चित्तद्वारा गर्ने चार प्रकारका व्यायामलाई जनाउँदछ । चित्तमा खराब कुरा आएका छ भने त्यसलाई हटाउने प्रयास गर्नु, खराब कुरा छैन भने त्यसलाई आउन नदिनु, चित्तमा राम्रा कुराहरू आएको छन् भने त्यसलाई बढाउने प्रयास गर्नु र अन्त्यमा चित्तमा राम्रो कुराहरू आएका छैन् भने, राम्रो कुरा ल्याउने प्रयास गर्नुलाई नै सम्मा वायामो भनिन्छ ।



Downloaded from http://www.dhamma.digital

(३) **सम्मा सति (सम्यक् स्मृति)** :

'सम्मा सति' भन्नाले खालि याददास्त मात्र जनाउँदैन बरु यसले क्षण प्रतिक्षण शरीर, वचन र चित्तले गर्ने कर्मप्रति सजग तथा जागरुक रहन सिकाउँदछ। सम्यक स्मृति चार प्रकारका छन्।

I. कायानुपस्सना : शरीर र ईन्द्रियप्रति होस (स्मृति)राख्नु।

II. वेदनानुपस्सना : वेदनाप्रति होस राख्नु।

III. चित्तानुपस्सना : मनप्रति होस राख्नु।

IV. धर्मानुपस्सना : धर्म (अनित्यता) बारे होस् राख्नु।[१९]

**(ग) प्रज्ञा**अन्तगर्त दुई अङ्गहरू छन्।

(१)**सम्मादिट्ठी (सम्यक् दृष्टि** ) :

'सम्मादिट्ठी' भन्नाले दृष्टि सही हुनु वा यथार्थ रूपमा बुझिलिनु वा ठीक विचारधारा हुनु हो। पाँच विषयहरूप्रति ठीक धारणा हुनु नै सम्यक् दृष्टि मानिन्छ। ती हुन –

I. कर्मसकता सम्यक् दृष्टि : कर्म र फलप्रति ठीक धारणा।

II. ध्यान सम्यक् दृष्टि : ध्यानको महत्वबारे ठीक धारणा।

III. विपश्यसना सम्यक् दृष्टि : अनित्यता बारे ठीक धारणा।

IV. मार्ग सम्यक् दृष्टि : क्लेश निर्मूल पार्ने मार्गबारे ठीक धारणा।

V. फल सम्यक् दृष्टि : निर्वाणको महत्व बारे ठीक धारणा।

यसैमा फेरि हामी निम्न विचारधारा हुनुलाई सम्यक् दृष्टि भन्न सक्दछौं।

I. कुआचरणलाई कुआचरण भनी बुझ्नु।

II. सुआचरणलाई सुआचरण भनी बुझ्नु।

III. लोभ, द्वेष, मोहलाई कुआचरणको मूल कारण भनी बुझ्नु।

IV. अलोभ, अद्वेप, अमोहलाई सुआचरणको मूल कारण भनी बुझ्नु।

V. चार आर्य सत्यलाई बुझ्नु।

VI. दश संयोजनबाट मुक्त हुन खोज्नु।

VII. आत्माको विचारधारालाई हटाउनु।

VIII. कुनै पनि दृष्टि (मत विशेष) संग नटाँसिनु ।

IX. प्रतीत्यसमुत्पादलाई बुझ्नु।[२०]

यसैले हामीमा सम्यक् दृष्टि हुनलाई पनि चार आर्यसत्य, प्रतीत्यसमुत्पादको सैद्धान्तिक ज्ञानको आवश्यक छ। यसरी नै व्यक्तिको विभिन्न चरित्र, आचरणको बारेमा ज्ञान हुनु पनि नितान्त आवश्यक छ।



Downloaded from http://www.dhamma.digital

(२) **सम्मा संकल्प (सम्यक् संकल्प) :**

'सम्मा संकल्प' भन्नाले हिंसा नगर्ने, द्वैप नगर्ने र क्लेशहरू हटाउन गर्ने संकल्प हुन् । यसरी व्यक्तिहरूको जीवन सफल वनाउने र देश समाजको भविप्य राम्रो बनाउनुमा यो आर्य अप्टाङ्गिग मार्गको उपयोगीता वढेको छ ।

## १.५ पञ्चस्कन्ध र चार परमार्थ सत्य :

माथि दुःख सत्यमा, पंचस्कन्धनै दुःख को कारण हुन् भनेका छन भने, यी पञ्चस्कन्ध के के हुन त ? रूप, वेदना, विज्ञान, संज्ञा र संस्कार नै पंचस्कन्ध हुन् । यसरी संसारका सवै विपय वस्तुलाई पाँच समूहमा वाँड्न सकिन्छ। अर्को वर्गीकरणअनुसार संसारका विभिन्न विपय वस्तुलाई नाम र रुप दुई परमार्थ सत्यहरूमा बाँड्न सकिन्छ। नामलाई फेरि दुई भागमा वाँड्न सकिन्छ । एक चित्त र अर्को चैतसिक । फेरि चैतसिकलाइ पनि तीन भागमा वाँडिएको छ (क) वेदना (अनुभूति) (ख) संज्ञा (चिन्ने धर्म) र (ग) संस्कार (मनमा छाप पर्ने) ।

नाम र रूप वाहेक क्लेशवाट मुक्त हुने अवस्था छ, जसलाई निर्वाण भनिन्छ । यसरी अभिधर्मअनुसार चार परमार्थ धर्महरू छन । (क) चित्त (ख) चैतसिक (ग) रूप (घ) निर्वाण ।[२१]

यिनै नाम र रूप धातुलाई यथार्थ रूपमा जान्न बुझ्न चिन्न नसकेर नै हामी कुनैपनि जीवनमा आत्मा रहेको धारणा वनाउरूदछौं । वस्तुतः हामी जस्लाइ आत्मा भनी ग्रहण गर्दछौं, त्यो यही नाम-रूप मात्र हो, जुन उत्पत्ति हुन्छ र विनाश हुन्छ ।

विशुद्धिमार्गमा (१८,२५ ) यस विपयमा यसरी व्याख्या गरिएको छ ।

**यथापि अङ्ग सम्भारो होति सद्दो रथो इति ।**
**एवं खन्धेसु सन्तेसु होति सतो'ति सम्मुति ॥**

अर्थात् जस्तो विभिन्न अंगहरूको सम्भारले "रथ"–यस्तो शव्द हुन्छ । त्यसरी नै स्कन्धहरू (पञ्च स्कन्ध) भए पछि "सत्व छ"– यस्तो व्यवहार हुन्छ ।[२२]

## १.६ चित्तका प्रकार :

चित्त धेरै प्रकारका छन् र यसलाई विभिन्न प्रकारबाट विभाजन गर्न सकिन्छ । केही चित्तहरू अकुशल हुन्छन केही चित्तहरू कुशल हुन्छन्। कुशल चित्त र अकुशल चित्त व्यक्तिको शारीरिक, वाचिक र मनद्वारा गरिने कुशल वा अकुशल कार्यको कारण हो । हामीले आफ्नो चित्तलाई चिन्न सकेनौं भने कुशल र अकुशल कार्यमा विभेद गर्न सक्दैनौं। यसैगरी कुनै चित्त कुशल वा अकुशल कर्मको



Downloaded from http://www.dhamma.digital

परीणाम हुन सक्दछ जसलाई विपाक चित्त भनिन्छ । केही चित्तको न कारण हुन्छ न परिणाम हुन्छ, यस्ता चित्तलाइ क्रियाचित्त भनिन्छ । यसरी चित्तलाई स्वभावको आधारमा चार किसिममा वर्गीकरण गर्न सकिन्छ । चित्तलाई अर्को तरीकाबाट पनि वर्गीकरण गर्न सकिन्छ, त्यो हो चित्तको भूमिद्वारा । चित्तलाई भूमिको हिसाबले फेरि चार किसिमले विभाजन गर्न सकिन्छ । (क) कामावचर (ख) रूपावचर (ग) अरूपावचर (घ) लोकोत्तर ।[२३]

यसरी वर्गीकरण गर्दा चित्तहरू ८९ वा १२१ प्रकारका हुन्छन् । यी चित्तहरूको वर्गीकरण गरिंदा यसमा ५४ प्रकारका कामावचर ( काम भूमिका) चित्तहरू छन् भने रूपावचर, अरूपावचर र लोकोत्तर चित्तहरू ३५ वटा छन् ।

५४ कामावचर चित्तहरू यसरी छन् ।

१२ अकुशल चित्तहरू

१८ अहेतुक चित्तहरू

८ महा-कुशल चित्तहरू

८ महा-विपाक चित्तहरू

८ महा-क्रिया चित्तहरू

अन्य चित्तमा,

१५ रूपावचर चित्तहरू

१२ अरूपावचर चित्तहरू

८ लोकोत्तर चित्तहरू (यसमा ४० चित्त हुन्छ जव चित्तको प्रकारलाई १२१ मा गणना गरीन्छ ।)[२४]

यसरी चित्त धेरै प्रकारका हुन्छन् । यी विभिन्न प्रकारका चित्तहरू सबै हामीमा एकदिनमै उत्पत्ति हुन्छन् तर पनि हामी थाहा पाउँदैनौं । यसको अर्थ हामीलाई आफ्नै सम्बन्धमा कति थोरै जानकारी रहेछ । धेरैजसो त हामीलाई कुन चित्त अकुशल कुन चित्त कुशल, कुन विपाक कुन क्रिया भन्ने कुरा नै थाहा हुन्न । तसर्थ हामीले कुशल र अकुशलबीचको भेदलाई राम्ररी बुझ्नु पर्दछ ।

अट्ठसालिनीमा कुशल शब्दको अर्थसम्बन्धमा यसरी व्याख्या गरिएको छ – "कुशल" भन्ने शब्दको अनेक अर्थहरू छन् । यसको अर्थ "राम्रो स्वास्थ्यको", "दोपरहित", "दक्ष", "सुखी फल वा विपाक पैदा गर्ने" भन्ने हुनसक्छ ।

हामीले दान, शील र भावना गर्दा चित्त कुशल हुन्छ । अकुशलको अर्थ कुशल होइन भन्ने हो । जस्तो मित्रताको विपरीत दुश्मनी हो वा लोभको आदि विपरीत बेवास्तापन इत्यादि हो, त्यस्तै "अकुशल" को विपरीत "कुशल" हो ।[२५] यहाँ हाम्रो अध्ययनको उद्देश्य चित्तहरूको वर्गीकरणमा ध्यान दिनुको उद्देश्य खालि



Downloaded from http://www.dhamma.digital

व्यक्तिको चरित्र र सोचाई यी चित्तहरूको भेदले भएको हो भन्ने देखाउनु मात्र भएकोले यसलाई विस्तृत व्याख्या गरिएको छैन ।

### १.७ **त्रिलक्षण**:

भगवान् बुद्धले संसारको त्रिलक्षण बताउनुभयो, ती हुन – दु:ख, अनित्य र अनात्म । दु:खको वर्णन चार आर्य सत्यमा पनि भइसकेको छ भने अनित्य भन्नाले संसारको कुनै पनि चिज वस्तु प्राणी नित्य छैन, अथवा सबै वस्तु परिवर्तनशील छन् । यहाँ आत्मालाई मान्दैनन् तथा कुनै पनि सृप्टी ईश्वरकृत् मान्दैनन भन्नु नै अनात्म हो ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# दोस्रो अध्याय

## बुद्ध धर्ममा सूचरित्रको अर्थ

यो खण्डमा व्यक्तिले काय, वचन र मनद्वारा गरिएको कार्यहरूको मूल्यांकन चारित्रिक परिप्रेक्ष्यमा गरिनेछ । जुन व्यक्तिले शरीर वचन र मनद्वारा कुशल कार्य गर्दछ, वा अर्काको कुभलो गर्दैनन् वा गर्न चाहँदैनन, त्यो व्यक्ति सुचरित्र हुन् । तर त्यसको विपरीत हुनलाई कूचरित्र भन्दछ । सुचरित्र वा कुचरित्र बुझाउन केही उदाहरणहरू सहित प्रस्तुत गरिएको छ ।

**२.१ व्यक्तिगत चारित्रिक भेद :**

हामीकहाँ एउटा प्रचलित कथन छ "जन्मेदेखिको स्वभाव मृत्युपछि मात्र हट्छ" । व्यक्तिले आफूले नजानिकननै पछि आउने बानी व्यहोरालाई नै नैसर्गिक स्वभाव पनि भन्छ । मनुष्यको नैसर्गिक स्वभाव ६ प्रकारको हुन्छ । यिनीहरू यस प्रकारका हुन् – राग चरित्र, द्वेष चरित्र, मोह चरित्र, श्रद्धा चरित्र, बुद्धि चरित्र, वितर्क चरित्र ।

अर्को किसिमले वर्गीकरण गर्दा राग–द्वेष–मोह, श्रद्धा–बुद्धि–वितर्क मात्रै हो भने, 'राग–द्वेष', 'द्वेप–मोह', 'राग-द्वेष-मोह' चार प्रकार र 'श्रद्धा-बुद्धि', 'श्रद्धा-वितर्क', 'बुद्धि-वितर्क', 'श्रद्धा-बुद्धि-वितर्क' चार प्रकारलाई संयुक्त गरेर लिन्छ । तर जस्तोसुकै वर्गीकरण गरे पनि राग-द्वेष-मोह-श्रद्धा बुद्धि वितर्क नै चरित्रका प्रकार हुन् ।

रागको विशेषता हो मन पराउनु भाव वा स्नेह भाव, स्नेह हुने व्यक्तिलाई जति मन पर्ने स्वभाव हुन्छ र त्यो स्वभावले जति सम्बन्ध गाँस्ने हो त्यसै गरी राग चरित्र हुने व्यक्तिको चित्तमा राग त्यतिकै बलवान भइरहन्छ । राग चरित्र हुँदा जसरी भोग विलासमा रमाईरहेको हुन्छ, पछि श्रद्धा चरित्र भएमा कुशल धर्ममा त्यसैगरी टाँसिरहन्छ । त्यसैले राग र श्रद्धा चरित्र एउटै भागमा राख्न सकिन्छ ।

द्वेष चरित्र भावले कडा चरित्र देखाउँछ । द्वेषी स्वभाव कडा, मान मिजासबाट टाढा घमण्डीपन हुने आफूले भनेजस्तै हुनु पर्ने हुन्छ । द्वेप चरित्रको व्यक्तिमा कुशल चित्त उत्पन्न भएमा प्रज्ञा (बुद्धि) बलवान हुन्छ । द्वेष बलियो भएको बेला अर्काको दोष खोजी हिंडेजस्तै प्रज्ञा बलियो भएपछि द्वेष भावनाको अवगुण, दोपलाई पनि त्यसै गरी खोजी खोजी हिंड्नु यसको चरित्र हो । त्यसैले द्वेष र बुद्धि एउटै भागमा राख्न सकिन्छ ।



Downloaded from http://www.dhamma.digital

मोह चरित्रको व्यक्तिले गर्न हुने, नहुने, राम्रो नराम्रोको विचार नगरी बेहोसमा परी, आफू तथा यथार्थलाई भुली कार्य गरिरहेको हुन्छ। मोह चरित्र आकुल व्याकुल गर्ने हुनाले स्वभाव अनुरूप कुशल धर्म गर्ने वेलामा पनि वितर्कले शंका उपशंका उत्पन्न गराउँदछ। मोह अस्थिर स्वभाव जस्तै, वितर्कको स्वभाव पनि अस्थिर भएकोले यी दुईलाई एउटै भागमा राखिन्छ।

यसरी नै राग चरित्रको व्यक्तिले छलकपट गर्ने अभिमान, घमण्ड, नराम्रो ईच्छा, ठूलो ईच्छा, असन्तोष, अर्काको चित्तमा चोट पुऱ्याउने स्वभाव भइरहन्छ।

द्वेष चरित्रको व्यक्ति रिसाउने, शत्रुभाव राखिराख्ने, अर्काको गुणलाई नसम्झिने, दयामाया नहुने, ईर्ष्यालु र लोभीपन तथा आफूले भनेको जस्तै गर्नुपर्ने हुन्छ। मोह चरित्रको व्यक्ति विचार गर्न अल्छी, शारीरिक काममा अल्छी, चंचल तथा अस्थिर स्वभावको, शंका, पश्चाताप, नक्कल गर्ने वानी भएको तथा आफूलाई मन पर्ने कुरा भएमा विचारै नगरी विश्वास गर्ने स्वभावको हुन्छ।

श्रद्धा चरित्रको व्यक्ति लोभीपन नभएकाले उपकारी स्वभावको, दान त्याग गर्ने काममा इच्छा भएको हुन्छ। सत्पुरुपहरूको दर्शन पाएमा, सद्धर्मको कुरा सुन्न पाएमा प्रसन्न हुने, नचाहिने कुरा नगर्ने, छलकपट नगर्ने हुन्छ।

बुद्धि चरित्रको व्यक्ति आज्ञाकारी, कल्याणमित्रहरूको संगत गर्ने, भोजनमा मात्राको ज्ञान हुने, स्मृतिसम्प्रजन्य (जागृत चेतना–प्रज्ञा) भएको, उन्नति प्रगति हुने काम गर्ने, चाहिने ठाउँमा चाहिने काम गर्नसक्ने हुन्छ।

वितर्क चरित्रको व्यक्ति धेरै कुरा गर्नु पर्ने, समूहमा वस्न रुचाउने, आफूलाई राम्रो हुने काममा मन लगाउन नसक्ने, चंचल अस्थिर स्वभावको हुन्छ।

यो चरित्र वर्गिकरण आचार्य मतअनुसार हो। यसो भन्दैमा एउटा व्यक्तिले कुनै बेला गर्नेकार्य एउटा चरित्रको हुन्छ भने अरुबेला त्यसको विपरीत नहुने भन्ने होइन्।[२६]

व्यक्तिको यी विविध चारित्रिक भेदले नै आजको सामाजिक परिस्थिति विविध स्वरूप भएको निश्चय नै छन्। आज देश समाजको सही र स्वच्छ वातावरण बनाउनमा आ-आफ्नो चरित्र बुझेर, व्यक्तिले धर्म पालन गर्नु आवश्यकता हो।

## २.२ विनाश हुने कारणः

भगवान् बुद्धले 'पराभव सुत्तमा' विनाश हुनाका कारणहरू वताउनुभएको छ। यिनीहरू यस्ता छन्–असत्पुरुपहरूलाई मन पराउनु, सत्पुरुपहरूलाई मन नपराउनु, असत्पुरुपहरूको धर्मलाई मन पराउनु नै विनाश हुनुको कारण हुन्। यसैगरी धेरै सुत्नु, धैरै समूहमा गफ गरेर बस्नु, उद्योगी नहुनु, अल्छी हुनु, क्रोधी हुनाका कारणले पनि विनाश हुन्छ। आफूसंग धन भएर पनि उमेर ढल्किसकेका आमा बाबुलाई नपाल्नुले पनि विनाश हुन्छ। जातिको कारणले अभिमान गर्नु,



Downloaded from http://www.dhamma.digital

धनको कारणले अभिमान गर्ने, गोत्रको कारणले अभिमान गर्नु, आफन्तहरूलाई हेला गर्नु पनि विनाशका कारण हुन् । व्यभिचारमा भुल्न, रक्सीमा भुल्नु, जुवा खेल्नु आदिले भएको धन विनाश गर्दछ, र यो पनि विनाशका कारण हुन् ।[२७]

पाली साहित्यको पराभव सूत्रअनुसार बुद्धले भन्नुभएको छ -"सुविजानो भवं होति सुविजानो पराभवो" अर्थात् –पढेलेखेको मान्छेको उत्थान पनि हुन्छ, पतन पनि हुन्छ । कुनै कुनै पुस्तकमा यसरी अर्थ लेखिएको पाईन्छ– उन्नति र पतन हुने उसको आचरणअनुसार हो ।[२८] बुद्ध धर्मअनुसार पढेलेखेर विद्वान् भएकोलाई मात्र शिक्षित भनिंदैन । सांच्चै नै विद्वान् र सभ्य त्यसलाई भनिन्छ, जो पढेलेखेअनुसार सदाचारी हुन्छ, आमाबुबा, जेठा तथा गुरुजनहरूको सम्मान गर्न जानेको छ, घमण्डी हुँदैन, अनपढ र गरीवहरूलाई हेला गर्दैन ।

देश समाजमा विभिन्न थरीका व्यक्तिहरू हुनु स्वाभाविक हुन् र यही व्यक्तिहरूको पहिचान नै देश समाजको वस्तुस्थिति र चित्रणको माध्यम हुन् भने, आज देश समाजको यावत क्षेत्रमा देखापरेका समस्या हामी आफैले ल्याएकोमा शंका छैनन् । हामीले सुन्न आवश्यक कुरा सुन्न नचाहनु र अनावश्यक कुरा-भापणमा आफ्नो समय र क्षमता खेर फालिराखेको छौं भने हाम्रो आदर्श र अनुकरणहरू नै गलत भइरहेको प्रष्ट हुन्छ । यस्तोमा देश समाज तथा हामी विनाशतर्फ अग्रसर भइरहेका छौं भन्न सकिन्छ ।

## २.३ अष्टलोक धर्म :

लोक धर्महरू आठवटा (सुख, दुःख, लाभ, अलाभ, मान, अपमान, यश, अपयश) छन् । प्रत्येक व्यक्तिले जीवनमा यो अष्टलोक धर्मको सामना गर्नुपरेमा आफ्नो चित्तलाई विचलित हुननदिनु, निःशोकी हुनु, राग द्वेप र मोहरूपी धुलोमा नमुछिनु, निर्भयी हुन सक्नु पर्दछ ।[२९]

आजको हाम्रो देश समाजको हरेक क्षेत्रमा देखेको अव्यवस्थित अवस्थालाई मध्यनजर गर्दा आज देश समाजमा यी अष्टलोक धर्मको महत्व तथा उपादेयता झन बढेको छन् । यस लोकमा भएका मानव जगतको दैनिकी जीवनमा सुख, दुःख, लाभ, अलाभ, मान, अपमान, यश, अपयश भइरहनु स्वाभाविक प्रकृया नै हुन् । यी लोक धर्ममा व्यक्तिहरूले आशक्ति हुनको साटो संयमित हुनको लागि प्रयोग गर्न सक्यौं भने व्यक्तिको चरित्र र कार्यकुशलतमा अभिवृद्धि ल्याउंछ ।

आज हाम्रो देश समाजको हरेक क्षेत्रमा देखापरेका विकृति विसंगतिलाई मध्यनजर गर्ने हो भने, यहाँ भएका व्यक्तिहरूको नैतिक चरित्रमा ह्रास आई धर्मप्रति रुचि नभएको र धर्मको महत्व नबुझेको भन्न सकिन्छ ।

कुनैपनि व्यक्तिको जीवनमा सुख दुःख लाभ, मान अपमान, यश, अपयश हुनु



Downloaded from http://www.dhamma.digital

नै आ- आफ्नो पूर्व जन्मको कर्मको विपाकबमोजिम हुन्छ र त्यहीअनुरूप धर्मश्रवण गर्न पाउनु तथा धारण गर्न पाउनु पनि आ-आफ्नो कर्म विपाक बमोजिमले नै हुन्छ ।

वास्तवमा भगवान् बुद्धले जुन अष्टलोक धर्मको व्याख्या गर्नुभयो त्यो धनी वर्ग तथा गरीब वर्ग सबैलाई सरोकार हुने विपय हुन् । गरीवहरूलाई अन्य दुःखको अलावा आर्थिक दुःख पनि हुन्छ । तर धनी व्यक्तिहरू आर्थिक सम्पन्नता हुँदैमा माथि उल्लेखित अष्टलोक धर्ममा पारंगत हुने होइनन् ।

आजको यो विसंगति र विकृतियुक्त समाजमा व्यक्तिहरूको नैतिक चारित्रिक उत्थानको लागि अष्टलोक धर्मको महत्व धेरै छ । आज देश समाजको हरेक क्षेत्रमा व्यक्तिपरक स्वार्थ, आफैलाई मात्र सर्वेसर्वा ठान्ने, आफ्नै मात्र समस्यालाई ठूलो ठान्ने तर अरुको समस्यालाई समस्या नै नठान्ने, तथा देश समाजप्रति उत्तरदायीविहिन नागरिक समाजको जुन बाहुल्यता छ, अष्टलोक धर्मको सही ज्ञानबाट व्यक्ति विशेपमा चारित्रिक तथा बौद्धिक क्षमतामा बृद्धि गराउने भई, समग्र रूपमा यसले देश समाजलाई स्वच्छ र सन्तुलित विकासतर्फ अग्रसर गराउनमा मद्दत पुऱ्याँउछ भन्न सकिन्छ ।

## २.४ मंगल धर्म :

भगवान् बुद्धले विभिन्न बेलामा विभिन्न आख्यान धर्म उपदेश दिनुभयो । यसै कममा ३८ मंगल धर्म पनि हुन् र यो हामी गृहस्थहरूको लागि निकै लाभप्रद छन् भन्ने कुरामा शंका छैनन् । यसरी ३८ प्रकारको सर्वतः कल्याण तथा उत्तम मंगल (मंगल सूत्रको सार) हुने कार्यहरू (उपदेश) यसरी छन् ।

(१) मूर्खहरूको संगत नगर्नु, पण्डितहरूको संगत गर्नु, पूजनीयहरूको पूजा गर्नु यो उत्तम मंगल हो ।
(२) अनुकूल ठाउँमा निवास गर्नु, पूर्व जन्ममा पुण्य संचित भएको हुनु, आफूलाई सम्यक् बाटोमा लगाउनु ।
(३) बहुश्रुत हुनु, शिल्प बिद्या सिक्नु, सुभापित वचन गर्नु ।
(४) आमा बाबुको सेवा गर्नु, पत्नी छोरा-छोरीहरूको प्रतिपालन गर्नु, व्याकुल हुने कार्य नगर्नु ।
(५) दान दिनु, धर्माचरण गर्नु, ज्ञातिवन्धुहरूको संग्रह गर्नु, दोष नभएको काम गर्नु ।
(६) काय वाक चित्तलाई पापबाट टाढा राख्नु, मद्यपानमा संयम गर्नु, धर्म कार्यमा अप्रमाद हुनु ।
(७) गौरव राख्न जान्नु, विनम्र हुनु, सन्तुष्ट हुनु, कृतज्ञ हुनु, बेला बखतमा



Downloaded from http://www.dhamma.digital

धार्मिक उपदेश सुन्नु ।

(८) सहनशीलता राख्नु, आज्ञाकारी हुनु, श्रमणहरूको दर्शन गर्नु, बेला वखतमा धार्मिक छलफल गर्नु ।

(९) तपस्या गर्नु अथवा कुशल कार्यको निम्ति कष्ट उठाउनु, ब्रह्मचर्या पालन गर्नु, दुःख, दुःखको कारण तृष्णा, दुःखबाट मुक्ति र दुःखबाट मुक्तहुने मार्ग– यी चार आर्यसत्यलाई देख्नु, बुझ्नु, निर्वाणलाई साक्षात्कार गर्नु । (१०) लाभ अलाभ, यश अयश, निन्दा प्रशंसा, सुख दुःख यी अष्टलोक धर्म आईपरेमा आफ्नो चित्तलाई विचलित नगर्नु, निःशोकी हुनु, राग द्वेष र मोहरूपी धूलोमा नमुछिनु, निर्भयी हुनु, यो उत्तम मंगल हो ।[३०] माथि अष्टलोक धर्ममा गएको यही नै हुन् ।

## २.५ मन नै प्रमुख :

भिन्न भिन्न व्यक्ति र भिन्न भिन्न सोचाइ हुनमा व्यक्तिको मन नै कारकतत्व हुन् । व्यक्ति कुशलकार्य वा अकुशलकार्यप्रति उत्प्रेरित हुनुमा मनको भूमिका हुन्छ र मन नै सबभन्दा पहिला जाने कुरा भगवान् बुद्धले यसरी बताउनुभएको छ–

**मनोपुब्बङ्गमा धम्मा –मनोसट्ठा मनोमया ।**
**मनसा चेपदुट्ठेन भासति करोति वा**
**ततो नं दुक्खमन्वेति चक्क'व वहतो पदं ॥**

अर्थः- जुन सुकै अवस्थामा पनि मन पहिला जाने भएकोले मन नै मुख्य हो, मन नै सबै ठाउँमा व्याप्त भएर बसेको छ । नराम्रो नियत (मन)ले कुरा वा काम गर्ने व्यक्तिको पछाडि, गाडा तान्ने साँढेको पछाडि गह्रुँगो पाँग्रा घुमेर आएजस्तै दुःख पछाडी आउछ ।[३१]

यसबाट स्पष्ट हुन आउँछ मानिसको जीवनमा मनको ठूलो भूमिका हुन्छ । मन बिग्रेको खण्डमा सबै कुरा बिग्रिन्छ । मन कमजोर भए मानिसको आयु घट्छ र स्वास्थ्य खराब हुन्छ । श्रीलंकाको एउटा उदाहरण - एक जना माझीले दिनदिनै खोला किनारामा, जहाँजहाँ प्वाल छ त्यहा हात हाली माछा मार्थ्यो । एक दिन बजारबाट फर्किएर माछाको खाना तयार भयो भनी स्वास्नीलाई सोध्दा, त्यो कहाँ माछा हो त्यो त सर्प हो भनेकोमा; माछा समाउँदा आफूलाई तोकेको जस्तो लागेको सम्झिँदै त्यही बेहोश भयो र मर्‍यो । यसरी सर्पले टोकेको थाहा नहुँदासम्म उ बाँचिरह्यो तर जब सर्पले टोकेको थाहा भयो अनि मृत्यु भयो ।[३२]

यस्तै अर्को एउटा उदाहरण देखाउनु सान्दर्भिक होला । चीनमा एउटा भिक्षु रुखको हाँगामा बसी ध्यान गरिरहेको देखेर एक जना दार्शनिकले, भिक्षु रुखबाट



Downloaded from http://www.dhamma.digital

खस्छ भनी खतरा खतरा भनी कराउँदा उल्टै त्यो भिक्षुले पनि झन् ठूलो स्वरमा डरलाग्दो डरलाग्दो भनी कराए। यसमा त्यो दाशर्निकले आश्चर्य मान्दै किन खतरा भनी प्रश्न गरे। तव त्यो भिक्षुले जवाफ दिंदै भने "रुखमाथि बस्ने व्यक्तिलाई रिंगटा लागेको छैन, तिमी रुखमुनि बस्ने व्यक्तिलाई किन रिंगटा लागेको ? म त जहिले पनि सतर्क र सजग नै छु नि। मलाई कुनै प्रकारको खतरा छैन, तर तिमी जमिनमा रहेपनि सुरक्षित छैनौं। किनभने तिम्रो मन एकदम कमजोर छ। तिमीहरूजस्ता मानिसहरूको समूहमा बस्दा खतरा मात्र हुनेछ, सुरक्षा हुँदैन।"

यस्तो सुनी दार्शनिकले तिम्रो गुरु को हो र उसको शिक्षा के हो भनी सोध्दा, भिक्षुले बुद्ध र बुद्धको शिक्षा बताउनुभयो। बुद्धको शिक्षा हुन्-खराव कार्यहरू सबै नगर्ने, राम्रा कार्यहरू अर्थात् पुण्य कार्यहरू गर्ने अनि चित्त शुद्ध गर्दै जाने हो। यसमा दार्शनिकले रिसाउँदै यस्तो कुरा त सबैलाई थाहा छ भने। अनि भिक्षुले 'सबैलाई थाहा छ तर त्यसलाई पालन गर्ने कति जना छ' भनी प्रश्न गरे पछि, त्यो दार्शनिकले बुद्धको शिक्षा गंभीर र महत्वपूर्ण भएको ठान्नुभयो।[३३]

## २.६ समथ विपश्यना :

ध्यान भावना दुई प्रकारका छन्। (१) समथ (२) विपश्यना भावना।

पञ्च नीवरणलाई निर्मुल पार्ने उद्देश्यले गर्ने ध्यानलाई समथ भावना भनिन्छ। यो पाँच नीवरण व्यक्तिको पाँच शत्रुको रूपमा हुन् – (१) कामईच्छा (२) द्वेश (३) निरुत्साह तथा अकर्मन्यता (४) चंचल, अस्थिरता तथा पीर र चिन्ता (पश्चाताप) र (५) सन्देह। समथ भावनाको लागि ध्यान केन्द्रित गर्ने ४० विपयहरू छन् जसलाई कर्मस्थानहरू भनिन्छन्। यिनीहरू हुन् –१० कसिण, १० अशुभ, १० अनुस्मृति, ४ अप्रामण्य, १ आहार प्रतिकुल संज्ञा, १ धातु व्यवस्था, र ४ आरुप्य ( अरुप)।[३४]

भगवान् बुद्धले मनलाई वशमा राख्ने तरिका वताउनु भयो। आफ्नो मनलाई पृथ्वी समान गर्नु, किन भने पृथ्वीमा जति खाल्डो खने पनि खन्न सक्दैनन्; आकाश जस्तै हुने, आकाशमा कसैले सबै चित्र लेख्छु भने पनि सकिंदैन; गंगा नदी जस्तै हुनु, गंगालाई कसैले पनि आगो बालेर खतम गर्न सकिंदैन ...।[३५] यस्तै भगवान् गौतम बुद्धले विद्यातर्फ लाने दुई धर्मको विपयमा वताउनुभयो जुन समथ (चित्तलाइ शान्त गर्ने) र विपश्यना (राम्ररी हेर्ने प्रज्ञा उत्पन गराउने) नै हुन्। समथ अभ्यास गर्ने भनेको मनलाई प्रयोग गर्ने (समाधि) हो जस्ले रागमा भुल्ने (काम वासनामा भुल्ने) लाई त्याग गर्न सकिन्छ। विपश्यनाको अभ्यास गर्नाले



Downloaded from http://www.dhamma.digital

प्रज्ञा वनाउने अभ्यास हुन्छ। प्रज्ञा बढाउने अभ्यास गर्नाले अविद्या (सत्यलाई थाहा नहुने) हट्छ।[३६]

यसैगरी वर्तमान्मा भइरहेका प्रक्रियाहरूको अवलोकन गरी अनित्य, दुःख, अनात्माको ज्ञान दर्शन गर्नु नै विपस्सना-विपश्यना हो। यस भावनामा योगी(ध्यानी)ले आफूमा जे जति भइरहेछ त्यो होश राख्छ। विपश्यना भावना ४ प्रकारका छन्। यिनीहरू कायानुपश्यना, वेदनानुपश्यना, चित्तानुपश्यना र धर्मानुपश्यना नै हुन्।[३७]

यसरी समथ र विपश्यना भिन्दाभिन्दै चरित्रअनुसार आफ्नो कर्म सुधारको लागि गरिन्छ र, त्रिलक्षण–अनित्य-दुःख-अनात्मको स्मरण गरिन्छ।

"यो हाम्रो दुर्भाग्य हो कि यो विद्या र यससम्वन्धी साहित्य हामीले सुरक्षित राख्न सकेनौं र यसको लाभबाट बंचित भयौं। यी दुइको अभावमा यसको सत्यबाट कोही अनजान व्यक्तिले दुःख आर्यसत्यलाई परम सत्य नमानेर यसमाथि टिका टिप्पणी गर्ने वा व्यंग गर्दछ त बुद्धले के गर्न सक्छ ? बुद्धको कल्याणकारी विपश्यना विद्याले के गरोस् ?"[३८]

यो विद्यामा अभ्यास गराउने कुराहरू हुन्-नितान्त शुद्ध धर्मको अभ्यास, पञ्चशीलको पालन गराउँछ। चित्त को एकाग्रको लागि समाधिको अभ्यास हुन्छ, र आफू सक्दो प्रज्ञा जगाएर चित्त विशुद्धिको प्रयत्न गरिन्छ। शरीर र वचनको दुष्कर्मबाट बची, शील सदाचारको पालन गर्नुलाई संसारको सबै धर्मले स्वीकार गर्दछ। तर खाली उपदेशले मात्र मन वशमा हुँदैन। यसको लागि आफैले अभ्यास गर्नु पर्दछ।[३९]

बुद्धको जीवनकालमा, हात्तीलाई नियन्त्रणमा लिएको घटना लिएर तथा अन्य घटनाहरूबाट प्रभावित वा विचलित भइ यो विद्याबाट जीवनमा परीवर्तन ल्याएका कयौं उदाहरण पाउँदछौं। राजा प्रसेनजित, किसा गौतमी, पटाचारी, भारद्वाज ब्राह्मण, आदि यसका केही उदाहरणहरू हुन्। (विस्तृत विवरणको लागि हेर्नु होस श्री सत्य नारायण गोयन्काज्यूद्वारा लिखित जागे मंगल प्रेरणा (हिन्दी) पुस्तक)।

एउटा उदाहरणको लागि भगवान् बुद्ध र राजा प्रसेनजित बीचको कुरा निम्न प्रकारका छन्।

"यस्तै हो महाराज प्रसेनजित ! ... जस्ले शरीर वचन र मनबाट दुश्चर्या गर्दछ, उसलाई सही अर्थमा आफूसंग प्यार छैन। जो शरीर वचन र मनबाट सदाचार गर्दछ उसैलाई सही अर्थमा आफूसंग प्यार हुन्छ। यसमा भगवान् बुद्धले उद्‌गार गर्नुभएको श्लोक यस्तो छ।

**अत्तानं चे पियं जञ्ञा, न तं पापेन संयुजे।**
**न हितं सुलभं होति, सुखं दुक्कटकारिना॥**



Downloaded from http://www.dhamma.digital

अर्थ :- जस्लाई आफूसंग प्यार छ त्यसले आफूलाई पाप कर्म गर्नमा नलगाउनु ।[४०]

यो विद्या समयको प्रवाहसंगै लोप भएकोमा २५०० बुद्धवर्षपछि दोस्रो बुद्धशासनको प्रारम्भ प्रज्ञामयी विपश्यनाको प्रसारणबाट हुन्छ भन्ने विश्वास बर्मामा थियो ।[४१]

आज त्यही अनुसार हाम्रो देशमा पनि यसको प्रसारप्रचार भएकोले, व्यक्तिहरूले शील सदाचारको जीवन जिऊन्, आफूलाई धर्ममा उतार्न र अभ्यास गर्ने मौका मिलेको छ, साथै देश समाजको कल्याणको लागि यसको महत्व बढेको छ ।

## २.७ दुर्लभ मनुष्य जन्म :

मानिसहरूले अन्जानमा कुशल वा अकुशल कर्म गरिरहन्छ र त्यसको फल पनि भोगिरहेको हुन्छ । मानिसहरूले जन्म कर्मको फल हो र कर्म रहुन्जेलसम्म जन्म मरणको चक्रमा गइरहने छ भन्ने कुराको अनुभव नभएमा जन्मनुमा खुशी हुन्छ । जन्मको दुष्परिणामहरूलाई नदेख्नु मोह वा अविद्या हो ।

वालपण्डित सूत्र (मज्झिमनिकाय, शून्यता वर्ग) मा भगवान् बुद्धले जेतवनमा अनाथपिण्डिकको आराममा रहनुहुँदा नरकका दुःखहरू र पशु योनीका दारुण वेदनाहरू बारेमा निम्न प्रकारले उपदेश दिनुभएको कुराको चर्चा गरिएको छ । "भिक्षुहरू ! अनेक प्रकारले मैले तिर्यक योनीका कथा भनिरहे पनि तिर्यक् योनीको दुःखको पूर्ण वर्णन गर्नु सम्भव हुन्न । जस्तो भनौं कि भिक्षुहरू ! कोही एउटा मान्छेले एउटा मात्र प्वाल भएको जुआलाई समुद्रमा फ्याँकेको छ । त्यो जुआलाई पूर्वी हावाले पश्चिमतिर, दक्षिण हावाले उत्तरतिर, उत्तरी हावाले दक्षिणतिर, पश्चिमी हावाले पूर्वतिर बगाउँछ । मानौं कि त्यस समुद्रमा एउटा अन्धो कछुवा रहेछ जो सय वर्षमा एक पटक समुद्र सतहमा उत्रंदो रहेछ । तव के मान्दछौ, भिक्षुहरू ! के त्यो कछुवाले त्यो एक प्वाल भएको जुआमा आफ्नो घाँटी छिराउन सक्ला त ? "अहँ भन्ते ! सकी हाले पनि शायद कहिले दीर्घकाल पछि नै मात्र सक्ने छ ।"

भिक्षुहरू ! त्यो काल पनि चाँडो नै आउला जव कि त्यस अन्धो कछुवाले त्यस जुआमा आफ्नो घाँटी छिराउने छ। किन्तु भिक्षुहरू ! एकपटक पतन भइसकेको बालजनको लागि फेरि मनुष्यत्वको प्राप्तिलाई म त्योभन्दा दुर्लभतर भन्दछु। त्यसो कुन हेतुले ?– भिक्षुहरू ! तिर्यक् योनीमा धर्म चर्या (धर्माचरण) समचर्या कुशल क्रिया (पुण्य कर्म), पुण्य क्रिया सम्भव हुन्न । त्यस योनीमा भिक्षुहरू ! एउटाले दोस्रोलाई भक्ष गर्ने, दुर्बललाई बलियोले भक्ष गर्ने खालको हुन्छ । त्यो बालजन.... कदाचित कहिल्यै, दीर्घकालपछि



Downloaded from http://www.dhamma.digital

मनुष्य जुनीमा प्राप्त भयो भने पनि त्यो जुन नीच कुल हुन्छन् -चण्डाल कुल, व्याधा कुल, वेणुकारककुल, रथकाल कुल वा च्यामेकुल– त्यस्ता दरिद्र, अल्प अन्न-पान-भोजन कुल, तुच्छवृत्ति कुलहरूमा जन्मिन्छ, जहाँ मुश्किलले उसलाई खाना-कपडा मिल्दछ । त्यहाँ पनि त्यो दुर्वर्ण (कुरूप), दुर्दर्शन, पुड्को, बहुरोगी, कानो, लुलो, लङ्गडो, पक्षघातवाला भएर जन्मिन्छ । अन्न पान वस्त्र-यान माला-गन्धबिलेपनहरू, शय्या- निवाशस्थान प्रदीपहरूका लाभी हुन्न । त्यसले काया, वचन, र मनले दुश्चरित्र (दुष्कर्म) गर्दछ । काया-वचन-मनले दुश्चरित्र गरेर शरीर त्याग गरी मरेपछि त्यो अपाय, दुर्गति, विनिपात, नरकमा उत्पन्न हुन्छ ।[४२]

यसरी भगवान् बुद्धले मनुष्य जन्म हुनु दुर्लभ भएको बताउनुभयो र यस अर्थमा मनुष्य जन्म हुनु भाग्य हो तर यसलाई हामीले सही सदुपयोग गर्न सकेनौं भने त्यो व्यक्ति देश समाजको लागी पनि दुर्भाग्य हुनु स्वाभाविक हो । भगवान् बुद्धले माथि जुन विभिन्न दरिद्र कुलहरूको व्याख्या गर्नुभयो त्यो कसैलाई गाली घृणा गर्न वा हेला गर्नको लागि होइन्, बरु आफूले गरेको कर्मको फल आफूले भोग्नुपर्ने निश्चितताको लागि भन्नुभएको हो ।

प्रसंगवश धम्मपदको श्लोक (बुद्धबर्ग) संस्मरणीय छ ।

**किच्छो मनुस्सपटिलाभो, किच्छं मच्चान'जीवितं ।**
**किच्छं सद्धम्मसवणं, किच्छो बुद्धानं उप्पादो ॥**

अर्थ :-मनुष्य भएर जन्म हुनु दुर्लभ, मृत्युहुनु पर्ने मनुष्यहरूको जिइरहनु पनि दुर्लभ, सद्धर्म श्रवण पनि दुर्लभ; बुद्धहरूको जन्म पनि दुर्लभ हुन् ।[४३]

## २.८ आमा बाबुको सेवाः

भगवान् बुद्धले सिंगालपुत्रलाई ६ दिशाको पूजा गर्ने तरीका बताउनुभयो । यो ६ दिशामा आमा बाबु पूर्व दिशा, गुरुहरू दक्षिण दिशा, पुत्र परिवार पश्चिम दिशा, मित्रहरू उत्तर दिशा, नोकर चाकर तलको दिशा र श्रमण ब्रह्मणहरू माथिको दिशा हुन भनी बताउनुभयो । अब यी विभिन्न दिशाहरू मध्ये यहाँ, पूर्व दिशा अर्थात् आमा बाबुको सेवा गर्नुपर्ने उल्लेख गर्न चाहन्छु ।

आमा बाबुलाई ५ प्रकारले सेवा गर्नु पर्दछ ।[४४]

(१) आमा बाबुले मलाई पालन पोषण गरेको हुँदा मैले पनि पाल्नु पर्दछ ।
(२) आमा बाबुले मप्रति कर्तव्य पुरा गरेको छ, त्यसैले मैले पनि कर्तव्य पुरा गर्नु पर्दछ ।
(३) आमा बाबुले आफ्नो कुल वंश कायम गरेको छ मैले पनि यो कायम गर्नु पर्दछ ।
(४)आमा बाबुले दिएको जुन सम्पत्ति अंश छ मैले यसलाई बढाउनु पर्दछ तथा अंश लिन योग्य हुनु पर्दछ ।



Downloaded from http://www.dhamma.digital

(५) मृत पूर्वजहरूको पुण्यको लागि श्रद्धापूर्वक दान दिनु पर्दछ ।

यसरी सन्तानहरूले आमावावुप्रति गरेको फलस्वरुप आमावावुले पनि सन्तानहरूप्रति ५ प्रकारले अनुग्रही भई कार्य गर्दछ । यसमा सन्तानलाई पाप कर्म गर्नबाट बचाई पुण्य कर्म गर्न लगाउँदछ, शिल्प विद्या सिकाउँदछ, योग्य जीवन साथी खोजी सम्वन्ध गराउँदछ र समय हुँदै आफ्नो सम्पत्ति हस्तान्तरण गर्दछ ।

यसरी यहाँ सन्तानहरूको आमावाबुप्रतिको कर्तव्य तथा आमा बाबुले आफ्नो सन्तानप्रति कार्यको रुप देखाइएको छन् । यहाँ स्मरण योग्य छ–जस्ले आफूसंग धन भई पनि बृद्ध आमाबाबुलाई पालन गर्दैनन्, त्यो व्यक्तिको नाश हुने 'विनाशका कारण' मा पनि बताइएको छ ।

प्रसगंवश एउटा बुद्धकालीन घटना उल्लेख गर्न चाहन्छु । एउटा दम्पत्तिले उमेर पुगेको छोरालाई बिहे गरिदिन्छ । केही समयपश्चात् सासू र वुहारीको वीचमा झगडा हुन थाल्छ । यस्तोमा दुलहीले आफ्नो लोग्नेसंग अव यो घरमा बस्न नसकिने, कि आफू यो घरबाट वाहिर जाने कि सासूलाई घरबाट निकाल्नु पर्ने कुरा गर्यो । यसमा लोग्नेले 'मेरा आमाबाबु बुढाबुढी भइसके, उनीहरूले काम गरेर खान सक्दैनन्, उनीहरूलाई बाहिर निकाल्नु पाप हो । तिमी जवान छौ, काम गरेर खान सक्छौ वा तिमीसंग अरु कसैले बिहे पनि गर्न सक्दछ, त्यसैले तिमी नै बाहिर जाऊ' भन्यो । त्यस पछि घरमा शान्त वातावरण भयो र झगडा पनि भएन । यो घटना त्यो व्यक्तिले (उपासक) भगवान् बुद्धलाई बताउनु हुँदा तिमी साँच्चिकै उपासक भयो र निकै राम्रो काम गर्यो भन्नुभयो ।[४५]

सन्तानहरू तीन प्रकारका हुन्छन् भनी सम्झनलायक छ ।

(१) अवजात पुत्र : आमा बाबुले भन्दा निष्कृष्ट काम गर्ने ।

(२) अनुजात पुत्र : आमा बाबुले जस्तै काम गर्ने ।

(३) अतिजात पुत्र : आमा बाबुले भन्दा राम्रो काम गर्ने ।[४६]

अब यसमा हामीले देश समाजको हक हितको लागि कम्तिमा पनि आमा बाबुले जस्तै काम त गर्नै पर्दछ अझ सकिन्छ भने अतिजात पुत्रको भूमिका खेल्न सक्नुपर्दछ । आज हाम्रो देश समाजमा आमाबाबुलाई नपाल्ने र अझ कोही कोही छोरा छोरीले वृद्ध आमावाबुलाई वृद्धाश्रममा छोडेर आएको घटनाहरू पत्रपत्रिका, टि.भि.मा आएको देखिनाले समाजमा धर्मको ह्रास भएको भन्न सक्दछौं ।

## २.९ जस्ले झूठ बोल्दछ उस्ले नगर्ने पाप केही हुँदैन :

**एकं धम्मं अतीतस्स–मुसावादिस्स जन्तुनो ।**
**वितिण्णपरलोकस्स–नत्थि पापं अकारियं ॥**



Downloaded from http://www.dhamma.digital

अर्थ :- एउटा धर्म (सत्य) लाई छोड्नेले, **झूठ कुरा गर्नेले**, परलोकको विश्वास नगर्नेले, यो लोकमा नगर्ने पाप केही छैन ।[४७]

यसरी वचनद्वारा हुने एउटा अकुशल कर्म – 'मुसावाद' (झूठ) बाट बच्नु पनि मानवहरूको ठूलो धर्म हो । तथाकथित सफेद झूठ वा ठट्टाको निमित्तमात्र गरिएको झूठो कुरामा कुनै नोक्सान वा आपत्ति छैन भन्ने कुरा हामी सोच्न सक्छौं । तर सबै किसिमका मिथ्या वचनहरू अकुशल चित्तद्वारा नै प्रेरित हुन्छन् ।

अम्वलट्ठिक, राहुलोवाद सुत्र, मज्झिमनिकाय, भिक्षु वर्गमा भगवान बुद्धले राहुललाई झूठ बोल्ने बारेमा उपदेश दिनु भएको छ । भगवान बुद्धले भन्नुभयो "त्यसरी नै राहुल ! जसलाई जानी जानीकन झुठो बोल्नमा लाज हुँदैन त्यस्ताको कुनै पाप अकरणीय हुन्न, यसरी म मान्दछु । त्यसैले राहुल ! म ठट्टामा पनि झूठो बोल्दिन । यसरी तिमीले आफैंलाई शिक्षित गर्नु पर्दछ" ।[४८]

## २.१० उत्तम मानिस बन्ने गुण :

भगवान् बुद्धले साधारण गृहस्थहरूको जीवन सफल र उन्नति हुने खालको अर्थात् उच्च मानिस बन्नुपर्ने शिक्षा दिनुहुन्थ्यो ।

गौतम वुद्धले उत्तम र शुद्ध मानिस बन्नको लागि सात गुण (धर्म) हुनु पर्ने कुरा वताउनुभएको छ ।

(१) उत्साही बन्नु अर्थात् अल्छी नबन्नु (उट्ठानवतो) ।

(२) होशियार बन्नु (सतिमतो) ।

(३) निर्दोषपूर्वक काम गर्नु (सुचिकम्म) ।

(४) दूरदर्शी बन्नु (निसम्मकारी) ।

(५) संयमित, अनुशासित बन्नु ( सञ्ञतो) ।

(६) धार्मिक जीवन (धम्मजिवनो) ।

(७) अप्रमादी बन्नु, अर्थात् बेहोशी नबन्नु (अप्पमत्तो) ।[४९]

यसरी कुनै पनि व्यक्तिले आफू उत्तम मानिस हुनको लागि यी सात गुणहरू विकास गर्नु आवश्यक छ । उत्साहीको, होशियारको, निर्दोष काम गर्नेको, राम्रोसँग दिलैदेखि विचार गरेर काम गर्नेको, संयमीको, धार्मिक जीवन बिताउनेको र अप्रमादीको सधैं यशकीर्ति उन्नति हुन्छ ।[५०]

यसरी व्यक्तिहरूको चरित्र–कुचरित्र वा सुचरित्रको विभिन्न स्वरूपहरू देखाएका छौं । अव यी चरित्र निर्माणमा धर्मको कस्तो भूमिका हुन्छ त्यसको अध्ययन अर्को अध्यायमा गरिएको छ ।



Downloaded from http://www.dhamma.digital

# तेस्रो अध्याय

## चरित्र निर्माणमा बुद्ध धर्मको भूमिका

**३.१ मैत्री भावना :**

जस्ले ध्यान भावना गर्दछ त्यसको चित्त कुशलताको अभिबृद्धि हुदै आउनु स्वाभाविक नै हुन् र यस्तो व्यक्तिले आफ्नोमात्र मंगल कामना नगरी सबै सत्वहरूको मंगल मैत्री भावना गर्दछ । यी मैत्री भावना यसरी छन् ।

**यहाँ भएका हामी सबै नै नित्य सुखी होऊन् तन मनले ।**
**श्रमण गृहस्थ हामी सबै नै नित्य सुखी होऊन् तन मनले ।**
**अनन्त गुणवान् गुरु आचार्य, नित्य सुखी होऊन् तन मनले ।**
**अनन्त गुणवान् आमाबाबु, नित्य सुखी होऊन् तन मनले ।**
**यस विहारका सत्वहरू सब, नित्य सुखी होऊन् तन मनले ।**
**यस शहरका सत्वहरू सब, नित्य सुखी होऊन् तन मनले ।**
**यस क्षेत्रका सत्वहरू सब, नित्य सुखी होऊन् तन मनले ।**
**सबै श्रमण अनि संघहरू सब, नित्य सुखी होऊन् तन मनले ।**
**चतुप्रत्ययका दाताहरू सब, नित्य सुखी होऊन् तन मनले ।**
**राज उपराज सबै क्षेत्रका, नित्य सुखी होऊन् तन मनले ।**
**चोर लुच्चा, ठग, डांका, छुच्चा, नित्य सुखी होऊन् तन मनले ।**
**यो चकवालका सत्वहरू सब, नित्य सुखी होऊन् तन मनले ।**
**अनन्त चकवालका सत्वहरू सब, नित्य सुखी होऊन् तन मनले ।**
**चार अपायका सत्वहरू सब, नित्य सुखी होऊन् तन मनले ।**
**मनुष्य देव र ब्रह्मागण सब, नित्य सुखी होऊन् तन मनले ।**
**एकतीस भूवनका सत्वहरू सब, नित्य सुखी होऊन् तन मनले ।**[५१]

यो मैत्री भावना अकुशल चरित्र भएका व्यक्तिहरूले गर्न सक्दैनन् र कुशल चरित्रको व्यक्तिले मात्र गर्न सक्छ । त्यसैले पनि यो मैत्री भावनाको फल आफूलाई प्राप्त गर्न तथा अरुलाई पनि बाँड्न व्यक्ति स्वयंको चरित्र सुधार हुनु आवश्यक छ ।

**३.२ धर्मको तीन चरण :**

धर्मको तीन चरण परियत्ति (सैद्धान्तिक), पटिपत्ति (व्यावहारिक), पटिवेध (प्रज्ञामयी) हुन् । आज परियत्तिमा (सैद्धान्तिक ज्ञान) मात्र जोड दिएर कुनै व्यक्तिले पटिपत्ति र



Downloaded from http://www.dhamma.digital

पटिवेधमा ध्यान दिएन भने त्यसको औचित्य सावित हुन सक्दैनन् । जसले परियत्ति ज्ञान हासिल गर्दछ, त्यसले पटिपत्ति (व्यावहारिक, प्रतिपति, प्रतिपादन, धर्मधारण गर्दछ अर्थात् शील समाधिको बाटोमा हिँड्छ) मार्ग अवलम्बन गरेको खण्डमा मात्र आफू तथा अरुलाई पनि भलो गर्छ, खाली सैद्धान्तिक ज्ञानले मात्र भलाई हुन सक्दैनन् । त्यसै गरी धर्मको तेस्रो तह पटिवेध (प्रतिवेधन) हो र यसमा व्यक्तिले आफ्नो चित्तको अध्ययन अनुसन्धान शुरु गर्दछ । यस प्रकियाबाट मनको विकारबाट मुक्त हुन शुरु हुन्छ । यसरी धर्मको तीनै तह परियत्ति, पटिपत्ति, पटिवेध निकै जरुरी छन् भने परियत्ति, पटिपत्तिको लागि पटिपत्ति, पटिवेधको लागि आवश्यक छ ।[५२]

आज देश समाजको विकराल अवस्थालाई मध्यनजर गर्दा देश समाजमा बौद्ध ज्ञान (अध्ययन), व्यबहार र प्रज्ञाको खाँचो भएकोमा दुई मत छैन ।

### ३.३ दश वटा दुर्लभ तत्वहरू :

यहाँ हामीले संसारमा विभिन्न चरित्रका व्यक्तिहरू देख्छौं भने, सबै व्यक्तिहरूको ईच्छा आकांक्षा पुरा भएका पनि हुँदैनन् । यस हुनाका विविध कारणहरू छन् ।

अव हामी सबैलाई मन पर्ने तर पाउन नसक्ने यी दुर्लभ तत्वहरू के के हुन, यसलाई एक नजर लगाऊँन उपयुक्त हुन्छ ।

**(१) दैनिक उपभोग्य, वस्तुहरू जुन कि आधारभूत आवश्यक वस्तुहरू हुन्, तर दुर्लभ छन् ।**
**(२) रूप सम्पन्न हुनु अर्थात् राम्रो हुनु, तर दुर्लभ छ ।**
**(३) स्वास्थ्यलाभ अर्थात् निरोगी हुनु सुख हो, तर दुर्लभ छ ।**
**(४) शील पालन (सदाचार) राम्रो छ तर तर दुर्लभ र पाउन गाह्रो छ ।**
**(५) ब्रह्मचर्य पालन हुनु पनि राम्रो छ, तर दुर्लभ छ ।**
**(६) असल साथी हुनु पनि राम्रो कुरो हो तर दुर्लभ छ ।**
**(७) बहुश्रुत (विद्वान्) हुन पनि राम्रो छ, तर दुर्लभ छ ।**
**(८) प्रज्ञावान (विवेक) हुनु पनि राम्रो हो, तर दुर्लभ छ ।**
**(९) धर्म (न्याय) पनि राम्रो कुरो हो, तर दुर्लभ छ ।**
**(१०) स्वर्गिकसुख पनि राम्रै छ, तर पाउन कठिन छ ।**[५३]

यी तत्वहरू दुर्लभ हुनाका कारणहरूमा विभिन्न बाधा भएकाले हुन् ।

**(१) आवश्यक उपभोग्य वस्तु प्राप्त गर्न प्रयत्न नगरी अल्छी हुनाले ।**
**(२) नुहाएर सरसफाइ गरी मुख धोएर सफा गर्न नजानेकोले ।**
**(३) आचरण ठीक नभएकोले र ठीक समयमा खानेबानी नभएकोले पनि बाधा हो ।**
**(४) कुसंगत र दूषित वातावरणले गर्दा शील पालन गर्न नसक्नु पनि बाधा हो ।**



Downloaded from http://www.dhamma.digital

**(५) आँखा आदि इन्द्रिय संयम नभएकोले, मनलाई वशमा राख्न नसक्नु पनि बाधा हो ।**

**(६) अविश्वास हुनुले असल साथी पाउनु  नसक्नु पनि बाधा हो ।**

**(७) बारम्बार अभ्यास नभएकोले विद्वान् हुन नसक्नु पनि बाधा हो ।**

**(८) गुरुको आज्ञा न मान्नु, धर्मको छलफल नगर्नु पनि बाधा हो ।**

**(९) ध्यान भावना गरी अन्तर्मुखी बन्न नसक्नु र अभ्यास नगर्नु बाधा हो ।**

**(१०) आचरण शुद्ध नहुनु पनि बाधा हो ।**[५४]

यसरी यी कारणहरूमा पनि व्यक्तिको शील आचरण सुधार हुनको महत्व देखाएकोले आज हाम्रो देश समाजको सही विकासको लागि व्यक्तिको शील आचरण सुधारमा जोड दिनु अति आवश्यक छ ।

## ३.४ चार प्रकारका व्यक्ति :

भगवान् बुद्धले मानिसहरू आपल्नो कृयाकलापको कारणले चार गति हुने बताउनुभएको छ । यिनीहरू यस प्रकारका छन् ।

(क) **अन्धकारबाट अन्धकारमा जाने व्यक्ति :**

एक जना व्यक्ति आफ्नो पूर्वजन्मको नराम्रो फलले जीवनमा धन सम्पत्तिको अभावको साथै रोग आदि सहितको दुःखमय अन्धकारमय जीवन बिताईरहेको हुन्छ । त्यस्ता व्यक्तिलाई अभावमय दुःखी जीवन जिउन पर्ने भएकोले धर्मश्रवण तथा आफ्नो कर्म राम्रो गर्न निकै कठिनाई हुने हुन्छ । यसरी धर्मश्रवण तथा पालनबाट बन्चित हुन परी अर्को जीवन (जुनी) पनि अन्धकारमा (दुःखमय जीवन बिताउने, नर्कमा जन्म लिने) जाने हुन्छ ।

(ख) **अन्धकारबाट प्रकाशमा जाने व्यक्ति** :

एक जना व्यक्ति आफ्नो पूर्वजन्मको नराम्रो फलले यो जीवनमा शारीरिक, आर्थिक, मानसिक दुःखमय जीवन बिताउन बाध्य भइरहेको हुन्छ तर आफ्नो कर्म शुद्ध गर्ने तथा धर्मश्रवण आदि कर्म गरिरहेका छन् भने त्यस्ता व्यक्तिको अर्को जुनी (जीवन) प्रकाशमा जाने हुन्छ ।

(ग) **प्रकाशबाट अन्धकारमा जाने व्यक्ति** :

एक जना व्यक्ति आफ्नो पूर्वजन्मको राम्रो फलले यो जीवनमा आर्थिक, शारीरिक, मानसिक हिसाबले राम्रो अवस्था भएको घरमा जन्म लिन्छ र सुखमय वातावरण जीवन जिउन पाउँदछ । तर यो जीवनमा उसले राम्रो आचरणयुक्त तथा धर्मधारण नगरी पापमय काम गऱ्यो भने, प्रकाशबाट अन्धकारमा (यो जन्मको नराम्रो कर्मको फलले अर्को जन्म शारीरिक, आर्थिक, सामाजिक, मानसिक अशान्तिसहितको दुःखमय जीवन, नर्कमा) जाने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

(घ) **प्रकाशबाट प्रकाशमा जाने व्यक्ति** :

एक जना व्यक्ति आफ्नो पूर्वजन्मको राम्रो फलले यो जीवनमा आर्थिक, मानसिक, सामाजिक, शारीरिक आदिको हिसाबबाट सुखमय जीवन बिताउन पाइरहेको छ र यो जीवनमा पनि धर्मधारण तथा राम्रो कर्म गरिरहेको हुन्छ भने त्यो व्यक्ति प्रकाशबाट प्रकाशमा (अर्को जुनीमा शारीरिक, मानसिक, आर्थिक, सामाजिक सुखको वातावरणमा जन्मने, स्वर्गमा) जाने हुन्छ ।

यसरी भगवान् बुद्धले आफूले बुद्धत्व प्राप्त गरी सकेपछि आफ्नो धर्म, दर्शन सर्वसाधारण जनताहरूलाई बुझाउन विभिन्न तरीका अपनाउनुभयो र यहीअनुरूप प्राणीहरूको आफ्नो गति चारवटा हुने बताउनुभयो ।[५५]

अन्धकारमा (आर्थिक, मानसिक, शारीरिक, सामाजिक दुःखमय जीवन) जिउने व्यक्ति आफ्नो अभाव आदिले गर्दा प्रकाशमा जान बाटो बनाउन कठिन छ र प्रकाशबाट (आर्थिक, शारीरिक, सामाजिक, मानसिक सुखी जीवन बिताइरहेको) प्रकाशमा जाने बाटो सजिलो छ । तर सबभन्दा खेदको (दुःखको) विषय हुन्छ यदि कोही मानिस प्रकाशबाट अन्धकारमा (आर्थिक, शारीरिक, सामाजिक, मानसिक दुःखको जीवन जिउने, नर्कमा) जाने जीवन जिउन्छ भने ।

यसरी देश समाजमा विभिन्न अनुहार, सोचाई, कर्म, वर्ण भएका व्यक्तिहरू हुन्छन् भने त्यहीअनुरूप सबैले आ–आफ्नो फल भोगिरहेका हुन्छन् । अब हाम्रो देश समाजको कुरा गर्ने हो भने निश्चय नै कोही अन्धकारमा र कोही प्रकाशमा जीवन बिताइरहेको छन् र त्यहीअनुरूप देश समाज पनि अन्धकार वा प्रकाशमय वातावरण भईरहेकोमा दुईमत हुँदैन । अन्धकारमा भएका व्यक्तिहरू आफ्नै दैनिकी समस्यामा अल्झिरहेका हुन्छन् भने प्रकाशमा भएका व्यक्तिहरू आफ्नो गलत कर्म आदिको कारणले प्रकाशबाट अन्धकारमा जाने बाटो रोज्यो भने देश समाज पनि निकै नराम्रो वातावरणमा धकेल्ने छ । अब देश समाजको विकासको लागि प्रकाशमा भएका व्यक्तिहरूले आफूमात्र प्रकाशमा जाने नभई, अन्य अन्धकारमा भएका व्यक्तिहरूलाई पनि अन्धकारमा जान रोकी प्रकाशमा जाने बाटो देखाउन सक्नुपर्ने आजको अपरिहार्य आवश्यकता हो । यही नै देश समाज विकास गर्ने सही बाटो, तथा कुनै पनि सच्चा नागरिकको देश समाज र राष्ट्रको ऋण चुकाउने असल माध्यम हुन सक्दछ ।

किरा फट्याङ्ग्रा, जनावरहरूले धर्मश्रवण र धारण गर्न सक्दैनन् तर प्राणीहरू मध्य सर्वश्रेष्ठ कहलिएका मानिसहरूले पनि धर्मधारण गर्दैनन भने यिनीहरूको बीचमा केही भेद हुँदैनन् ।

चार कारणले मूर्खहरू आफूलाई हानी गर्दछन् ।



Downloaded from http://www.dhamma.digital

**(१) विचारै नगरिकन अवगुणलाई गुण भन्छ ।**
**(२) विचारै नगरिकन गुणलाई अवगुण भन्छ ।**
**(३) विचारै नगरिकन दुःखद् ठाउँमा खुसी हुन्छ ।**
**(४) विचारै नगरिकन सुखद् ठाउँमा दुःखी हुन्छ ।**[५६]

यसैले व्यक्तिको भिन्दाभिन्दै चरित्रअनुरूप आफ्नो गतिलाई सुधार गर्न, तथा लाभ र हानी हुने बाटोको भेद गर्नसक्नु पर्दछ ।

## ३.५ आफ्नो कर्म (चरित्र) अनुसारको जन्म :

यस संसारमा भएका विभिन्न प्राणीहरू मध्ये, मानव जीवनलाई धर्मश्रवण गर्न र धारण गर्नसक्ने भएकोले अन्य प्राणीभन्दा सर्वश्रेष्ठ प्राणी भनिएका हुन् भने, अन्य पशुपंक्षी, जनावर प्रेतयोनी आदि प्राणीहरूले धर्मश्रवण गर्ने तथा धारण गर्ने अवसर पाउँदैनन् । तर सम्पूर्ण मानव जगत्ले पनि यो धर्मश्रवण र धारणा गरेको छ भनी हामी भन्न सक्दैनौं, अथवा सवैले धर्मश्रवण र धारण गर्ने मौका नै प्राप्त भएको छैन भनी भन्न सक्दछौं ।

अट्ठसालिनीमा व्याख्या गरिएको छ कि विभिन्न व्यक्तिहरूको कर्मले जन्मको अवस्थामा र जीवनपर्यन्त नै विभिन्न फलहरूलाई जन्माउँछ । त्यति मात्र होईन, व्यक्तिका शारीरिक बनौट पनि कर्मकै फल हुन् । त्यसमा भनिएको छ । "कर्मकै भेदको कारणले गर्दा सबै प्रकारका जीवहरूका भाग्यमा भेद रहन्छन् । कर्मकै भिन्नताको कारणले गर्दा उंचा र नीचा, निन्दित र प्रंशसित सुखी र दुःखी प्राणीहरूको जन्मको भेद हुन्छन् । कर्मकै विभेदले गर्दा राम्रा र नराम्रा, कुलीन वा चाण्डाल, रूपवान् वा कुरूप जस्ता प्राणीहरूको व्यक्तिगत रूपहरूमा भिन्नता देखा पर्छन् । कर्मकै विभिन्नताले कारणले गर्दा नै प्राणीहरूको लौकिक अवस्थाहरू जस्तै लाभ र हानी, यश र अपयश, निन्दा र प्रशंसा, सुख र दुःखमा (अष्टलोक धर्म) विभिन्नता रहेका छन्............ ...।"

अझ अगाडि यसरी पनि भनिएको छ ।

कर्मद्वारा नै संसार चल्छ, कर्मद्वारा मानिसहरू बाँच्छन् र कर्मद्वारा सारा सत्वहरू बाँधिएको छन्, जस्तो गुडिरहेको रथको चक्का यसको किलाद्वारा बाँधिएको हुन्छ ।[५७]

यसरी आफ्नो कर्मअनुसारको जन्म हुने भएकोले पनि व्यक्तिहरू आफ्नो चरित्र सुधारमा लाग्नुपर्ने निर्विवाद छ ।

## ३.६ जातले ठूलो हुने होइन :

**"यस्स कायेन वाचाय – मनसा नत्थि दुक्कत ।**
**संवुतं तीहि ठानेहि– तम'हं ब्रूमि ब्राह्मण ॥"**



Downloaded from http://www.dhamma.digital

अर्थ :- काय-वचन-मनद्वारा पाप नगरी यी तीनवटै द्वारमा संयमित भइरहने व्यक्तिलाई नै म ब्राह्मण भन्दछु ।

**" न जटाहि न गोत्रेहि न जच्चा होति ब्राह्मणो ।**
**यम्हि सच्चञ्च धम्मो च –सो सूची सो च ब्राह्मणो ॥"**

अर्थ :- जटाधारी हुँदैमा, गोत्र मात्रले पनि, जातिले मात्र पनि ब्राह्मण हुँदैन; जोसंग धर्म हुन्छ त्यो नै पवित्र हो; त्यो नै ब्राह्मण हो ।[५८]

यो उदाहरणबाट हामी भन्न सक्दछौं जातले कोही व्यक्ति ठूलो वा सानो हुने होइन बरु व्यक्तिको चरित्रले नै यसलाई छुट्याउछ र सही अर्थमा व्यक्तिले आफ्नो चरित्र सुधार गरी धर्म धारण गर्नुपर्दछ ।

आज देशमा छुवाछुत, पानी नचल्ने दलित आदिमा भेदभाव गर्ने समाजमा परम्परा बाकी नै देखिएकोले व्यक्ति विशेषले यस्तो गलत परम्परालाई तिलाञ्जली गर्नुपर्दछ र आफ्नो चरित्र सुधार गर्नमा जोड दिनुपर्दछ ।

### ३.७ कर्मकाण्डले पाप पखालिदैन :-

यहाँ मानिसहरू पूजा पाठ गरेर वा कर्मकाण्डले पाप पखाल्छ भन्ने विश्वासमा विभिन्न कर्मकाण्डको सहारा लिइरहेको हुन्छ । बुद्धको शिक्षाको मुख्य उद्देश्य चित्त शुद्ध गर्ने हुन् । बुद्धको शिक्षालाई एक पल्ट नियालौं,

**"सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा ।**
**सचित्तपरियोदपनं एतं बुद्धानु□सासनं ॥"**

अर्थ : सबै प्रकारको पाप कर्म नगर्नु, पुण्य कर्म संचय गर्नु, आफ्नो चित्त शुद्ध गर्नु, यही बुद्धहरूको शिक्षा हो । तर चित्त शुद्ध हुनु पर्दछ भन्ने कुरामा धेरै जना मानिसहरू भ्रममा परेको महशुस हुन्छ ।

उदाहरणको लागि यहाँ एउटा बुद्धकालीन घटना प्रस्तुत छ । अनाथ पीण्डकको एकजना दासीले पौष महिनाको बिहान सबेरै नदीमा पानी लिन जाँदा, एक जना ब्राह्मण बाजे पनि त्यस्तो चिसो पानीमा डुबल्कि मारेर नुहाइरहेको देखेर त्यसको कारण सोधे । यसमा बाहुनले भन्यो " ............ म त पापसँग डराएर नुहाउन आएको हुँ र यो सँस्कृति पनि हो । नदीमा नुहायो भने यो पवित्र पानीले पाप सबै बगाएर लान्छ नि ! ................"

अनि पूर्णिका दासीले भनिन् "बाजे ! नदीमा नुहाउँदैमा पाप सबै पानीले बगाएर लैजान्छ भने त्यस पानीले धर्म (पुण्य) पनि बगाएर लैजान्छ नि । बाजे ! तपाइँले राम्ररी कुरै बुझ्नुभएको रहेनछ । बुद्धको शिक्षाअनुसार मुख्य कुरो त आफ्नो चित्त शुद्ध हुनुपर्छ नि ? ........ ।"[५९]



Downloaded from http://www.dhamma.digital

यसले निश्चित रूपमा व्यक्तिको शुद्ध कर्मको महत्व दर्शाउँछ। आजको हाम्रो देश समाजको अवस्थालाई मध्यनजर गर्दा व्यक्तिहरू धर्मको नाममा दिग्भ्रमित हुनबाट बची आफ्नो चित्त शुद्ध पार्ने कार्यमा लाग्नु आवश्यक भएको छ।

### ३.८ चाहेको जस्तो हुँदैन :

भगवान् बुद्धले अंगुत्तरनिकायमा भिक्षुहरूलाई भन्नुहुन्छ, "हे भिक्षुहरू ! यी पाँच स्थानहरू श्रमण, ब्राह्मण, ब्रह्मा, अथवा कसैलाई पनि मन पर्दैन ती पाँच यस्ता हुन् ।

(१) बुढा हुनु स्वभाव धर्म हो : त्यसलाई कसैले रोक्न सक्दैन ।
(२) रोगी हुनु स्वभाव धर्म हो : त्यसलाई कसैले रोक्न सक्दैन ।
(३) मरण हुनु स्वभाव धर्म हो : त्यसलाई कसैले रोक्न सक्दैन ।
(४) सकेर जानु स्वभाव धर्म हो : त्यसलाई कसैले रोक्न सक्दैन ।
(५) विनाश हुनु स्वभाव धर्म हो : त्यसलाई कसैले रोक्न सक्दैन ।"[६०]

यसरी यी पाँच स्वभाव धर्मलाई चिन्न सक्यौं र हामी यसमा सजग र सचेत रहन सक्यौं भने, व्यक्तिले अकुशल कर्म गर्नबाट टाढा रही आफ्नो चरित्र सुधार ल्याउने प्रयत्न गर्न मद्दत मिल्न सक्छ ।

### ३.९ लज्जा र भय :

अंगुत्तरनिकायमा भगवान् बुद्धले भन्नुभएको छ ।

**"द्वे मे भिक्खवे धम्मा लोकं पाललेन्ति । कतमे द्वे ?**
**हिरिं च ओत्तप्पं च"**

अर्थ :– हे भिक्षु ! दुईवटा कुराले संसार रक्षा भइरहेको छ। ती कुन कुन दुईवटा भन्नाले लज्जा र भय हुन् । लज्जा र भय भएन भने मनुष्यहरूले जुनसुकै पाप कर्म गर्न तयार हुन्छ ।

यसै प्रसंगमा भिक्षु अश्वघोष लेख्नु हुन्छ,"आज जति पनि तस्करी, भ्रष्टाचार, बलात्कार, घुसखोर, भइरहेको छ, त्यो जम्मै जसो लज्जा र भय नभएर अनि जति भए पनि नपुग्ने लोभी पन र मोज मज्जा गर्ने बानीमा भुल्नाले भएको हो । जति भए पनि नपुग्ने लोभीपनले गर्न नहुने कार्य गरिरहन्छ र जस्ले जे भने पनि लज्जा नहुने बानी डरलाग्दो छ ।"[६१]

मनुष्यहरूले चार अवस्थामा पाप कर्म गरिरहन्छन् ।

**"यौवनं धन सम्पत्ति प्रभुत्व मविवेकिना**
**एकैकमप्यनर्थाय किमु यत्र चतुष्टयम् ।"**



Downloaded from http://www.dhamma.digital

अर्थ : यी चार अवस्था- युवा अवस्था, धन सम्पत्ति, प्रभुत्व र अविवेकपूर्ण (राम्रोसंग विचार नगरी), मध्ये कुनै एक मात्रले काम गरे पनि अनर्थ हुन्छ ।

यसको विपरीत चारवटा स्मरण योग्य कुरा छन् जस्ले गर्दा व्यक्तिहरूले पाप कर्म गर्नबाट वच्दछ ।

(१) जाति : जाति भन्नाले पाप कर्म ठूलो जातले गर्ने होइन् भनी पाप कर्म गर्नदेखि लज्जाउँछ ।

(२) बैंश : पाप कर्म भनेको उमेर नपुगेका बच्चाहरूले गर्ने हो भनी सम्झिन्छ ।

(३) पुरूपार्थ : कमजोर र निर्धन व्यक्तिहरूले मात्र पाप कर्म गर्ने हुन् म जस्तो पुरुषार्थ व्यक्तिले पाप कर्म गर्नु हुँदैन भनी सम्झिरहन्छ ।

(४) विद्वता : केही थाहा नहुने मूर्खहरूले मात्र पाम कर्म गर्दछ, विद्वानहरूले नराम्रो नहुने काम गर्नु हुँदैन ईज्जत जान्छ भनी लाज मानिरहन्छ ।

यसरी यी चार कारणले पाप कर्म गर्नबाट लाज भइरहने नै लज्जा हो । यसै गरी भय भनेको, पाप कर्म वा नराम्रो कार्यगर्दा अरुले देखेमा गाली गर्दछ, निन्दा गर्दछ भनी भय भइरहनु हो ।

**"गरहिस्सन्छि तं विञ्ञु असुचिं नागरिको यथा,**
**वज्जितो सील वन्तेही कथं भिक्खु करिस्ससि"**

अर्थ : विद्वानहरूले तिमीलाई निन्दा गर्दछ जसरी नागरिकहरूले फोहर, दुर्गन्धलाई घृणा गर्दछ, सच्चरित्र भिक्षुहरूले पनि अलग्ग राख्दछ ।[६२]

यसरी आज व्यक्तिको चरित्र विकासको लागि यी- दुई लज्जा र भयको गुण स्वभाव विकसित गर्नु नितान्त आवश्यक भएको छ ।

**३.१० श्रुत धन :**

व्यक्तिहरूले धर्म श्रवण गर्न पाउने वा नपाउने नै ठूलो प्रश्न हो । अव कसैले धर्म सुन्न पाएमा ज्ञानी हुन सक्दछ र यसको पाँच फाईदाहरू छन् ।

(१) असुतं सुनाति : नसुनेको कुरा सुन्न पाईन्छ ।

(२) सुतं परियोदपेति : सुनेको कुरा पुनःस्मरण तथा शुद्ध हुन्छ ।

(३) कंखं वितरति : मनमा भएको शंका निवारण हुन्छ ।

(४) दिट्ठिं उजुं करोति : दृष्टि सीधा र चित्त कोमल हुन्छ ।

(५) चित्तं पसीदति : सुन्ने व्यक्तिको चित्त र मन हर्षित हुन्छ ।[६३]

यसरी धर्म सुन्नुका फाइदा छन् भने यस्ले व्यक्तिको चरित्रमा सुधार ल्याउँछ । आज व्यक्तिको चरित्र सुधार र देश समाजको हितको लागि धर्म श्रवणको मर्म र महत्व बुझ्नु आवश्यक भएको छ ।



Downloaded from http://www.dhamma.digital

### ३.११ योग्य देशमा बस्नु मंगल :

भगवान् बुद्धले भन्नुभएको थियो– सबै भन्दा ठूलो लाभ– स्वास्थ्य हो। स्वास्थ्य ठीक नभएको मानिस जति ठूलो घर, पैसा तथा परिवार भएपनि उसको जीवन नरकतुल्य हुन्छ। बुद्धको भनाइअनुसार, स्वास्थ्य ठीक नहुनाका धेरै कारणहरू छन्। यिनीहरू निम्न प्रकारका हुन्।

(१) पौष्टिक खानाको अभाव।
(२) अनुपयुक्त बासस्थान।
(३) कलह गर्ने व्यक्ति र सरुवा रोगीसंग सामिप्यता।
(४) खराव मौसम।
(५) विचारधारा नमिल्ने मानिससंगको बस्उठ्।
(६) फोहर र अस्वस्थ वातावरण।
(७) मन पर्ने व्यक्तिसंग बस्न नपाउनु।[६४]

यी विविध कारणहरूले स्वास्थ्यमा असर पारिरहन्छ। झगडालु व्यक्तिसंग बस्नुपर्दा कहिले पनि मनमा शान्ति हुँदैन्। कलह गर्ने मानिसले आफ्नो गल्ती र कमजोरी महसुस गर्दैन; अर्काको दोष मात्र देख्छ। यसले पनि मानसिक चिन्ता हुन्छ र स्वस्थ रहन दिंदैन। स्वच्छ र विचार नभएका व्यक्तिहरूसंग मानसिक रोगले समात्ने गर्दछ।

भिक्षु अश्वघोष लेख्नुहुन्छ, "आजको प्रजातन्त्रको विशेपता नै अप्रिय मानिससंग बस्नुपर्ने बाध्यता हो। स्वतन्त्रता, स्वेच्छाचार, निजीकरण नीतिको वातावरणमा कहाँ प्रिय व्यक्ति पाउनु? धनमुखी, विलासीमुखी, स्वार्थमुखी व्यक्तिको संख्या झन झन बढ्दैछ। इमान्दारितालाई त कहाँ ठाउँ छ र?"[६५]

आज हाम्रो देशमा खाने पानीको समस्या, बाटोमा ढल फुटेका लगायत, खाने पानीमा समेत ढल मिसिएको हुने हुँदा यसले व्यक्तिको स्वास्थ्यमा असर पर्ने त भयो नै। यसरी विविध कारणले कुनै पनि व्यक्तिले आफू कस्तो देशमा छ वा आफूले सही धर्मको मर्म बुझेको छ वा छैनन् थाहा पाउनु महत्वपूर्ण कुरा हुन आउँछ।

### ३.१२ चार ब्रह्म विहार :

ध्यान अङ्गको ४० कर्म स्थान मध्ये यो चार ब्रह्म विहार पनि हो। यसमा चार अङ्गहरू यसरी छन्।

(क) **मैत्री ब्रह्म विहार** :

मैत्रीको अर्थ हो क्षमाशील हुनु, सहनशील भएर मन पराउने, मन नपराउने नभइ समानताको व्यवहार गर्नु हो। पक्ष विपक्ष झगडाको बीचमा कुनै पक्ष



Downloaded from http://www.dhamma.digital

नलिई दुवै पक्षलाई समान व्यवहार गर्नु हो । मैत्री भावना गर्ने व्यक्ति सबै प्राणी आफू समान नै कालको हातमा पर्ने हुन् भनी स्मरण गरिरहने हुनाले, द्वेषभाव छलकपट चेतनारहित भई मृदु कोमल स्वभावको हुन्छ ।

म वैरभाव मुक्त हुन्छु, शत्रुताको भावले मुक्त भई सुखपूर्वक जिइ, दुःखले भरेको यो संसारबाट मुक्त भएर जान्छु । 'प्राणीहरूको लागी आफूले गरेको कर्ममात्रै आफ्नो हुने हो, कर्म नै सम्पत्ति हो, कर्मले नै गरेर पुनर्जन्म हुने हो, कर्मले नै आफ्नो नाता गोताको सम्बन्ध हुने हो, कर्मको एउटै शरणमा जानु उत्तम शरण हो, आफूले गर्ने कुशल कर्मले नै आफूलाई कल्याण गर्दछ, अकुशल कर्मले हानी गर्दछ । आफूले गरेको कुशल अकुशल जुनसुकै कर्म आफू पछि पछि आई नै रहन्छ । त्यसैले तथागतको ध्यानमा विश्वास भई अकुशल कर्म गर्नबाट टाढा रहने प्रयास गरी रहन्छ ।

(ख) **करुणा ब्रह्म विहार** :

करुणाको अर्थ दया राख्नु, अनुकम्पा राख्नु हो । दया अथवा अनुकम्पा उसैले प्रकट गर्न सक्दछ, जस्ले आफूले स्वयं पहिले आपद् विपद् भोगिसकेका हुन्छ अथवा आपद् विपद् आउने परिस्थितिलाई बुझ्ने हुन्छ । आफूले पहिले भोगिसकेको आपद् विपद् अरुले भोगिरहेको देखेमा, आफूले पहिले अनुभव गरिसकेको दुःखदायी घटना सम्झेर त्यस्तो व्यक्तिलाई सहानुभूती बताउने बेलामा देखाउने व्यवहार नै करुणा हो ।

(ग) **मुदिता ब्रह्म विहार** :

मुदिताको अर्थ हो भित्री हृदयदेखि हुने आनन्द हर्ष प्रीति हुने वा मानसिक रूपमा प्रसन्नता अनुभव गर्ने अवस्था हो । मुदिता वा प्रशन्नता त्यस्तो बेला हुन्छ जव आफूलाइ प्रिय व्यक्ति देख्दछ वा आफूलाई मन पर्ने व्यक्तिको प्रगति वा उन्नतिको समाचार सुनिन्छ । जीवनमा उपलब्ध हुने स्यानोभन्दा स्यानो हर्ष उत्पन्न हुने समयलाई पनि सदुपयोग गरेर चित्त प्रशन्नतामा रमाउन सक्ने व्यक्तिले आफूले अनुभव गरेको प्रीति प्रसन्नता अरुलाई पनि संचार गरिदिनु उद्देश्यले हर्षित प्रशन्न भई कल्याणको कामना गर्नु मुदिता भावना हो ।

(घ) **उपेक्षा ब्रह्म विहार** :

यहाँ उपेक्षा भनेको आफ्नो अगाडि भइरहेको कुनै प्रकारको घटनालाई नदेखेको जस्तो गरेर वास्ता नगर्ने भनेको होइन । उपेक्षा भावना गर्ने व्यक्तिले समाजमा भइरहने पक्षविपक्षको झगडामा एउटा पक्षमा लागेर अर्कोको विपक्षमा लाग्नु वा आफै न्यायाधीशको रूपमा बस्ने कार्य गर्नु हुँदैन् । पक्ष विपक्ष सधैं भइरहने स्वभाव हो । आज कुनै पक्षको समर्थनमा बोलेर भविष्यमा त्यसको



Downloaded from http://www.dhamma.digital

विरुद्धमा जानु पर्ने भएमा अतीतमा आफूले गरेको समर्थन गलत ठहरिन्छ साथै सम्यक् रूपले आफूले पक्षको समर्थन गरेको होइन् भनी आफैले प्रमाणित गर्ने हुन्छ। पक्ष लिएर व्यवहार गरेमा स्नेह (राग) उत्पन्न हुन सक्दछ। विपक्षमा बसेमा द्वेष अथवा बदला लिने भावना जस्तो अकुशल स्वभाव आउन सक्दछ। राग अथवा द्वेष दुवैले ज्ञानको अवस्थाबाट टाढा लाने हुनाले उपेक्षा भावना चाहिएको हो।

उपेक्षा भावना गर्ने व्यक्तिले पहिला मैत्री, करुणा, मुदिता भावना गरेर "सबै प्राणीहरू सुखी होउन्" भन्ने चेतना "मानसिक स्थिति" विकास गरिसकेको हुनुपर्दछ। मैत्री, करुणा, मुदिता भावना गर्नमा निपूण व्यक्तिले सत्वहरूप्रति ममत्व (स्नेह) राखिरहँदाको दोष र उपेक्षा भावना गर्नको गुण महत्वलाइ सजिलै सम्झन सक्दछ।[६६]

यहाँ विभिन्न शिर्षकहरूको सहित व्याख्या गर्नुको उद्देश्य व्यक्तिको चरित्र निर्माणमा धर्मको भूमिका रहन्छ तथा व्यक्तिले धर्म पालन र धारण गर्यो भने व्यक्ति स्वयंको चरित्र निर्माण हुन्छ भनी देखाउनु हो। अन्यथा व्यक्तिको चरित्र राम्रो भएन भने देश समाज पनि नराम्रो वातावरणमा जाने प्रप्ट छ। अब तल व्यक्तिको चरित्र निर्माणमा धर्मको कस्तो भूमिका हुन्छ त्यसको चर्चा गरिएको छ।

### ३.१३ **चरित्र निमार्णमा बुद्धधर्मको भूमिका** :

आज देश समाजको जुन भयावह अवस्था छ त्यसलाई दृष्टीगत गर्दा निश्चय नै व्यक्तिगत आचरण, सोचाई, सामाजिक परिवेश नै गलत भइरहेको भान हुन आउँछ। त्यसैगरी बुद्धधर्म बारे जुन किसिमको भ्रम छ–बुद्धधर्म अंगाल्नु हुँदैन, यो धर्मले गृहत्यागी बनाउँछ, भिक्षुहरूले मात्र अंगाल्ने धर्म आदिबाट देश समाजले व्यक्तिगत आचरणलाई सुदृढ बनाउन विद्याबाट बंचितभई ठूलो मूल्य चुकाउनु परको छ। बुद्धधर्म गृहत्यागी अथवा भिक्षुहरूको मात्र नभई गृहष्ठहरूको लागि पनि अमूल्य धन हो। राणाकालीन समयमा यो धर्मको प्रचारप्रसार माथिको प्रतिबन्ध तथा भिक्षुहरूको देश निकाला पछि स्वत: यो धर्म जन मानसबाट टाढा भई सोहीअनुरूप यसप्रति नकारात्मक धारणा बढ्न गएकोमा दुई मत हुँदैनन्। गृहस्थहरू भिक्षुसंघप्रति विशिष्ट गुण – निम्तो दिन योग्य हुनु, राम्रो व्यबहार हुने, पाहुना बोलाई सत्कार गर्न योग्य, वन्दना गर्न योग्य आदिको लागि नतमस्तक हुनु पर्दछ। यसले व्यक्तिहरूको चरित्र निर्माणमा गतिलो योगदान दिने भएकोले यो धर्म गृहस्थहरूको लागि अति आवश्यक छन्।

आज देश समाज जुन किसिमको हिंसा हत्याबाट आकान्त छ साथै राजंनैतिक नेतृत्व वर्ग, उच्चप्रशासक वर्ग र अझ भन्ने हो भने समग्र जनमानसमा जुन किसिमका अन्यौल तथा नैतिक आचरणमा कमी कमजोरी देखिएको छ त्यो



Downloaded from http://www.dhamma.digital

निश्चयनै **ठीक धारणा, ठीक संकल्प, ठीक वचन, ठीक कर्म, ठीक जीविका, ठीक प्रयत्न, ठीक स्मृति, ठीक एकाग्रता (आर्य अष्टाङ्गिक मार्ग)** को कमीले भएको हो । यदि व्यक्तिको ठीक धारणा भएमा ठीक संकल्प हुन सक्दछ, ठीक संकल्प भएमा व्यक्तिको ठीक प्रयत्न, स्मृति र ठीक एकाग्रता ल्याउँछ । यसैले व्यक्तिको वचन, कर्म र जीविका ठीक पार्दछ । आज व्यक्तिहरूमा यही आर्य अष्टाङ्गिक मार्गका कमी कमजोरी भएकोले, आफ्नो र देश समाजको हक हितको लागि यो धर्मको महत्व सर्वोपरी भएको छ ।

व्यक्तिगत महत्वाकांक्षा र तृष्णाको भुमरीमा रुमल्लिरही दुःख र दुःखको कारण थाहा नपाउने नेतृत्ववर्गले देश समाजलाई सही बाटोतिर अग्रसर गराउन नसकेकोलाई अस्वाभाविक मान्नुपर्दैन । त्यसलै आज देश समाजलाई स्वच्छ र सन्तुलित रूपमा विकासको बाटो तर्फ डोऱ्याउने तथा भावी पुस्तालाई सही र स्वच्छ शिक्षा दिने हेतु बौद्ध– दर्शनको अध्ययन र अध्यापन गर्नु आजको अपरिहार्य आवश्यकता हो ।

भगवान् बुद्धले भिन्न भिन्न ठाउँमा विभिन्न व्यक्तिहरुलाई अनेक तरीकाले धर्मको व्याख्या गर्नुभयो । भगवान् बुद्धले व्यक्तिको कर्म र सोहीअनुसार त्यसको फल हुने भएकोले व्यक्तिहरुलाई कुशल कर्म गर्न गराउन जोड दिनुभयो र सोहीबमोजिम निर्वाणमा पुग्ने बाटो बताउनुभयो । यसअनुरूप व्यक्तिको आफ्नो कर्म र विपाकबमोजिम धर्मको मर्म बुझी वा नबुझी त्यसमा लाग्नु वा नलाग्नु पनि आ–आफ्नै क्षमता र रूचीमा भर पर्दछ । आज हामीले जे जस्तो कार्य गरिरहेका छौं त्यहीअनुरूप आफ्नो गति (अवस्था) बनाइरहेका हौं भने, हाम्रो देश समाजको जुन विखण्डन, विसंगति र जतासुकै जुन अस्तव्यस्त माहौल छन् त्यसको जिम्मेवार हामी आफै हौं ।

यहाँ धनी गरीव, सुखी दुःखी, रोगी निरोगी, धार्मिक अधार्मिक, नैतिकवान अनैतिकवान, आफ्नो बुद्धिवल क्षमता भएका र नभएका व्यक्तिहरु छन् भने, यो भिन्नता व्यक्तिहरुको आफ्नो असंख्य पूर्वजन्म र यहींको कर्मको फलको भिन्नताले गर्दा नै भएका हुन् । अब संसारमा प्रचलित जनभाषामा विभिन्न धर्म र उनीहरुको आ आफ्नै मान्यता छन् । कुनै कुनै धर्मले पूर्वजन्मको अस्तित्वलाई नकारेको सन्दर्भमा व्यक्तिहरुले सही धर्मश्रवण गर्न पाउनु र धारण गर्न पाउनु वा नपाउनु पनि आफ्नो पूर्वजन्मको फलले नै हो भन्न सकिन्छ ।

आज हाम्रो देश समाजको यावत क्षेत्र–आर्थिक, राजनैतिक, शैक्षिक, प्रशासनिक, उद्योग र व्यापारिक, न्यायिक, सामाजिक आदिमा देखा परेको विकृति विसंगति, भ्रष्टाचार अनैतिकतालाई मध्यनजर गर्दा हामी भन्न सक्दछौं - हाम्रो देशका



Downloaded from http://www.dhamma.digital

बहुसंख्यक जनताहरुको चरित्र अनैतिक छन्, अधार्मिक छन्, बुद्धि र विवेकहीन छन् । अर्को शव्दमा भन्ने हो भन्ने बहुसंख्यक व्यक्तिहरु आफ्नो चरित्र सुधार गर्ने, आमनागरिकको हैसियतले आफूले देश तथा समाजप्रति गर्नुपर्ने कर्तव्य र जिम्मेवारी बोध गराउने खालको नैतिकवान बनाउने शिक्षा तथा सही धर्मश्रवण गर्ने, धारण गर्ने र पालन गर्नबाट बन्चित भएका छन् ।

कर्मचारी वर्गले अन्य वर्गको दोष देख्नु, व्यापारी वर्गले कर्मचारी वर्गको दोष देख्नु, सर्वसाधारण जनताले प्रशासनिक वर्ग र नेताहरुमा कमी कमजोरी तथा खरावी देख्नु आदि सबैलाई 'व्यक्तिले' आफूलाई नबुझ्कोले हो । सर्वसाधारण जनताले आजको देश समाजको यो हाल हुनमा प्रशासन र नेताहरुको खरावमात्र देख्नु भनेको आफ्नो धरातल, हैसियत, आधारशीला नबुझ्केले हो भन्न सकिन्छ । कुनै नेता, उच्च प्रशासक वर्ग 'अन्य लोकबाट' आएको हो र स्वच्छ, क्षमताबान हुन सकुन् । व्यक्ति आफ्नो कर्म र विपाकले गर्दा आफूलाई सुहाउने घर, समाज, वातावरणमा जन्म लिन जाने हुन्छ भने हामी आज जुन सामाजिक वातावरणमा हुर्क्यौं त्यो आ-आफ्नै गलत कर्मको फलले गर्दा भएको हो भनी भन्न सक्दछौं ।

यसै सिलसिलमा धम्मपदको अत्तवग्गोअन्तर्गत १६०औं श्लोकलाई स्मरण गर्नु सान्दर्भिक हुनेछ ।

**"अत्ता हि अत्तनो नाथो– को हि नाथो परोसिया ?**
**अत्तना'व सुदन्तेन –नाथं लभति दुल्लभं "॥**[६७]

अर्थ :– आफ्नो मालिक आफै हो, आफूबाहेक अरु को नाथ छ ? आफूले आफूलाई दमन गरेकोलाई दुर्लभ नाथ (मालिक) प्राप्त हुन्छ ।

समाजमा कोही धनी, गरीब, सुखी दुःखी, रोगी निरोगी आदि सबै आ-आफ्नै कर्मको फलले गर्दा भएका हुन् । आफ्नो कर्मको फलले कोही धनी भएका हुनु र गलत कृयाकलापबाट धनी हुनु फरक फरक विषय हुन् । गलत कृयाकलापबाट धनी भएकाहरुको आचरण, सोचाई समाजको लागी झन प्रत्युत्दपादक हुन जाने प्रष्ट छन् । धर्मले भाग्यवादी हुन सिकाउने होईन बरू कर्मवादी हुन सिकाउँदछ । धर्मले व्यक्तिलाई आफ्नो वास्तविकता बुझाउन मद्दत गर्दछ र सोहीअनुसार आफ्नो क्लेशहरु हटाई नैतिक तथा भौतिक विकासको लागि उद्योगशील हुन बल प्रदान गर्दछ । धर्मले आफू, अभावमय जीवन बिताउन परेकाले अरू सम्पन्न भएको व्यक्तिप्रति रीस राग द्वेष भावना जगाउन दिँदैन बरू सहनशीलता सद्भाव र मैत्री भावको बृद्धि गर्नमा मद्दत गर्दछ । साथै आफ्नो दुःख, रोग आदिमा पनि सहज निर्भयी, निःशोकी हुने क्षमता प्रदान गर्दछ ।

आज देशमा बहुसंख्यक जनताहरुले सही शिक्षा ( खाली स्कुल कलेजको



Downloaded from http://www.dhamma.digital

शिक्षा मात्र होईन –घर, परिवार समाज नै व्यक्तिको पहिलो शिक्षालय हुन् भने, गलत परिवेशमा हुर्केको व्यक्तिले सही शिक्षा नपाउने) नपाएकोमा शंका रहँदैन र त्यहीवमोजिम सही धर्मबाट बन्चित हुन परिरहेको छ। यदि गलत सामाजिक परिवेश नै व्यक्ति तथा देश समाजको सही विकासको लागी बाधक हुन् भने, देश समाजले व्यक्तिलाई सही शिक्षा दिनु र दिलाउने कोशिश गर्नु आजको अपरिहार्य आवश्यकता भएको छ।

आज भगवान् बुद्धको जन्मभूमि हाम्रो देश समाजमा, गौतम बुद्धको व्यावहारिक शिक्षाको अभाव प्रप्ट देखिएको छ। यसले गर्दा समाजको हरेक क्षेत्रमा अस्तव्यस्त र विनाशको जुन स्थिति देखा परेको छ त्यसको निराकरणको लागि भगवान् गौतम बुद्धको व्यावहारिक, तथा आधुनिक विज्ञानले समेत पार लगाउन नसकेको बौद्ध–दर्शन र शिक्षा आजको अपरिहार्य आवश्यक हुन आएको छ।

आज हरेक समाचारको माध्यममा देश समाजको आर्थिक राजनैतिक, समाजिक, शैक्षिक, स्वास्थ्य आदिमा भयावह स्थितिको वारे चर्चा परिचर्चा गरेको देख्न पाईन्छ र यसका लागी निकै ठूला ठूला संभाव्य तरिका पनि चर्चा गरेको हुन्छ तर यसमा व्यक्तिको चरित्र र नैतिकताको सुधारको आवश्यकतामा जोड दिएको कमै मात्रामा देखिन्छ। जवसम्म प्रत्येक व्यक्तिको चरित्र र नैतिकतामा सुधार हुँदैनन् तवसम्म जस्तोसुकै नीतिनियम भएपनि देश समाजको लागि उत्पादक र सार्थक हुन सक्दैनन्।

देश समाजको हरेक क्षेत्रमा समस्या तथा अराजकता देखा परेको सन्दर्भमा व्यक्तिको चरित्र तथा शिक्षा नै जिम्मेवार हुन् र वास्तवमा आज व्यक्तिहरूमा धर्मको प्रष्ट अभाव देखिएको छ। व्यक्तिको चरित्र सफा र स्वच्छ नभई देश समाजको यावत क्षेत्रमा सुधारको कल्पना गर्नु बेकार छ। त्यसैले आज व्यक्तिको चरित्र निर्माणमा नैतिक शिक्षा र धर्मको आवश्यकता झन् टड्कारो महशुस हुनआएको छ। वास्तवमा भन्ने हो भने व्यक्तिको हरेक कृयाकलाप नै धर्ममय वा पापमय भइरहने हुँदा व्यक्तिको चरित्र निर्माणमा नैतिकवर्द्धक धर्मको शिक्षा अपरिहार्य छ।

आज देश समाजमा शैक्षिक, धार्मिक, राजनैतिक, आर्थिक भनी जुन विभाजन गरिन्छ त्यो पनि आफैमा गलत छन्। अन्य क्षेत्र विभाजन गरेझैं धार्मिक क्षेत्र भन्न सुहाउने कुरा होईन। व्यक्ति-समाज-धर्म एक आपसबाट छुट्टिन सक्दैन् भने व्यक्तिको हरेक कियाकलाप नै कुशल वा अकुशल हुने गर्दछ। कोही व्यक्ति कतिको धार्मिक हुन् वा अधार्मिक हुन त्यो मात्र प्रश्न हुन सक्दछ। त्यसैगरी कुनै व्यक्तिले आफ्नो दैनिक जीवनको समयलाई कसरी विभाजन गरेको हुन्छ त्यो व्यक्तिको आफनो ईच्छामा भर पर्ने कुरा हुन् तर यसैको आधारमा मात्र धार्मिक वा अन्य क्षेत्र भनी विभाजन गर्नु ठीक ठहरीदैंन। धार्मिक क्षेत्र भनी विभाजित व्यक्तिले मात्र धर्मधारण गर्नु पर्ने र अन्य क्षेत्रका व्यक्तिले धर्मधारण गर्नु नपर्ने हुन्



Downloaded from http://www.dhamma.digital

भने समाजका अन्य क्षेत्रमा कार्यरत व्यक्तिको अधार्मिकताले (अनैतिकता) गर्दा देश समाजमा आउने अराजकता, अस्थिरता लगायत समस्यै समस्यालाई उजागर गर्नु आफैमा हास्यास्पद र गैह्र जिम्मेवार छन्। त्यसैले पनि व्यक्ति र धर्म भिन्दाभिन्दै हुन सक्दैन्। धर्म र नैतिकता विनाको व्यक्ति समाजको जुन सुकै क्षेत्र –आर्थिक, राजनैतिक, प्रशासनिक, शैक्षिक, स्वास्थ्यमा लागे पनि ती ती क्षेत्रहरूमा समस्या स्वतः आइलाग्ने छन्।

हाम्रो समाजमा विभिन्न धर्मको नाममा विभिन्न सम्प्रदाय छन्। यहाँ हामीले धर्म र सम्प्रदायमा विभाजन गर्न नसकेको प्रष्ट छ। विभिन्न समाजमा आ-आफ्नो परम्परा, कर्मकाण्ड भिन्दाभिन्दै हुन सक्दछ तर यसैलाई धर्मको नाम दिनु कतिको उचित वा अनुचित हो गहिरिएर सोच्नु पर्ने आजको आवश्यकता हो। यदि धर्मलाई सम्प्रदायको परिधिभित्र राख्यो भने त्यो धर्म कुनै जाति वा सम्प्रदाय विशेषमात्रको हुनजान्छ। यसले व्यक्ति विशेषमा साम्प्रदायिक संकीर्णता मात्र पैदा गर्न सक्दछ।

सत्यनारायण गोयन्काज्यू लेख्नुहुन्छ, "आज दुर्भाग्य यो भयो कि **धर्म** शब्द, संप्रदायको पर्यायवाची भयो। ...यो धैरे खतराजनक कुरा भयो। आज भन्दा दुई हजार वर्ष पहिले कुनै व्यक्ति धर्मलाई हिन्दू, बौद्ध, जैन भन्दैन् थियो। प्राचीन भारतमा यो शब्द नै थिएन। तर आज संप्रदाय र धर्म पर्यायवाची हुन गयो"।[६८]

अब भगवान् गौतम बुद्धद्वारा प्रतिपादित **'चारआर्यसत्य', 'हेतु प्रत्यय', 'आर्यअष्टाङ्गिक मार्ग', 'दुःख, अनित्य, अनात्म'**, आदि ईत्यादिको सिद्धान्तको कुरालाई एकातिर छाडेर पनि, सामान्य नागरिकहरूले **पंचशील –हत्या नगर्नु, चोरी नगर्नु, व्यभिचार नगर्नु, झूठो नबोल्नु, सुरापान नगर्नु** (शरीर र वचनबाट हुने अकुशल कार्य) र मनद्वारा हुने अकुशल कर्म –लोभ, द्वेष, मिथ्यादृष्टिबाट वच्न सक्यौं भने देश समाजको लागि ठूलो योगदान हुन सक्दछ। यसको लागि व्यक्तिको चरित्र राम्रो हुनु पर्नेमा दुई मत छैन।

आज देश समाजको हरेक क्षेत्रमा देखा परेको समस्याको मूल जड भनेको व्यक्तिको अहं, अनैतिक चरित्र तथा धर्मको अज्ञानता हो भने, देश समाजको सुन्दर भविष्य निर्माणको लागि व्यक्तिको चरित्र निर्माणविना संभव छैन। व्यक्तिको शिक्षामा 'नैतिकता', 'धर्म', 'सामाजिक उत्तरदायी' र 'कर्तव्य' आदिको शिक्षा नहुने तर त्यो व्यक्तिबाट स्वच्छ सुन्दरको कल्पना मात्र गर्नु नै गलत हुनगएको छ। यहाँ फेरि एक पल्ट दोहऱ्याउनु सान्दर्भिक होला धर्म र सम्प्रदाय भिन्दाभिन्दै हुन् तर धर्मको नाममा गलत मनसाय प्रेरित धार्मिक उन्माद खडा गर्ने जमर्को भयो भने यो देश समाजको लागि झन् खतरनाक हुने निश्चित छ। त्यसैले पहिले धर्म र सम्प्रदायको बीचको सूक्ष्मरेखा कोर्न अति आवश्यक छ। समाजमा चोरी, व्यभिचार आदि हुनाका कारणमा व्यक्तिको गरीवी आदिको हात छ तर यदि कोही व्यक्ति धन



Downloaded from http://www.dhamma.digital

सुविधाले सम्पन्न भएपनि अधर्म (व्यभिचार, भ्रष्टाचार, ठगी) गर्दैनन् भन्न सकिंदैन् । त्यसैले पनि धर्म सबै व्यक्तिको लागि अपरिहार्य छ ।

भगवान् बुद्धले खेतको प्रकार फरक भएझै, श्रावकहरूलाई पहिलो तह, उपासक र उपासिकालाई दोस्रो तह र धर्मश्रवण नभएका व्यक्ति पुद्गलहरूलाई तेस्रो तहको खेत जस्तै मान्नुभएको छ । यसैगरी रथको पाँग्राझैं भिक्षु, भिक्षुणी तथा उपासक उपासिकालाई चार पाँग्रा भन्नुभएको छ । व्यक्तिको आफ्नो कर्मअनुरूप चारप्रकारको भेद (१) प्रकाशवाट प्रकाशमा जाने (२) प्रकाशबाट अँध्यारोमा जाने (३) अँध्यारोबाट प्रकाशमा जाने र (४) अँध्यारोवाट अँध्यारोमा जाने हुन्छ भनी बताउनुभएको सन्दर्भमा यहाँ कुनै वादले व्यक्तिलाई तार्ने होईन बरु व्यक्तिको आफ्नो कर्म नै आफ्नो चरित्रको लागि जिम्मेवार छन् ।

भगवान् बुद्धले बताउनुभएको **त्रिलक्षण- दु:ख, अनित्य र अनात्म** हुन्, यो बमोजिम संसारको हरेक बस्तु, प्राणी परिवर्तनको (अनित्य) असरबाट मुक्त हुन् सक्दैनन् । यहाँ हरेक क्षण परिवर्तन भइरहेको छन् । यहीअनुरूप देश समाज पनि हरेक क्षण राम्रो वा नराम्रो परिवर्तनबाट गुजरिरहनु स्वाभाविक नै हुन् ।

हामीले दोस्रो अध्यायमा बुद्धधर्ममा सुचरित्रको अर्थ शीर्षकअन्तर्गत व्यक्तिको विभिन्न कुशल र अकुशल चरित्र बुझाउन मद्दत पुऱ्याउन हेतु 'विनाश हुनाका कारण', 'लोक धर्म, 'मंगल धर्म', 'मन नै प्रमुख', 'दुर्लभ मनुष्य जन्म', 'आमा वाबुको सेवा', 'मैत्री भावना', 'समथ विपश्यना' आदिको वर्णन गर्यौं । यसबाट हामीले निश्चित रूपमा व्यक्तिको चरित्रको भेद बुझ्न मद्दत मिलेको छ । हामी यही चारित्रिक भेद तथा कुशल कर्मको फल राम्रो हुने र अकुशल कर्मको फल नराम्रो हुने भेद छुट्याउन नसकी मिथ्यादृष्टिमा अल्झिराखेका छौं ।

व्यक्ति व्यक्तिमा विविध भेद हुनु नै यही दृष्टि भेदले गर्दा भएका हुन्, कुनै ईश्वर कृत होईन् । जुन व्यक्तिमा मिथ्यादृष्टिको गहराई बढी हुन्छ, त्यस व्यक्तिमा अज्ञानताको गहराई पनि स्वभावत: बढी नै हुन्छ । जुन व्यक्तिहरूले यो मिथ्यादृष्टिको पत्र पत्रलाई हटाउँदै लान सक्दछ त्यही व्यक्ति प्रज्ञाको बाटोमा उन्मुख हुन्छ । तसर्थ आज व्यक्तिहरूको प्रथम कर्तव्य हो आफ्नो अज्ञानस्वरूप मिथ्यादृष्टिलाई तह तह गर्दै हटाउँदै लगी प्रज्ञा हासिल गर्न प्रयास गर्नु र यसको लागि व्यक्तिको शीलमा सुधार ल्याउनु पहिलो आबश्यक हो ।

हरेक मान्छेको आफ्नो नैसर्गिक स्वभाव फरक फरक त हुन्छ । कसैले राम्रो सल्लाह सुझाव ग्रहण गर्न सक्दछ, त कसैले सही सल्लाह पनि आफ्नो विचार अनूकल भएन भने रुचाउँदैनन् किन भने उ मिथ्यादृष्टिबाट ग्रसित भईरहेको हुन्छ । आज अधिकांश नेपाली यही मिथ्यादृष्टिबाट ग्रसित भइरहेको छ । यदि यही


Downloaded from http://www.dhamma.digital

नै व्यक्तिहरूको भेदको कारण हो भने, आज हामीले शान्ति, विकास नदेखेको कारण पनि यही मिथ्यादृष्टिको कारणले नै हो ।

अव व्यक्तिको आचरण सुधार गर्न कुनै पनि व्यक्तिले दैनिक रूपमा धर्मपालन गर्न आवश्यक छ । एक जना व्यक्तिले दैनिक रूपमा आफूले शील पालनगर्ने र त्यहीअनुसार आफ्नो कृयाकलापमा पनि सामंजस्यता ल्याउन सक्नुपर्दछ अन्यथा व्यक्ति स्वयं धार्मिक पाखण्डी र आडम्बरमा मात्र सीमित रहन्छ । यही नै आज देश समाजमा व्याप्त विसंगति विकृतिको जड हुन गएको छ ।

मनुष्य एक सामाजिक प्राणी हुन् । समाज देशको भलाइ वा नाश, मनुष्यको कृयाकलापमा निर्भर भइ नै रहन्छ । यदि समाज देशको हकहित आफ्नो हातमा छ भने निश्चय नै प्रत्येक व्यक्तिले आफ्नो चरित्र सुधारमा ध्यान दिनु अति आवश्यक छ । यो चरित्र सुधारले देश समाजको हकहित त गर्ने नै भयो त्योभन्दा पहिला व्यक्ति स्वयंको हित निश्चित छ ।

यसकोलागि भनिएको छ ।

**'अत्तसम्मा पणिधि च एतं मंगलमुत्तमं'** ।

आफ्नो वास्तविक हित धर्मशरणमा नै छ । यो शील, समाधि र प्रज्ञाको विशुद्ध धर्मलाई हामीले जति सुरक्षित राख्छौं या जति जति हामी धर्मधारण गर्दछौं, स्वयं पालन गर्दछौ, त्यति त्यति नै हामीले सुरक्षा र संरक्षण पाउछौं । त्यसैगरी,

**'धम्मो हवे रक्खती' धम्मचारी'**

धर्मचारीको रक्षा धर्मले नै गर्दछ ।

त्यसैले आफ्नो सही सुरक्षाको लागि धर्मपालन, धर्मचारी र धर्मविहारी हुनु आवश्यक छ ।[६९]

अव आफ्नो चरित्र सुधारको लागि प्रत्येक व्यक्तिले आफैलाई जित्नु पर्दछ । व्यक्तिले अर्को व्यक्तिलाई जित्नुभन्दा आफ्नै मनलाई जित्नुपर्दछ र यो नै वास्तविक जित हो र निकै कठिन पनि छ । कलिङ्गको जितपछि हिंसाबाट विरक्त भएका राजा 'चण्ड-अशोक' धर्ममा डुवेपछि 'धम्म-शोक' कहलिए । यसैगरि व्यक्ति हिंसामा लागेका खुंखार डाकु अंगुलिमाल पनि बुद्धको संगत परे पछि जीवन बदल्न सफल भयो ।[७०]

यी यावत कारणले आज समाजमा भएका अराजकता, अस्तव्यस्त, अनैतिकतालाई हटाउन व्यक्तिको चरित्र सुधारको अति आवश्यक छ र यसको लागि व्यक्तिले शीलको मर्म, महत्व बुझी आचरण सुधार गर्नु जरुरी छ ।



Downloaded from http://www.dhamma.digital

# चौठौं अध्याय

## बुद्धधर्ममा वर्णित महत्वपूर्ण शील

### ४.१ शीलको अर्थ :

बुद्धधर्ममा आउने शील विभिन्न छन् जस्तै गृहस्थ, उपासक उपासिकाको लागि, श्रमण गृहत्यागीको लागि आदि । सर्वप्रथम अव हामीले शीलको अर्थ बुझ्न उपयुक्त हुन्छ ।

'शीलन (आधार, वासस्थान) को अर्थमा शील हो । यो शीलन के हो ? कार्यक्रम आदिको संयम, अर्थात सुशीलद्वारा अविप्रकीर्णता (एक जस्तो बनिरहनु) अथवा स्थिर हुनको लागि आधारजस्तै कुशल धर्महरूलाई धारण गर्नु नै यसको अर्थ हो' ।

भगवान् गौतम बुद्धले भन्नुभएको छ,

**"सीले पतिट्ठाय नरो सपञ्ञो, चित्तं पञ्ञञ्च भावयं ।**
**आतापि निपको भिक्खु, सो इमं विजटये जटं ॥"**

अर्थ :- जो व्यक्ति प्रज्ञावान् हुन्छ, वीर्यवान् हुन्छ, पण्डित हुन्छ, संसारमा भय नै भय देख्ने (भिक्षु) हुन्छ, उ **शीलमा** प्रतिष्ठित भएर, चित्त (समाधि) र प्रज्ञाको भावना गर्दै यस जटा (जञ्जाल) लाई सुल्झाउन सक्दछ ।[७१]

**शीलबाट** धर्म (शासन) को आरम्भ कल्याणकारी हुने बताइएको छ । संयुक्त निकाय(४३,७,२) को वचनानुसार "कुशल धर्मको प्रमाणको लागि धम्मपद (१८३) को गाथा प्रस्तुत गर्न सकिन्छ । (हेर्नुहोस् ३.७ 'कर्मकाण्डले पाप पखालिंदैन ) । यसको अर्थ हुन् –नगर्नु सबै पापहरू, गर्नु कुशल सञ्चय, चित्त शुद्ध गर्दै लानु यही बुद्धहरूका शिक्षा हो ।

कुशल धर्मको आरम्भ के हो ? -सुविशुद्ध शील । "नगर्नु सबै पापहरू" शील धर्मको आरम्भ हो र त्यो पनि आफूले गरेको कर्मलाई याद गरेर पश्चाताप नगर्ने आदि गुणहरू प्राप्त हुने कारणले कल्याणकारी छ । शील दुराचारको खराबीहरूको विशोधन (दूरीकरण) भनिएको छ ।[७२]

यी विविध कारणले व्यक्तिको आचरण शीलवान् हुन आवश्यक छ ।

### ४.२ शील धर्म :

"शील धर्मको पालन गर्नु, सामाजिक व्यवस्थाको पालन गर्नु हो" ।[७३] मानव एक सामाजिक प्राणी हो र समाजको सुव्यवस्था बनाइ राख्नमा नै सबैको सुरक्षानिहित छ ।



Downloaded from http://www.dhamma.digital

जव कुनै व्यक्तिले कसैको हत्या गर्दछ, अर्काको वस्तु चोर्दछ, व्यभिचार गर्दछ, भूठ बोल्छ र लागु पदार्थमा भुल्छ, तब सामाजिक व्यवस्था अस्तव्यस्त हुनजान्छ। तर यसको विपरित कसैले शीलधर्म पालन गर्दछ भने समाज तथा आफ्नो पनि कल्याण गर्नमा मद्दत पुऱ्याउँछ।

एकचोटी भगवान् गौतम वुद्धले कोशल राज्यका वेलुद्वार नामक व्राह्मण गाउँमा गृहस्थहरूको लागि दिनुभएको कुरा स्मरणीय छ। भगवान् वुद्धले सोध्नुभयो। तपाईहरूलाई कसैले दुःखदिई हिंसाकर्म गरेको मन पर्छ कि पर्दैन ? यसैगरी अन्य प्रश्नहरू– चोरी गर्ने, व्यभिचार गर्ने, भूठ बोल्ने, चुग्ली गर्ने, व्यर्थको गफ गर्ने, लोभी, बदला लिने आदि मन पर्छ कि पर्दैन भनी सोध्दा, गाउँलेहरूले मन पर्दैन भन्ने जवाफ दिए। त्यसमा भगवान वुद्धले आफूलाई मन नपर्ने कुराहरू आफूले पनि गर्न नहुने वताउनुभयो।[७४]

अब यो के हुन् भने व्यक्तिहरूले पालन गर्नु पर्ने शील धर्म नै हुन्। यसैमा फेरि अर्को घटना एउटा राख्नु सान्दर्भिक नै हुनेछ। एक जनाले "गौतम ! आफू बूढो नभएसम्म आफ्नो भलो हुनको लागि के गर्नु पर्दोरहेछ ?" भनी सोधे। यसको जवाफमा भगवान् गौतम वुद्धले "बूढो नभएसम्म आफ्नो भलो चाहने व्यक्ति शील सदाचार गुणले सम्पन्न हुनुपर्दछ। अर्थात् बानी व्यहोरा राम्रो हुनु नै बूढो नभएसम्मका लागि भलो हुने गुण हो" भन्नुभयो।[७५]

दुःख हुने दुईवटा धर्म छन तिनीहरू हुन् शरीर, वचन र मनले दुश्चरित्र कार्य गरेपछि आफूले दुश्चरित्र कार्य गरें भनेर दुःख हुनु र आफूले सच्चरित्र कार्यगर्न सकेन भनेर दुःख मनाउनु। यदि दुःख नहुनु भने आफूले यसको विपरित कार्य गर्नुपर्दछ।[७६] यो शरिर वचन र मनवाट कुशल र अकुशल कर्म हरू बारे पछि वर्णन गरिएको छ।

वुद्धधर्ममा सामान्यजन (उपासक उपासिका) ले पञ्चशील तथा विशेष दिनहरूमा अष्टशील ग्रहण गर्दछ। यी पञ्चशील तथा अष्टशीलहरू यसरी छन्।

**(क) पञ्चशील :**

(१) **पाणातिपाता वेरमणी सिक्खापदं समादियामि :** (मैले) प्राणीघात नगर्ने शील(शिक्षा) राम्रोसंग पालन (ग्रहण) गर्दछु।

(२) **अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि** : (मैले) चोरी नगर्ने (नदिईकन नलिने) शील (शिक्षा ) राम्रोसंग पालन गर्दछु।

(३) **कामेसु मिच्छाचारा वेरमणी सिक्खापदं समादियामि** :(मैले) परस्त्री र परपुरुष गमन नगर्ने शील (शिक्षा) राम्रोसंग पालन गर्दछु।

(४) **मुसावादा वेरमणी सिक्खापदं समादियामि** :(मैले) भूठ नबोल्ने शील



Downloaded from http://www.dhamma.digital

(शिक्षा) राम्रोसंग पालन गर्दछु ।

(५) **सुरामेरय –मज्ज –पमादट्ठाना वेरमणी सिक्खापदं समादियामि** :(मैले) प्रमादका कारण भएका रक्सी, जाँड आदि नशालु पदार्थ सेवन नगर्ने शील (शिक्षा) राम्रोसंग पालन गर्दछु ।[७७]

(ख) **अष्टशील :**

(१) **पाणातिपाता वेरमणी सिक्खापदं समादियामि :**(मैले) प्राणीघात नगर्ने शील(शिक्षा) राम्रो संग पालन(ग्रहण) गर्दछु ।

(२) **अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि** :(मैले) चोरी नगने (नदिईकन नलिने) शील(शिक्षा ) राम्रोसंग पालन गर्दछु ।

(३) **अब्रह्मचरिया वेरमणी सिक्खापदं समादियामि** : (मैले) ब्रह्मचर्यामा रहने शील(शिक्षा) राम्रोसंग पालन गर्दछु ।

(४) **मुसावादा वेरमणी सिक्खापदं समादियामि** : (मैले) झूठ नबोल्ने शील (शिक्षा) राम्रोसंग पालन गर्दछु ।

(५) **सुरामेरय –मज्ज –पमादट्ठाना वेरमणी सिक्खापदं समादियामि** :प्रमादका कारण भएका रक्सी, जाँड आदि नशालु पदार्थ सेवन नगर्ने शील (शिक्षा) राम्रोसंग पालन गर्दछु ।

(६) **विकाल-भोजना वेरमणी सिक्खापदं समादियामि :** (मैले) विकाल (बाऱ्हबजे पछि) भोजन नगर्ने शील (शिक्षा ) राम्रोसंग पालन गर्दछु ।

(७) **नच्चगीतवादितविसूकदस्सन-माला-गन्धविलेपन-धारण-मण्डन,-विभूषनट्ठाना वेरमणी सिक्खापदं समादियामि**: (मैले) नाच, गाना, बाद्य वादन र मेला तमाशा नहेर्ने, माला, गन्ध, लेपन नलगाउने एवं शरीर श्रृङ्गारको आभूपणवस्तु धारण नगर्ने शील (शिक्षा) राम्रोसंग पालन गर्दछु ।

(८) **उच्चासयन-महासयना वेरमणी सिक्खापदं समादियामि :** (मैलै) साऱ्है उच्च र महान शय्यामा नसुत्ने नबस्ने शील (शिक्षा ) राम्रोसंग पालन गर्दछु ।[७८]

यसरी पञ्चशील वा अष्टशीलको प्रत्येक व्यक्तिको जीवनमा महत्व हुनु स्वाभाविक हो । जीवनमा सबैले श्रमण भिक्षु धर्मपालन गर्न सक्दैनन र त्यसैले गृहस्थहरूको लागि गृहस्थ धर्मको व्याख्या गरेको छ । “यो गृहस्थ धर्ममा यही पञ्चशील वा अष्टशील पालन गर्दछ । प्रत्येक चतुर्दशी, पूर्णिमा, अष्टमी तथा अन्य पर्वको दिनमा यो अष्ट उपोषथ शील धर्मको पालन गर्दछ । श्रद्धावान व्यक्तिले यो उपोसथ व्रत धारण गरेर विहान सबेरै भिक्षु संध, संतहरूलाई सक्दो दान दिन्छ । यस बाहेक आफूलाई धार्मिक व्यवसायमा लगाउनुको साथै धर्मपूर्वक आफ्नो आमा बावुलाइ पाल्नु पर्दछ” ।[७९]



Downloaded from http://www.dhamma.digital

(ग) **दशशील :**

श्रामणेरहरू दशशील पालन गर्दछ जुन निम्न प्रकारका छन् ।

(१) **पाणातिपाता वेरमणी सिक्खापदं समादियामि :** (मैले) प्राणीघात नगर्ने शील (शिक्षा) राम्रोसंग पालन (ग्रहण) गर्दछु ।

(२) **अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि** : (मैले) चोरी नगर्ने (नदिईकन नलिने) शील (शिक्षा ) राम्रोसंग पालन गर्दछु ।

(३) **अब्रह्मचरिया वेरमणी सिक्खापदं समादियामि** : (मैले) ब्रह्मचर्यामा रहने शील(शिक्षा) राम्रोसंग पालन गर्दछु ।

(४) **मुसावादा वेरमणी सिक्खापदं समादियामि** : (मैले) झूठ नवोल्ने शील (शिक्षा) राम्रोसंग पालन गर्दछु ।

(५) **सुरामेरय –मज्ज –पमादट्ठाना वेरमणी सिक्खापदं समादियामि**: प्रमादका कारण भएका रक्सी, जाँड आदि नशालु पदार्थ सेवन नगर्ने शील (शिक्षा) राम्रोसंग पालन गर्दछु ।

(६) **विकाल-भोजना वेरमणी सिक्खापदं समादियामि :** (मैले) विकाल (बाह्रबजे पछि) भोजन नगर्ने शील (शिक्षा) राम्रोसंग पालन गर्दछु ।

(७) **नच्चगीतवादितविसूकदस्सन वेरमणी सिक्खापदं समादियामि** : (मैले) नाच, गाना, बाद्य वादन र मेला तमाशा नहेर्ने शील (शिक्षा )राम्रोसंग पालन गर्दछु ।

(८) **माला-गन्धविलेपन-धारण-मण्डन-विभूसनट्ठाना वेरमणी सिक्खापदं समादियामि :** (मैले) माला, गन्ध, लेपन नलगाउने एंव शरीर श्रृङ्गारको आभूपणवस्तु धारण नगर्ने शील (शिक्षा) राम्रोसंग पालन गर्दछु ।

(९) **उच्चासयन-महासयना वेरमणी सिक्खापदं समादियामि :** (मैले) सार्है उच्च र महान शय्यामा नसुत्ने नबस्ने शील (शिक्षा) राम्रोसंग पालनगर्दछु ।

(१०) **जात रूप रजतपटिग्गहणा वेरमणी सिक्सापदं समादियामि :** (मैले) सुन चाँदि ग्रहण नगर्ने शील (शिक्षा) राम्रोसंग पालन गर्दछु ।[८०]

## ५.२ त्रिरत्न शरण :

भगवान् गौतम बुद्धले आफ्नो दर्शन बिभिन्न व्यक्ति, ठाउँमा जनरुची र आवश्यकताअनुरूप प्रवचन र देशना दिनुभयो । यस सिलसिलामा धर्मको महत्व, धर्म र पापको भेद्, व्यक्तिको आफ्नो कर्म र सोहीअनुसार आफूले भोग्न पर्ने फल बताउनुभयो र मानवहरूलाई आफ्नो कर्म सहि बनाउन सचेत गराउनुभयो ।

यो त्रिरत्न शरण जानुअघि पाठ गरिने हुन,



Downloaded from http://www.dhamma.digital

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।**

अर्थः- उहाँ भगवान् अर्हत् सम्यक्सम्बुद्धलाई नमस्कार । यसरी यहाँ नमस्कार गुणलाई गरेको हो । कुनै व्यक्ति विशेषलाई होइन ।

त्रिरत्न शरणमा गरिने पाठ यसरी छन् ।

**बुद्धं सरणं गच्छामि ।**
**धम्मं सरणं गच्छामि ।**
**संघं सरणं गच्छामि ।**

**दुतियम्पि बुद्धं सरणं गच्छामि ।**
**दुतियम्पि धम्मं सरणं गच्छामि ।**
**दुतियम्पि संघं सरणं गच्छामि ।**

**ततियम्पि बुद्धं सरणं गच्छामि ।**
**ततियम्पि धम्मं सरणं गच्छामि ।**
**ततियम्पि संघं सरणं गच्छामि ।**[८१]

यसको अर्थ बुद्धको शरणमा जान्छु, धर्मको शरणमा जान्छु, संघको शरणमा जान्छु । फेरि दोस्रोवार (दुतियम्पि) र तेस्रोवार (ततियम्पि) पनि बुद्ध, धर्म र संघको शरण जान्छु ।

विहान एवं संध्याको समयमा त्रिरत्न वन्दना गर्नु प्रत्येक बौद्धको कर्तव्य हो । बुद्ध, धर्म, संघलाई त्रिरत्न भन्दछन् । त्रिरत्न गुणस्मरण गरी वन्दना गरेको खण्डमा चित्त शान्त रहन्छ । मानसिक संतोष हुन्छ । र त्रिरत्न स्मरणद्वारा पुण्य (धर्म) लाभ हुन्छ ।[८२]

यो शरणमा गरिने पाठ (वन्दना) यसरी छन् ।

(क) **बुद्ध वन्दना :**

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स**

**इतिपि सो भगवा अरहं सम्मा सम्बुद्धो, विज्जाचरणसम्पन्नो, सुगतो, लोकविदू, अनुत्तरो पुरिसदम्म सारथी सत्था देव मनुस्सानं बुद्धो भगवा'ति ।**

**नमो तस्स सम्मासम्बुद्धस्स**

**ये च बुद्धा अतीता च, ये बुद्धा अनागता ।**
**पच्चुपन्ना च ये बुद्धा, अहं वन्दामि सब्बदा ।**
**नत्थि मे सरणं अञ्ञं बुद्धो मे सरणं वरं ।**



Downloaded from http://www.dhamma.digital

**ऐतेन सच्चवज्जेन, होतु मे जय-मङ्गलं ॥**
**उत्तमङ्गेन वन्देहं, पादपंसु वरुत्तमं ।**
**बुद्धेयो खलितो दोसो, बुद्धो खमतु तं ममं ।**
**बुद्धं जीवितपरियन्तं, सरणं गच्छामि ॥**

अर्थः- उनै भगवान् अर्हत सम्यक् सम्बुद्धलाई नमस्कार ।

उनै भगवान् अर्हत हुन् सम्यक् सम्बुद्ध हुन । विद्या र आचरणले सम्पन्न भएका हुन्, निर्वाण मार्गमा जानुभएका हुन्, लोकज्ञाता हुन्, दमनीय पुरूषहरुलाई अनुत्तर हुनु भएका धर्म सारथी हुन् । मनुष्य मात्रै होइन देवी देवताहरुका शास्ता गुरू हुन्, बोध हुनुभएका बुद्ध हुन् भगवान् हुन् । यस्ता सम्यक् सम्बुद्धलाई नमस्कार छ ।

पहिला भइसकेका बुद्धहरुलाई, पछि हुने बुद्धहरुलाई र अहिले भएका बुद्धहरुलाई पनि म सदा सर्वदा वन्दना गर्दछु । बुद्धवाहेक अरु मेरो शरण अरु कोही छैन । यही उत्तम शरण हो । यही सत्य वचनको प्रभावले मेरो जयमङ्गल होस् ।

वहाँको पाउले टेकेको धूलोलाई पनि श्रेष्ठोत्तम सम्झी शिरले वन्दना गर्दछु । यदि मैले बुद्धप्रति अपराध गरेको रहेछु भने बुद्धले मलाई क्षमा दिनु होला । आजीवन म बुद्धको शरणमा जान्छु ।[८३]

(ख) **धर्म वन्दना :**

**स्वाक्खातो भगवता धम्मो सन्दिट्ठिको, अकालिको एहिपस्सिको, ओपनय्यिको पच्चत्तं वेदितब्बो बिञ्ञूही ति ।**

**नमोतस्स निय्यानिकस्स धम्मस**

**ये च धम्मा अतीता च ये च धम्मा अनागता ।**
**पच्चुप्पना च ये धम्मा अहं वन्दामि सब्बदा ।**
**नत्थि मे सरणं अञ्ञं धम्मो मे सरणं वरं ।**
**एतेन सच्चवज्जेन, होतु मे जय मङ्गलं ॥**
**उत्तमङ्गेन वन्दे'हं, धम्मञ्च दुविधं वरं ।**
**धम्मे यो खलितो दोसो, धम्मो खमतु तं ममं ॥**

**धम्मं जीवित परियन्तं, सरणं गच्छामि ॥**

भावार्थः भगवान्ले यो धर्मलाई पद-व्यञ्जन राम्रोसंग मिलाई भन्नुभएको छ, यही लोकमा फलदायी हुने धर्म हो । समय नवित्दै फलदिने, यसबारे यहाँ आऊ हेर ! परीक्षा गर ! भनी भन्न सकिन्छ । माथि पुऱ्याइ दिने धर्म यही हो । जस्तो सुकै बुद्धिमानले पनि आफूले साक्षात्कार गरी अवबोध गर्नु पर्ने धर्म हो । यो



Downloaded from http://www.dhamma.digital

निर्वाणमा पुऱ्याउने धर्मलाई नमस्कार छ ।

पहिले भएको धर्मलाई पछि हुने धर्मलाई र अहिले भएको धर्मलाई पनि सदा सर्वदा वन्दना गर्छु ।

धर्मवाहेक मेरो अरु कुनै शरण छैन यो धर्म नै उत्तम शरण हो । र यही सत्य वचनको प्रभावले मेरो जय मङ्गल होस ! दुई प्रकारले उत्तम धर्मलाई म शीरले वन्दना गर्छु । यस धर्मप्रति मबाट केही अपराध भए त्यसमा धर्मले मलाई क्षमा देओस् । मेरो जीवन रहुन्जेलसम्म धर्मको शरण जान्छु ।[८४]

(ग) **संघ वन्दना :**

**सुपटिपन्नो भगवतो सावक संघो, उजुपटिपन्नो भगवतो सावक संघो, ञायपटिपन्नो भगवतो सावक संघो, सामीचिपटिपन्नो भगवतो सावक संघो, यदिदं चत्तारि पुरिस युगानि अट्ठपुरिस पुग्गला, एस भगवतो सावक संघो, आहुनेय्यो, पाहुनेय्यो, दक्खिणेय्यो, अञ्जलिकरणीयो, अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्सा'ति ।**

**नमोतस्स अट्ठारिय पुग्गला महासंघस्स ।**

**ये च सङ्घा अतीता च, ये च सङ्घा अनागता ।**
**पच्चुप्पना च ये सङ्घा, अहं वन्दामि सब्बदा ।**
**नत्थि मे सरणं अञ्ञं सङ्घो मे सरणं वरं ।**
**एतेन सच्च वज्जेन, होतु मे जय मङ्गलं ॥**
**उत्तमङ्गेन वन्देहं, सङ्घञ्च तिविधुत्तमं ।**
**सङ्घेयो खलितो दोसो, संघो खमतु तं ममं ।**
**संघं जीवित परियन्तं, सरणं गच्छामि ॥**

भावार्थ : भगवान्को श्रावक संघ सुप्रतिपन्न छन् । सीधा बाटो जान्छन् । निर्वाण (न्याय) मार्गमा जान्छन् । आदरपूर्वक धर्माचरण गर्छन् । यी नै चारजना पुरूषहरु हुन, आठजना व्यक्ति हुन्, यिनीहरु जस्ता भगवान्का श्रावक हुन्, आदरणीय हुन् माननीय हुन्, दान दिन योग्य हुन् नमस्कार गर्न योग्य हुन्, लोकवासीहरुको निमित्त अपरिमत पुण्य क्षेत्र हुन् । त्यस्तो अष्ट पुद्गल महासंघलाई र पहिले भइरहेको संघलाई पछि हुने संघलाई र अहिले भइरहेको संघलाई पनि म सधैं वन्दना गर्छु । संघबाहेक मेरो अरू कुनै शरण छैन । यही उत्तम शरण हो । यस सत्य वचनको प्रभावले मेरो जय मङ्गल होस् । तीन प्रकारका उत्तम संघहरूलाई म सशरीरले वन्दना गर्छु । यदि संघप्रति मेरो अपराध भएमा संघले क्षमा देओस् । आजीवन म संघको शरणमा जान्छु ।[८५]



Downloaded from http://www.dhamma.digital

भगवान् गौतम बुद्धले आफ्नो प्रवचन, देशनाहरूमा कहिले पनि आफ्नो धर्मलाई वुद्धधर्म भनी भन्नुभएन। त्यसैले हामीले यहाँ भेद बुझ्न परेको छ आखिरमा त्रिरत्नको शरण जानु भनेको 'वुद्धधर्म'को शरण जाने होईन बरु (१) बुद्ध (२) धर्म र (३) संघ भिन्दाभिन्दे तीनवटा रत्नको शरण जानु हो।

अब यहाँ माथि उल्लेख गरिएको त्रिरत्न शरण- बुद्ध, धर्म र संघको शरण भन्नाले कुनै गौतम बुद्ध, कुनै वुद्धधर्म र कुनै भिक्षु व्यक्ति विशेपको शरणमा जानु भनेको नभई बुद्ध, धर्म र संघको गुणको शरणमा जानु भनेको हो भनी बुझ्नु पर्दछ। अब यी बुद्ध, धर्म र संघको गुण निम्न प्रकारका छन्।

(घ) **बुद्ध गुण :**

(१) **सो भगवा इतिपि अरहं :**

उहाँ भगवान् यो यो कारणले बह्मा देव मनुष्स्यहरूले पूजा गर्न योग्य हुनुभएको, संसार चक्रको आडलाई भाँच्नुभएको, राग द्वेपादि सबै शत्रुलाई दमन गर्नभएको, कहिल्यै गुप्त पाप नगर्ने भएकोले '**अरहं**' गुणले संयुक्त हुनुभएको हो।

(२) **सो भगवा इतिपि सम्मासम्बुद्धो** :

उहाँ भगवान् यो कारणले सम्पूर्ण धर्मलाई विशेष रूपले स्वयं साक्षात्कार गर्नुभएकोले '**सम्मासम्बुद्धो**' गुणले संयुक्त हुनुभएको हो।

(३) **सो भगवा इतिपि विज्जाचरणसम्पन्नो** :

उहाँ भगवान् यो यो कारणले तीन विद्या, आठ विद्या र चरण पन्ध्र सम्पूर्ण हुनुभएकोले '**विज्जाचरणसम्पन्न**' गुणले संयुक्त हुनुभएको हो।

(४) **सो भगवा इतिपि सुगतो** :

उहाँ भगवान् यो यो कारणले मृत्यवाट अलग रहेको निर्वाण नगरमा राम्रोसंग जानुभएको हुनाले '**सुगत**' गुणले संयुक्त हुनु भएको हो।

(५) **सो भगवा इतिपि लोकविदू** :

उहाँ भगवान् यो यो कारणले सत्तलोक, संङखारलोक र ओकासलोक नामक तीन लोकलाई देख्नु (जान्नु) भएकोले '**लोकविदू**' गुणले संयुक्त हुनुभएको हो।

(६) **सो भगवा इतिपि अनुत्तरो पुरिसदम्मसारथि** :

उहाँ भगवान् यो यो कारणले देव, मनुष्य, तिर्यघक, र वेनेय्य प्राणीहरूलाई असदिस रूपले सभ्य हुने गरी दमन गर्नुभएकोले '**अनुत्तर पुरिसदम्मसारथि**' गुणले संयुक्त हुनुभएको हो।

(७) **सो भगवा इतिपि सत्था देवमनुस्सानं** :

उहाँ भगवान् यो यो कारणले ब्रह्मा, देव र मनुष्यहरूको गुरु हुनु भएकोले '**सत्था देवमनुस्सानं**' गुणले संयुक्त हुनु भएको हो।



Downloaded from http://www.dhamma.digital

(८) **सो भगवा इतिपि बुद्धो** :

उहाँ भगवान् यो यो कारणले चारआर्य–सत्यलाई भिन्न भिन्न गरी साक्षात्कार गर्नुभएकोले '**बुद्ध**' गुणले संयुक्त हुनुभएको हो ।

(९) **सो भगवा इतिपि भगवा** :

उहाँ भगवान् यो यो कारणले भाग्यरूपी ६ प्रकारका अनन्त गुणले संयुक्त हुनुभएकोले '**भगवा**' गुणले संयुक्त हुनभएको हो । यसरी **नवगुण** सम्पूर्ण हुनुभएकोले उहाँ भगवान् बुद्धलाई मैले आदरपूर्वक नमस्कार गर्दछु ।[८६]

(ङ) **धर्म गुण :**

(१) **स्वाक्खातो भगवता धम्मो** :

भगवान् बुद्धले देशना गर्नुभएको दश उत्तमधर्म, आदि मध्य अन्तसम्म कल्याण हुने गरी देशना गर्नुभएकाले '**स्वाक्खात**' गुणले संयुक्त भएको हो ।

(२) **सन्दिट्ठिको भगवता धम्मो** :

भगवान् बुद्धले देशना गर्नुभएको नव लोकुत्तरधर्म, यहाँको यही नै फल दिने अर्थात् आर्य पुद्गलहरूले स्वयं साक्षात्कार गर्न सकिने भएकाले '**सन्दिट्ठिक**' गुणले संयुक्त भएको हो ।

(३) **अकालिको भगवता धम्मो** :

भगवान् बुद्धले देशना गर्नुभएको चार उत्तममार्ग, समय नबित्दै फल दिने भएकाले '**अकालिक**' गुणले संयुक्त भएको हो ।

(४) **एहिपस्सिको भगवता धम्मो** :

भगवान् बुद्धले देशना गर्नुभएको नव लोकुत्तरधर्म 'आऊ' र 'हेर' भनी बोलाएर देखाउन योग्य भएकाले '**एहिपस्सिक**' गुणले संयुक्त भएको हो ।

(५) **ओपनेय्यिको भगवता धम्मो** :

भगवान् बुद्धले देशना गर्नुभएको नव लोकुत्तर धर्म आर्यगणहरूलाई निर्वाणमा पुऱ्याइदिने भएकाले '**ओपनेय्यिक**' गुणले संयुक्त भएको हो ।

(६) **पच्चत्तं वेदितब्बो विञ्ञूहि भगवता धम्मो** :

भगवान् बुद्धले देशना गर्नुभएको नव लोकुत्तरधर्म विद्वान्हरूले अलग्ग अलग्ग स्वयं अनुभव गरी जान्न र थाहा पाउन योग्य छ; त्यसकारणले '**पच्चत्तं वेदितब्बो विञ्ञूहि**' गुणले संयुक्त भएको हो । यसरी ६ गुणले सम्पूर्ण भएका ती दश उत्तमधर्मलाई आदरपूर्वक मैले नमस्कार गर्दछु ।[८७]

(च) **संघ गुण :**

**(१) सुपटिपन्नो भगवतो सावकसंघो** :

भगवान् बुद्धका श्रावक–संघहरू जसरी उपदेश गर्नुभएको हो, त्यसरीनै



Downloaded from http://www.dhamma.digital

राम्रोसंग आचरण गर्नुभएको हुनाले '**सुपटिपन्नो**' गुणले सम्पन्न भएका हुन् ।

**(२) उजुप्पटिपन्नो भगवतो सावकसंघो** :

भगवान् बुद्धका श्रावक संघहरू सोझो रूपले आचरण गर्नुभएका हुनाले '**उजुप्पटिन्नो**' गुणले सम्पन्न भएका हुन् ।

**(३) ञायप्पटिपन्नो भगवतो सावकसंघो** :

भगवान् बुद्धका श्रावक–संघहरू निर्वाणको हेतुले आचरण गर्नुभएको हुनाले '**ञायप्पटिपन्नो**' गुणले सम्पन्न भएका हुन् ।

**(४) सामीचिप्पटिपन्नो भगवतो सावक संघो**

**यदिदं चत्तारि पुरिसयुगानि अट्ठ परिसपुग्गला एस भगवतो सावकसंघो** :

भगवान् बुद्धका श्रावक–संघहरू आदर सत्कार गर्न लायक हुने गरी आचरण गर्नुभएको हुनाले '**सामीचिप्पटिपन्नो**' गुणले सम्पन्न भएका हुन् । मार्ग चार र फल चारको हिसावले उहाँ भगवान् बुद्धका श्रावक–शिष्यहरू चारजोर उत्तम पुरुषहरू हुनुहुन्छ । उहाँहरू एक एक जनाको हिसाबले आठ पुद्गलहरू हुनुहुन्छ ।

**(५) आहुनेय्यो भगवतो सावकसंघो**

भगवान् बुद्धका श्रावक–संघहरू आह्वान गर्न योग्य हुनु भएका हुनाले '**आहुनेय्यो**' गुणले सम्पन्न भएका हुन् ।

**(६) पाहुनेय्यो भगवतो सावकसंघो** :

भगवान बुद्धका श्रावक संघहरू अतिथि पाहुना सत्कार गर्न योग्य भएको हुनाले '**पाहुनेय्यो**' गुणले सम्पन्न भएका हुन् ।

**(७) दक्खिणेय्यो भगवतो सावकसंघो** :

भगवान् बुद्धका श्रावक–संघहरू निर्वाणसम्ममा विश्वास गरी दान दिएको ग्रहण गर्न योग्य हुनुभएको हुनाले '**दक्खिणेय्यो**' गुणले सम्पन्न भएका हुन् ।

**(८) अञ्जलिकरणीयो भगवतो सावकसंघो** :

भगवान् बुद्धका श्रावक–संघहरू राम्रो फल दिने आशा लिई दुवै हात जोडेर विन्ति गर्न योग्य हुनुभएका हुनाले '**अञ्जलिकरणीयो**' गुणले सम्पन्न भएका हुन् ।

**(९) अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्स भगवतो सावकसंघो** :

भगवान् बुद्धका श्रावक–संघहरू ब्रह्मा देव मनुष्य तीन लोकको उपमा नभएको पुण्यरूपी बीउ छर्न (रोप्न) अति उत्तम खेत समान हुनुभएका हुनाले '**अनुत्तरं पुञ्ञक्खेतं लोकस्स**' गुणले सम्पन्न भएका हुन् ।[८८]

यसरी यहाँ त्रिरत्नको शरण भन्नाले हामीले यी तीन वटा रत्नको गुणहरूको शरणमा जानु हो । यसले पनि प्रप्ट पार्दछ बुद्ध र धर्म भन्नु बेग्ला बेग्लै दुई रत्न हुन् । यस वाहेक धर्ममा कुनै शब्द विशेष जोड्नु नै धर्मको गलत व्याख्या हुनजान्छ । यसैले हामी भन्न सक्दछौं बुद्धको शरणमा जानु भनेको गौतम वुद्धको



Downloaded from http://www.dhamma.digital

शरणमा जानु होईन बरु बुद्धको गुणको शरणमा जानु हो । त्यसै गरी धर्म र संघको शरण जानु भनेको कुनै धर्म बिशेप र व्यक्ति बिशेपको शरणमा जाने होईन वरु त्यसको गुणको शरणमा जानु हो ।

**४.४ दश अकुशल तथा कुशल कर्म** :

संसारमा जति पनि धर्महरू छन ती सबैले व्यक्तिहरूको कुशल कर्म र निर्मल चित्तमा जोड दिएका छन् । विश्व, संसारमा आज जुन किसिमको आतंकको वातावरण छ, विभिन्न धर्महरूको बीचमा वादविवाद भई युद्ध वा समेत हुन्छ भने निश्चय नै यहाँ धर्मको मर्म नबुझेको तथा सही धर्मको विवाद नभई साम्प्रदायिक झमेला तथा ववाल मात्र भएको मान्न सकिन्छ । धर्म झै-झगडा र वादविवादको विपय हुन सक्दैनन् बरु धर्मले त व्यक्तिहरू बीच भाईचारा सहनशीलता आदिको गुण विकास गराउँदछ ।

विश्वमा आज आतंकको जरा निकै गाडिसकेका छ भने व्यक्तिहरू तथा राष्ट्रहरूको बीचमा असमझदारी वढ्न जानुमा अधर्म बढ्न गएकोले हो भन्न सकिन्छ । व्यक्तिहरूको आफ्नो सही कर्मले देश समाज र विश्वको वातावरणलाई सही गति दिन्छ भने गलत कर्मले सम्पूर्ण वातावरणलाई प्रदूपित गर्नेमा दुई मत हुँदैन ।

अब बुद्धधर्ममा उल्लेख गरेका दश अकुशल कर्महरूको चर्चा गर्नुपर्दा यिनीहरूलाई (क) काया (शरीर) (ख) वचन र (ग) मन (चित्त) द्वारा हुने अकुशल कर्म गरी तीन समूहमा बाँडेका छन् ।[८९]

(क) **काया (शरीर)द्वारा हुने अकुशल कर्म :** काया (शरीर) द्वारा हुने अकुशल कर्महरू तीनवटा छन् ।

(१) **हिंसा हत्या** : कुनै पनि प्राणीको हत्या गर्नु हुँदैन् ।

(२) **व्यभिचार** : परस्त्री वा परपुरुपसंग शारीरिक सम्बन्ध राख्नु हुँदैन । र

(३) **चोरी** : अर्काको सामान चोरी वा नदिइकन लिनु हुँदैनन् ।

(ख) **वचनद्वारा हुने अकुशल कर्म :** वचन्द्वारा हुने अकुशल कर्महरू चारवटा छन् ।

(१) **मुसावाद** (झूठो वचन) : जानी जानी झूठ बोल्न हुँदैन् ।

(२) **सम्प्रलाफ** (व्यर्थको गफ) :आज व्यक्तिहरूको समूहमा व्यर्थको गफ गर्ने हुँदा त्यसमा झूठ, द्वेष आदिको संभावना हुनको साथै व्यक्तिलाई उद्योगी हुनको साटो अल्क्षी बनाउने हुन्छ ।

(३) **पिशुण वचन** (कडा वचन) : कडा वचनले व्यक्ति व्यक्तिमा शत्रुताको भावना मात्र पैदा गराउँछ ।

(४) **फरूश वचन** (चुग्ली) : चुग्ली गरेर अर्काको हक छिन्नु वा आफूलाई



Downloaded from http://www.dhamma.digital

फाइदा पुऱ्याउन खोज्दा पनि वचनद्वारा अकुशल कर्म हुन जान्छ।

(ग) **चित्तद्वारा हुने अकुशल कर्मः** चित्तद्वारा हुने अकुशल कर्महरू तीनवटा छन्।

(१) **लोभ** : हामीले 'चित्तका प्रकार'मा कुशल अकुशल चित्तको सामान्य परिचय दिएकोमा यो लोभ अकुशल चित्तअन्तर्गत आउँछ। ......."लोभ बाँदरहरूलाई बाँध्नको लागि लगाइएको आलोपको समान आलम्वनलाई ग्रहण गर्ने लक्षणवाला हो। तातो कराहीमा फ्याँकिएको मासुको टुक्रा जस्तै टाँसिनु यसको कृत्य हो।"[९०]

(२) **व्यापाद** (द्वेष) : द्वेष मूलचित्त अर्थात् द्वेषको जराबाट उत्पन्न भएका चित्तहरू हुन्। हामीहरू अरुसंग रिसाउँदा हामीलाई आफ्नै क्रोधले हानी पुऱ्याउँछ।

(३) **मिथ्या दृष्टि** : दश प्रकारको मिथ्या दृष्टि (उल्टोमत,गलत धारणा) भन्नाले तलका विषयहरूलाई बुझाउँदछ।

(क) दानको फल छैन्।
(ख) यज्ञ (त्याग, आदि) को फल छैन्।
(ग) अतिथि सत्कारको फल छैन्।
(घ) कर्मफल छैन्।
(ङ) यो लोक छैन्।
(च) परलोक छैन्।
(छ) आमा छैन्।
(ज) बुबा छैन्।
(झ) जन्मने प्राणी छैन्।
(ञ) अर्हत छैन।[९१]

व्यक्तिले शील पालन गरेमा केही अकुशल कर्महरूबाट बच्न सक्दछ। माथि शीलअन्तर्गत व्याख्या गरेको पंचशीलमात्र पालन गरेमा पनि शरीर र वचनद्वारा हुने अकुशल कर्मबाट बच्न सकिन्छ।

'व्यक्तिको यहीं अकुशल कर्मले गर्दा प्राणीहरू दुर्गति, विनिपात नर्कमा जाने हो'।[९२]

अब यी दश अकुशल कर्मको विपरीत, भविष्य सपार्न दोषरहित काम गर्ने दश कुशल कार्य हुन् जुन निम्न प्रकारका छन्।

**(क) शरीरबाट हुने कुशल कार्य हुन्,**

(१) अहिंसा
(२) नचोर्नु
(३) व्यभिचार नगर्नु

**(ख) वचनबाट हुने कुशल कार्य हुन्**

Downloaded from http://www.dhamma.digital

(१) सत्य बोल्नु
(२) चुग्ली नगर्नु,
(३) कडा वचन नबोल्नु
(४) वकवास नगर्नु ।

**(ग) मनबाट हुने कुशल कार्य हुन्**

(१) लोभ नगर्नु
(२) द्वेप नगर्नु
(३) मिथ्या दृष्टि नपर्नु

यसरी कुनै पनि व्यक्तिले आफ्नो चरित्र सुधारको लागि यो कुशल कार्य र अकुशल कार्यको वीच भेद थाहा पाउनु पर्दछ । त्यसपछि व्यक्ति आफू कुशल कार्य गर्नमा लाग्नु पर्दछ । यसको लागि व्यक्तिले शील पालन गर्नु पर्ने निर्विवाद छ ।

## ४.५ भूठ, हत्या आदिको परिणाम :

हामीले शीलको महत्व तथा पञ्चशील, अप्टशील र दशशीलको व्याख्या गर्यो । अब निश्चय नै यी शील धर्म पालन् गर्न सक्यौं भने यसबाट बांछित फल प्राप्त हुन्छ, अन्यथा यसको दुष्परिणाम आउने स्वत: सिद्ध छ । अब तल यसका केही दुष्परिणामहरू उल्लेख गरिएका छन् ।

(क) **प्राणी हिंसा गरेको कर्म विपाक :**

(१) मरणपश्चात् नर्क, प्रेत, तिर्यक र असुर चार उपाय दुर्गतिमध्ये एउटामा परेर सान्है ठूलो दु:ख कष्ट भोग्नु पर्ने हुन्छ ।
(२) राम्रो रूप नभई कुरुप र अलच्छिन हुन्छ ।
(३) नरम शान्त स्वभावको हुँदैन ।
(४) दाजु -भाइ, इष्टमित्र परिवारहरू नाश भई एक्लै दु:ख भोगेर बस्नु पर्ने हुन्छ ।
(५) दु:ख गरी धन र अन्न अलि अलि जम्मा गरेर राखेको पनि परजनहरूले फकाएर लिन्छ, वा लुटेर खाइदिन्छन् ।

(ख) **चोरी गरेको कर्म बिपाक :**

(१) मरणपश्चात् नर्क, प्रेत, तिर्यक र असुर-चार उपाय दुर्गतिमध्ये एउटामा परेर सान्है ठूलो दु:ख कष्ट भोग्नुपर्ने हुन्छ ।
(२) मानिस भएर जन्म भएपनि दरिद्र दु:खी भएर बस्नुपर्ने हुन्छ ।
(३) राजा, आगो, पानी, चोर र शत्रुहरूको भय लिई बस्नुपर्दछ ।
(४) नीच जातिमा जन्म भई दु:ख भोग्नु पर्ने हुन्छ ।

(ग) **व्यभिचार गरेको कर्म विपाक :**



Downloaded from http://www.dhamma.digital

(१) परस्त्री वा परपुरुप गमन गर्ने मरणपश्चात–नर्क, प्रेत, तिर्यक र असुर चार उपाय दुर्गतिमध्ये एउटामा परेर धेरै समयसम्म साह्रै ठूलो दुःख कष्ट भोग्नुपर्ने हुन्छ ।

(२) धेरै प्राणीहरूका शत्रु तथा अप्रिय भएर बस्नुपर्ने हुन्छ ।

(३) सुखसँग बस्न तथा सुत्न नपाउने हुन्छ ।

(घ) **झूठ बोलेको कर्म विपाक** :

(१) झूठ बोल्ने मरणपश्चात् नर्क, प्रेत, तिर्यक र असुर-चार उपाय दुर्गतिमध्ये एउटामा परेर साह्रै ठूलो दुःख कष्ट भोग्नुपर्ने हुन्छ ।

(२) मनुष्य कुलमा जन्म लिए पनि अशुद्ध कुलमा विरुप भई, वा लाटो, वा साह्रै दुर्गन्ध शरीरको हुन्छ ।

(३) आफूले गरेको कुरा अरुले सुन्न मन नपराउने हुन्छ ।

(ङ) **सुरापान गरेको कर्म विपाक** :

(१) मरणपश्चात् नर्क, प्रेत, तिर्यक र असुर चार उपाय दुर्गतिमध्ये एउटामा परेर साह्रै ठूलो दुःख कष्ट भोग्नुपर्ने हुन्छ ।

(२) मनुष्य कुलमा जन्म लिए पनि हेतु फललाई केही नजान्ने र ज्ञान बुद्धि नभएको, मूर्खहरूको संगत गर्ने, स्मृति हीन, अल्छि ,बदमाश भइ बस्नुपर्ने हुन्छ ।

(३) राजा, आगो, पानी, चोर र शत्रुहरूको भय लिई बस्नुपर्दछ ।

(४) झूठ बोल्ने, मन सोझो नहुने, कन्जुस, ईर्स्यालु वा चुग्ली गर्ने हुन्छ ।

(५) दान गर्न नजान्ने, शील पालन गर्न नजान्ने, पाप र लाज नभएको, दुष्ट र नीच तथा सम्यक् मार्ग नदेखी मिथ्या दृष्टि हुन्छ ।[९३]

यसरी व्यक्तिले गर्ने अकुशल कर्मले त्यो व्यक्तिको जुन गति हुन्छ, त्यसलाई मध्यनजर गर्ने हो पनि हामी यो निष्कर्षमा पुग्न सक्छौं कि, आज हाम्रो देश समाजको यावत क्षेत्रमा देखा परेका समस्याहरू भनेको हाम्रै गलत (अकुशल) कार्यको परिणामले भएको हो ।

यस अर्थमा पनि अब प्रत्येक व्यक्तिहरूले आफ्नो चरित्र सुधारको लागि अकुशल कर्म गर्नबाट टाठा रही कुशल कर्म गर्न उत्प्रेरित हुनुपर्दछ ।

माथि हामीले कर्म विपाकहरूको छोटकरीमा बयान गऱ्यौ तर यसको अर्थ व्यक्तिलाई भाग्यमा विश्वास पार्न होइन, बरु व्यक्तिको बिभिन्न चारित्रिक भेदलाइ बुझ्न सजिलो होउन् तथा व्यक्ति आफ्नो कर्म सुधारको लागि सत्प्रयास गर्न सकुन् भन्नाखातिर हो ।



Downloaded from http://www.dhamma.digital

# पाँचौ अध्याय

## आजको सामाजिक अवस्था

**५.१ आजको समाज :**

आज देश समाजको जुन किसिमको राजनैतिक, सामाजिक, आर्थिक माहौल, वातावरण छ त्यसलाई कसैले पनि राम्रो मान्न सक्दैनन् । विगत केही वर्षदेखिको हत्या हिंसाबाट ग्रसित अवस्थाको परिणामस्वरूप मुलकको सामाजिक तथा आर्थिक क्षेत्रमा परेको नकारात्मक असरलाई कसैले नकार्न सक्दैनन् । आज देश समाजमा जुन किसिमको विखण्डन, विकृति, अनैतिकताको बोलवाला, भ्रष्टाचारको उग्र रूप सामने आइरहेको छ, त्यो राजनैतिक समस्या तथा राजनैतिक असफलताको रुपमा मात्र लिन सकिंदैन वरु व्यक्तिको गलत सोच, गलत आचरण, अशिक्षा, अनैतिकता आदिको गलत सामाजिक परिवेशको उपजको रूपमा लिन सकिन्छ ।

अझ भन्ने हो भने जुन समाजका बहुसंख्यक जनताहरू अशिक्षा, गरीवी, भोकमरी, बेरोजगार आदि समस्याले ग्रस्त छन् त्यस्ता समाजको सामाजिक परिवेश नै गलत हुने भएबाट, त्यस्ता समाजवाट निस्केका नेतृत्ववर्गको आचरण, मनोगत धारणा गलत हुनमा केही आश्चर्य मान्नु पर्दैन । नभए हजारौं वर्षको ईतिहास बोकेको नेपाल र नेपाली जनता अझ सम्म पछौटे भइरहनमा कुन तत्व जिम्मेवार छन् ? विश्वका कतिपय राष्ट्रहरूले विकासको बृद्धिदरलाई उच्चतम बिन्दूमा पु-याई विकासको स्वाद चाख्नुमा उनीहरूको सामाजिक परिवेश र मनोगत धारणाको ठूलो हात रहेकोमा शंका रहदैन् । यदि व्यक्तिगत सोच, क्षमता, आचरणमा भेद नभएको भए निश्चय नै सबै राष्ट्रहरूको विकास एकनास संभब हुन्थ्यो तथा विश्वमा हुने र नहुने, विकासशील, अल्पविकसित, विकसित राष्ट्रको रूपमा विभाजित हुँदैनथ्यो ।

जन साधारणको सोचाईको क्षमता, कार्य क्षमता, ईच्छा, नैतिकताको लागि सामाजिक रीतिथिति संस्कार, सामाजिक परिवेश आफ्नो जिम्मेवारीबाट मुक्त हुन सक्दैनन् । व्यक्तिको सोच, कार्यक्षमता, ईच्छा, नैतिकता, आचरण आदि आफू बसेको सामाजिक परिवेशभन्दा भिन्न हुन सक्दैनन् । सामाजिक परिवेशभन्दा भिन्दै कुनै व्यक्ति समाजमा रहन मुश्किल हुने परिप्रेक्ष्यमा, हामीले फेरि पनि भन्न सक्दछौं – हाम्रो देश समाज विकास नहुनुमा, समाजका बहुसंख्यक जनताहरू बेरोजगारी, भुखमरी, अशिक्षा, आदिबाट ग्रस्त भई अभावयुक्त जीवन जीऊन



Downloaded from http://www.dhamma.digital

बाध्य हुनुमा सामाजिक संस्कार र सामाजिक परिवेशको भूमिका छ। नेतृत्ववर्ग तथा बहुसंख्यक जनताहरूको आचरण भ्रष्ट भई व्यक्तिगत कार्य क्षमता, सोच आदिमा विकास नहुनुमा सामाजिक परिवेश, संस्कारको भूमिका छन्।

जुनसुकै क्षेत्रमा कार्य गर्ने व्यक्ति किन नहुन उ सामाजिक परिवेश, सोचाईभन्दा भिन्न रहन सक्दैनन् र गलत सामाजिक परीवेशमा रहने व्यक्तिको आचरण, सोच गलत हुनमा केही आश्चर्य मान्नु पर्दैनन्। आज हरेक क्षेत्रमा विकृति विसंगति देखा पर्नु, दातृराष्ट्रहरूले भ्रष्टाचार नियन्त्रण र सुशासनमा जोड दिनु, बिभिन्न बैङ्कलगायत अन्य क्षेत्रको व्यबस्थापन विदेशी संस्थाहरूलाई करार दिनु बाध्यताले हाम्रो दरिद्र मानसिकता र असफलताको परिचय दिन पर्याप्त छ।

व्यक्तिको चरित्र र आचरण सुधार विना जस्तो सुकै कानून ल्याए पनि देश समाजले प्रगति र विकास गर्न नसकिने प्रष्ट छ। एउटा उदाहरणको लागि यो अध्ययनको दोस्रो अध्यायमा उल्लेख गरिएको "आमा बाबुको सेवा" व्यक्तिको चरित्र र आचरणमा भर पर्ने कुरा हुन्। यस सन्दर्भमा यहाँ नेपालको 'मुलकी ऐन'को अंश वण्डाको महलको १० न.मा व्याख्या गरेको "बाबुको जीउ छउञ्जेल अंश दिन छोराहरूले बाबुलाई बाध्य गराउन सक्ने छैनन्। म अहिले छुटिन्न भन्ने छोरालाई बाबुले कर लगाई छुट्याउन पनि हुँदैन "।[९४] .....भन्ने कुरा सम्झनु सान्दर्भिक नै होला। यस्तो व्यवस्था हुँदैमा व्यक्तिको आचरण नै सही छैनन् भने ऐनले मात्र सबै समस्याको समाधान निकाल्न सक्दैन्। यदि यसो होईन् भने आज देशमा यो समस्या नहुनु पर्ने थियो।

यसै गरी अर्को उदाहरणको लागि चौठौं अध्यायअन्तर्गत "दश अकुशल कर्ममा"मा वचनबाट हुने अकुशल कर्म भनेको 'व्यर्थको गफ' पनि हुन् भनेको स्मरणीय छ। यसमा मुलुकी ऐनको अदालती बन्दोवस्तको ३ नं महलमा गरेका व्यवस्था "अड्डा बसेदेखि बन्द नभएसम्म आफूले गर्नु पर्ने अड्डासम्बन्धी काम कुरा बाहेक अरु कुनै काम कुरा वा ठट्टा मस्करी गर्न र दिन समेत हुँदैन।"[९५] भनी उल्लेख भएको तर आज हामीले यसको सही नतिजा पाउन नसकेको प्रष्ट छ।

आज देशको विभिन्न राष्ट्रिय दैनिक पत्र पत्रिकामा निस्कने समाचारहरू जस्तै घुसखोरी, व्यापार व्यबशायमा ठगी, नक्कली कारोवार, बलात्कार, चोरी, हत्या, नक्कली रुपैया छाप्ने, बाल श्रम शोषण, यौन शोषण, आदि ईत्यादिलाई विचार गर्ने हो भने व्यक्ति-समाजमा नैतिक शिक्षा र धर्मको अज्ञानता भएकोले यस्ता घटना हुनगएको हो।

अव यहाँ राष्ट्रिय दैनिक पत्र पत्रिकामा आएका केही शीर्षकहरू देखाउनु सान्दर्भिक नै होला। "बाह्र वर्ष बालिकाको बलात्कार पछि हत्या", "भिनाजुबाट



Downloaded from http://www.dhamma.digital

नावालिका साली बलात्कार", "नौ युवकद्वारा सामूहिक बलात्कार" (नेपाल समाचारपत्र, २६ फाल्गुण २०६०)। "राजधानीमा प्रहरी जवानको हत्या", "अठाइस करोड विगोसहित शर्मा विरुद्ध अख्तियारमा मुद्दा पेश"(नेपाल समाचार पत्र, १९ फाल्गुण २०६०)। "पीएचडीको नक्कली प्रमाणपत्र देखाएर तीनसय जनाको डेढ करोड ठगी"(नेपाल समाचारपत्र, १८ फाल्गुण २०६०)। "प्रधान न्यायाधीशसहित ६ न्यायधीशको उमेरमा विवाद", "नेपालमा बृद्ध बृद्धाको अवस्था दयनीय" (स्पेसटाइम पत्रिका, २६फाल्गुण २०६०)। "गर्भवतीमाथि चिकित्सको दुर्व्यबहार" (कान्तिपुर दैनिक, १७ फाल्गुण २०६०)। "उपभोक्ता कानून कार्यवन्यन नहुँदा पाइला-पाइलामा ठगी", "असल शासनका लागि चरित्र सुधार" शीर्षकको लेख (गोरखापत्र, क्रमशः ८ र १२, फाल्गुण २०६० ) आदि समाचार तथा लेखहरूको शीर्षकलेमात्र पनि आजको हाम्रो देश समाजको चित्रण प्रस्तुत गर्न प्रयाप्त छ।

आज देशको राजनैतिक, सामाजिक, आर्थिक क्षेत्रमा यावत समस्या देखा परेको छ। देशको आर्थिक क्षेत्र क्रमशः ओरालो गइरहेको छ, निजी उद्योग धन्दा घराशायी हुँदै गइरहेको छ, कयौं सार्वजनिक संघ, संस्थानहरू आफ्नो लागत खर्च उठाउन र धान्न असफल भई नोक्सानीमा चलिरहका छन् भने कयौं संस्थानहरू बन्द पनि भइसकेको छन्। अब यी संघ संस्थानहरू नोक्सानमा जानु वा बन्द हुनुमा के राजनैतिक हस्तक्षेप र भ्रष्टाचार मात्र जिम्मेवार हुन् ? के व्यक्तिगत सोच, कार्य क्षमतामा कमी, आचार संहिताहीन, अनुशासनहीन र नैतिक उदायित्वविहिन सामाजिक परिवेश यसको लागि जिम्मेवार छैन ? नभए आज संघ संस्थानहरूमा राजनैतिक हस्तक्षेप बढ्न गई नोक्सानीमा गएको भनी जसरी – प्रचारप्रसार भईरहेको छ त्यो स्वयं आफैमा गलत मनोवृत्ति र संस्कारले प्रेरित छ।

देशमा 'गरीवी', 'बेरोजगारी', 'अनुत्पादक' र 'गरीवी'को जुन भूमरी छ त्यसबाट पार लगाउन ठूलो त्याग, निष्ठा, कठोर अनुशासनको जरूरत पर्दछ, जुन हाम्रो देश समाजमा अभाव देखिन्छ। आज देशको कर्मचारी संयन्त्रमा जुन किसिमको माहौल र वातावरण छ, र बेला बेलामा सुशासनको कुरा लिएर जुन आवाज आउने गरेको छ त्यसले नै देशको कर्मचारी संयन्त्रमा खरावी र गल्ति छ भन्ने यथेष्ट प्रमाण दिएको छ। देशको प्रशासन संयन्त्र आफैमा विविध खालको समस्या, रोगले ग्रस्त छन् भने मुलुकले सही र स्वच्छ प्रशासनको अनुभूति दिलाउन नसक्नुमा कुनै विवाद रहँदैन भने यस्तो परिस्थितिमा देश र समाजको विकासको परिकल्पना गर्नु एकदमै असान्दर्भिक हुन आउँछ।

आज देश समाजको कुरा गर्दा जहाँतहीं व्यक्तिगत आचरण अनुशासन हीनको



Downloaded from http://www.dhamma.digital

कमी, कमजोरी देख्न सक्दछौं । के कर्मचारी तन्त्र, के राजनैतिक क्षेत्र, के शैक्षिक प्राज्ञिक क्षेत्र, के चिकित्सा क्षेत्र, के बौद्धिक क्षेत्र, के संचार क्षेत्र, के व्यापार व्यबशाय र उद्योग, हरेक क्षेत्रमा व्यक्तिगत उच्च महोत्वकांक्षा, गैह्र जिम्मेवारीपन तथा छाडापन र अराजकताको बाहुल्यता देखिन्छ । मानव इतिहासमा यस्तो अराजक, अस्तव्यस्तता अहिले मात्र देखा परेको निश्चय पनि होईन । 'मानव इतिहासको लहरमा मानिसहरूले भूकम्प: ज्वालामुखीको विस्फोटन, बाढी प्रकोप र हुरी बतासद्वारा विनाश आदि भय अन्तरायहरूको कारणले दु:खको सामना गरिसकेका छन् । अब पनि स्वभाव धर्मको विपरीतताले गर्दा मानिसहरूले भोग्नुपरिराखेको दु:खद् समाचारहरू बेला बेलामा सुन्न जान्न पाइरहेको छ । ........त्यसकारण रोमन महान् इतिहासकार अंग्रेज प्रज्ञाविद् Gibbon ले "मानव इतिहास भनेको मानिसहरूको **राजदण्ड, अपराध, हिंसा र मूर्ख्याईंहरूको** विपयसम्वन्धी टिपोट हो" भनी भनेका छन् ।'[९६]

आज देश समाजमा एकले अर्कालाई जसरी आरोप लगाउने र गाली गलोज गर्ने वातावरण श्रृजित भएको छ त्यसबाट अर्को पक्षलाई के कस्तो बेफाईदा होला, त्यो एक ठाउँमा छ तर जस्ले यस्तो व्यवहार गरेको छ त्यसबाट आफैलाई कस्तो बेफाईदा भएको छ त्यो थाहा पाउँदैनन् । व्यक्तिको राग द्वेप र ईर्ष्याजन्य मनोग्रन्थीले व्यक्ति आफै गलत सोचाईको भूमरीमा फस्दै जान्छ भने त्यसको दुष्परिणाम भोग्नु पर्नेमा शंका छैनन् ।

त्यसैले आज देश समाज र व्यक्ति स्वयको हितको लागि प्रत्येकले धर्म धारण गर्नु पर्दछ र त्यसको लागि पहिलो प्राथमिक भनेको व्यक्तिको चरित्र सुधार नै हो ।

Dhamma.Digital

## ५.२ कालाम सूत्र :

भगवान गौतम बुद्धले 'कालाम'हरूलाई दिनुभएको सूत्र हो 'कालाम सूत्र' । यो सूत्र निम्न प्रकारका छन् ।

(क) तिमीहरू कुनै कुरा यसैले ग्रहण नगर्नु कि हामीहरूले यसलाई यसरी सुन्दै आएका हौ ।

(ख) त्यसैले मात्र ग्रहण नगर कि यो हाम्रो परम्परागत मान्यता हो जुन पीढियौं देखि चल्दैआएको छ ।

(ग) यसैले मात्र ग्रहण नगर कि यो हामीले जहिले पनि सुन्दै आएका छौं ।

(घ) यसैले मात्र ग्रहण नगर कि यो हाम्रो धर्म ग्रन्थअनुरूप छ ।

(ङ) यसैले मात्र ग्रहण नगर कि यो तर्कसंगत छ वा न्यायसंगत छ ।

(च) यसैले मात्र ग्रहण नगर कि हामी यो मान्यताप्रति आसक्त भयौं ।

(छ) यसैले मात्र ग्रहण नगर कि यो उपदेश दिनेको व्यक्तित्व भव्य छ ।



Downloaded from http://www.dhamma.digital

(ज) यसैले मात्र ग्रहण नगर कि यो उपदेश दिने श्रमण हाम्रो गुरु हो, पूज्य हो ।[१७]

यसरी भगवान् बुद्धले आफ्नो मत प्रचार गर्न खोजेको नभई सत्यको प्रचार प्रसारमा लाग्नुभएको प्रष्टै छ । अन्तमा भगवान् गौतम बुद्धले कालामहरूलाई भन्नुहुन्छ, तिमी आफ्नो स्वःअनुभूतिबाट जान् कि यो धर्म उपदेश कुशलकारी हो, निर्दोष हो, अनुभवी, समभ्रदार व्यक्तिबाट प्रशंसित छ र स्वंय जान् कि संपूर्णतया ग्रहण गर्नबाट यो सर्वहितकारी छ, सुखकारी छ, तव यसलाई ग्रहण गरेर जीवनमा उतार ।

आजको सामाजिक अवस्थामा यो सूत्रको अवलम्वन गर्न सकेमा योभन्दा अर्को ठूलो उपलब्धि केही हुन सक्दैनन् । त्यसैले यसको मर्म बुभ्की सोहीअनुसारको आचरण गर्न, यसको महत्व हाम्रो जस्तो अन्धविश्वास र कुरीति, विसंगतिले भरिएको समाजमा भ्रन् बढेको छ ।



Downloaded from http://www.dhamma.digital

# छेठौं अध्याय

## उपसंहार

व्यक्तिको चरित्र निर्माणमा धर्मको भूमिका भएकोमा दुई मत हुन सक्दैनन् । तर यहाँ धर्मको परिभाषा व्यक्तिको सोचाइ, देश समाजको अवस्था अनि विभिन्न सम्प्रदायमा पनि फरक फरक हुनगएको छ। तर जस्तो सुकै भए पनि सबै सम्प्रदाय वा धर्मले व्यक्तिको आचरण सुधारको लागि धर्म र शीललाई नभई नहुने आधार मानेका छन् । त्यसैले आजको विषम परिस्थितिबाट पार लगाउन व्यक्तिहरूको बौद्धिक क्षमता, आचरणमा सुधार हुनु पर्ने आजको अपरिहार्य आवश्यकता हो जसको लागि प्रत्येक व्यक्तिले धर्मश्रवण गर्ने, धारण र पालन गर्ने अनिवार्य छ।

यो अध्ययनलाई बढाउने सिलसिलमा प्रथम अध्यायमा बुद्धको सामान्य परिचय दिएको छ। यसमा सिद्धार्थ गौतमद्वारा गृहत्यागदेखि बुद्धत्व प्राप्त पछिको प्रथम धर्मचक्र प्रवतन र भगवान् बुद्धले बताउनु भएको धर्मको सामान्य सैद्धान्तिक चर्चा गरिएको छ। यस खण्डमा देखाएको धर्मको सिद्धान्त –'चार आर्यसत्य' 'प्रतीत्यसमुत्पाद', 'आर्यअष्टाङ्गिक मार्ग' ले व्यक्तिलाई धर्म बुझाउन मद्धत गर्दछ भनी आशा गर्न सक्दछौं ।

त्यसैगरी दोस्रो र तेस्रो खण्डमा धर्मको मर्म बुझाउनको लागि यसका विभिन्न व्यावहारिक स्वरूपहरू देखाउने प्रयास गरिएको छ। 'व्यक्तिको चरित्र', 'मननै प्रमुख', 'आमा बाबुको सेवा', 'दुर्लभ मनुष्य जन्म', 'कर्मकाण्डले पाप पखालिँदैन', 'जातले ठूलो हुँदैन' आदिबाट व्यक्तिले धर्म आफै धारण गर्नुपर्ने र आफ्नो चरित्र सुधारको लागि आफै लाग्नुपर्ने महत्व देखाउने प्रयास गरेको छौं । यी खण्डमा भएका चर्चाहरूले कुनैपनि व्यक्तिले धर्मको सैद्धान्तिक मर्ममात्र नबुझी, सही अर्थमा धर्मको व्यावहारिक अर्थ बुझी आफूलाई धर्मधारण गर्न थप हौसला प्रदान गर्ने छ भनी आशा गर्न सकिन्छ। यसरी व्यक्तिले धर्मको सही अर्थ र मर्म बुझी धर्मधारण गऱ्यो भने त्यो व्यक्ति स्वयंको हित त निश्चित छ, साथै यसले देश समाजमा पनि गतिलो योगदान दिन्छ ।

प्रथम अध्यायमा वर्णित सैद्धान्तिक ज्ञान र दोस्रो अध्यायमा व्याख्या गरेको बुद्धधर्मको सुचरित्रको अर्थ बुझाउन विभिन्न शीर्षकअन्तर्गत उदाहरण सहितको व्याख्याको तुलनात्मक अध्ययनले, व्यक्तिको चरित्र निर्माणको लागि धर्मको भूमिका आवश्यक छ भनी तेस्रो अध्यायमा देखाइएको छ ।



Downloaded from http://www.dhamma.digital

चौठौं अध्यायमा बुद्धधर्ममा वर्णित विभिन्न शीलअन्तर्गत गृहस्थी, गृहत्यागी आदिहरूको लागि भएका विभिन्न शीलहरूको वर्णन गरिएको छ र निश्यय पनि व्यक्तिको चरित्र सुधारको लागि यो आधारशिला हुन् । आज व्यक्तिले **'पञ्चशील'– हिंसा, चोरी, झूठ, व्यभिचार र लागु पदार्थमा** नभुली, यसको पालन गर्न सक्यो भने आफ्नो कल्याण त हुन्छ नै, अन्य व्यक्ति, समाज र राष्ट्रको कल्याणमा समेत मद्दत पुग्न जाने हुन्छ ।

पाँचौ अध्यायमा आजको हाम्रो समाजको चित्रण देखाउनुको अर्थ व्यक्तिहरूको चरित्रमा आध्यात्मिक कमीकमजोर भएकोले आजको समस्या देखिएको हो भनी दर्शाउनु हो । साथै दोस्रो खण्डमा देखाएका 'बुद्धधर्मका सुचरित्रको अर्थ' शीर्षकअन्तर्गत देखाएका धर्मको व्यावहारिक स्वरूपसंग यसको तुलना गर्नु पनि हो । यसरी तुलना गर्दा हामी फेरि व्यक्तिको चारित्रिक सुधार विना देश समाजको वास्तविक भलाइ हुँदैनन् भनी निर्ष्योलमा पुग्न सक्दछौं ।

आज देश समाजको हरेक क्षेत्र अस्तव्यस्त भइरहेकोमा कसैको दुई मत छैन । यहाँ मानवीय विनाश, प्रकृतिको विनाश पनि भइ नै रहन्छ । मानवीय विनाशको रूपमा व्यक्तिहरूमा अधर्म अनैतिकताको बोलवाला भइ समाजको हरेक क्षेत्रमा भ्रष्टाचार, विसंगति, विकृती बढ्न जान्छ र अन्याय अत्याचार पनि संगसंगै मौलाउदै जानुमा आश्चर्य हुँदैन । यसैगरी जव संसारमा अन्याय अत्याचार बढदैजान्छ देशविश्वमा प्राकृतिक विपत्ति पनि आउने हुन्छ । मानवहरूमा हुनै पर्ने गुणको विनाशसंगै, प्रकृतिको दोहन बढ्दै गए पछि प्रकृतिको विनाश नभए अरु के हुनसक्छ ?

अन्त्यमा, व्यक्तिको चरित्र निर्माणको माध्यमबाट देशको विकासका लागि धर्मको महत्व र उपादेयता भएकोले, व्यक्तिको चरित्र सुधारविना देश समाज तथा विश्वको स्वस्थ र सुन्दर अवस्थाको परिकल्पना पनि हुन नसक्नेभएकोले, व्यक्तिको चरित्र सुधार नै आजको पहिलो आवश्यकता भएको छ । आज देशको हरेक क्षेत्रमा देखा परेको यावत समस्याहरूको वास्तविक उपचारको लागि व्यक्तिको दृष्टि सही हुन नितान्त आवश्यक छ र यसको लागि व्यक्तिहरूको लागि व्यावहारिक तथा सही धर्मको जरुरत पर्दछ ।



Downloaded from http://www.dhamma.digital

## पाद टिप्पणी

१ भिक्षु ज्ञानपूर्णिक(धम्मचरिय अनु.), महान धर्मचक्र सूत्रोपदेश,(नेपाल भाषा) ललितपुर, सन्ति सुखवास, वि.स.२०५२, पृ.३३
२ भिक्षु सुसिल, ध्यान,(नेपाल भाषा) काठमाण्डौं नगर मण्डम श्रीकीर्ति विहार, वि.स.२०५७, पृ.२३
३ उही पृ. २३-२४
४ पूर्वोक्त पाद टिप्पणी १, पृ.३३
५ पूर्वोक्त पाद टिप्पणी, १ पृ.१६८-१६९
६ उही पृ. २१२
७ उही, पृ.२५८-२६३
८ उही पृ. २७१
९ उही पृ. २७८
१० वन्द्य, आर.वि., जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग, ताइवान, द कर्पोरेट बडी अफ बुद्ध एजुकेशन फाउण्डेशन, ई.स.२००२, पृ.८८
११ उही, पृ.१३७
१२ उही पृ.२४९
१३ भिक्षु ज्ञानपुर्णिक(धम्मचरिय, अनु.), प्रतीत्य समुत्पाद महान उपदेश, ललितपुर,सन्ति सुखावास प्रकाशन समिति, वि.सं. २०५५ पृ.१३
१४ गोयन्का, सत्यनारायण, प्रवचन सांराश, इगतपुरी, विपश्यना विशोधन विन्यास,दोश्रो संस्करण ई.स. १९९५, पृ.४३ -४५
१५ पूर्वोक्त पाद टिप्पणी १३, पृ.१५-१६
१६ पूर्वोक्त पाद टिप्पणी १४, पृ.४६
१७ पूर्वोक्त पाद टिप्पणी १, पृ.११७-१५८
१८ उही पृ.१२३
१९ बज्राचार्य, प्रकाश, बौद्ध दर्पण, काठमाण्डौं, बुद्ध जयन्ति समारोह समिति र धर्मकीर्ति प्रकाशन, दोश्रो संस्करण, वि.स.२०५३, पृ. ४३
२० उही पृ. ४१-४२
२१ पूर्वोक्त पाद टिप्पणी १०, पृ.८०
२२ उही पृ.१-२,(स.नि. ६,२,१०)
२३ पूर्वोक्त पाद टिप्पणी १०, पृ. ७
२४ उही पृ.२३४
२५ उही पृ.४४-४५
२६ पूर्वोक्त पाद टिप्पणी २, पृ३७-३९
२७ भिक्षु सुमेध, धीरसुमेधो(अनु.नेपाल भाषा), सम्पूर्ण बुद्ध वचन तिपिटक या सार, (सम्पूर्ण बुद्ध वचन त्रिपिटकको सार), काठमाण्डौं, सद्धर्म प्रचारक पुचः, वि.स. २०५८, पृ.३९१
२८ भिक्षु अश्वघोष, बुद्धको सँस्कृति र महत्व, काठमाण्डौ, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठि, वि.सं.२०५७, पृ. ४७-४८
२९ गोयन्का, सत्यनारायण, मंगल जगे गृही जीवनमे, (गृहष्ठी जीवनमा मंगल जागुन) ईगतपुरी, विपश्यना विशोधन विन्यास, ई.स. २०००, पृ.११



Downloaded from http://www.dhamma.digital

३० भिक्षु सुशोभन, बुद्ध धर्म : मान्यता र दृष्टिकोण, काठमाण्डौं, प्रकाशक लेखक स्वंय, वि.स. २०४६, पृ. ७३
३१ भिक्षु अमृतानन्द (अनु.), धम्मपद, (पाली–नेपाल भाषा)काठमाण्डौं, धर्मकीर्ति विहार, वि.सं.२०४७, पृ. १
३२ भिक्षु अश्वघोष, निन्दाबाट बच्ने कोही छैन, ढल्को, काठमाण्डौं, प्रकाशक, लेखक स्वंय, वि.सं. २०५५, पृ.४९
३३ पूर्वोक्त पाद टिप्पणी २८, पृ. २२ -२३
३४ पूर्वोत्त पाद टिप्पणी सं.१९, पृ.९३
३५ पूर्वोत्त पाद टिप्पणी २७, पृ. १३६
३६ उही, पृ.२६९
३७ पूर्वोक्त पाद टिप्पणी १९, पृ. ९६-९७
३८ गोयन्का, सत्यनारायण, क्या बुद्ध दुक्खवादी थे ? काठमाण्डौं, नेपाल विपश्यना केन्द्र, इ.स.२०००, पृ. ६३
३९ उही, पृ. ४५
४० गोयन्का, सत्यनारायण, जागे मंगल प्रेरणा (मंगल प्रेरणा जागुन), नया दिल्ली, यशपाल जैन, सस्ता साहित्य मण्डल, ई.स. १९९० ,पृ. २६
४१ पूर्वोक्त पाद टिप्पणी २५, पृ. ३६
४२ पूर्वोक्त पाद टिप्पणी १०, १२१ -१२३
४३ पूर्वोक्त पाद टिप्पणी ३१, पृ.६१, धम्मपद श्लोक १८२
४४ पूर्वोक्त पाद टिप्पणी, २९, पृ. ४२-४३
४५ भिक्षु अश्वघोष, न्हापांयाम्ह गुरु सु ? व अमूल्यगु धन (नेपाल भाषा), नघल, काठमाण्डौं, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, वि.सं. २०५९, पृ.१७
४६ पूर्वोक्त पाद टिप्पणी १९, पृ.५४
४७ पूर्वोक्त पाद टिप्पणी ३१, पृ. ५८, धम्मपद, श्लोक १७६
४८ पूर्वोक्त पाद टिप्पणी १०, पृ.६० -६१
४९ पूर्वोक्त पाद टिप्पणी २८, पृ.५५-५६
५० उही पृ. ६०
५१ भिक्षु ज्ञानपुर्णिक, त्रिरत्न-वन्दना, चाकुपाट ललितपुर, सन्ति सुखावास प्रकाशन समिति, वि.सं. २०५७, पृ.३४
५२ पूर्वोक्त पाद टिप्पणी ४०, पृ.२७९
५३ पूर्वोक्त पाद टिप्पणी २८, पृ.१३
५४ पूर्वोक्त पाद टिप्पणी २८, पृ.१३-१४
५५ पूर्वोक्त पाद टिप्पणी १०, पृ.१३०
५६ पूर्वोक्त पाद टिप्पणी १९, पृ.५३
५७ पूर्वोक्त पाद टिप्पणी १०, पृ.३५(सुत्त निपात, ६५४ को विवरण) ।
५८ पूर्वोक्त पाद टिप्पणी ३१, पृ.१२९ - १३० (धम्मपद श्लोक क्रमशः, ३९१ र ३९३ बाट)
५९ पूर्वोक्त पाद टिप्पणी २८, पृ.४-५
६० भिक्षु धीरसुमेधो, (अनु. नेपाल भाषा), धर्मया सागरय् मोति, काठमाण्डौ, आशानन्द स्वधर्म विहार, वि.सं.२०५७, पृ.५६
६१ पूर्वोक्त पाद टिप्पणी ४५, पृ ६२-६४
६२ पूर्वोक्त पाद टिप्पणी ४५, पृ.६३
६३ उही पृ.६७-६८



Downloaded from http://www.dhamma.digital

६४ पूर्वोक्त पाद टिप्पणी २८, पृ. ४२
६५ पुर्वोक्त पाद टिप्पणी २८, पृ. ४४
६६ पूर्वोक्त पाद टिप्पणी २, पृ.८-१८
६७ पूर्वोक्त पाद टिप्पणी ३१, पृ.५३, धम्मपद श्लोक १६०
६८ गोयन्का सत्यनारायण, निर्मल धारा धर्म की, इगतपुरी विपश्यना विशोधन विन्यास, ई.स. १९९५, पृ.१६
६९ गोयन्का, सत्यनारायण, धर्म : जीवन जीने की कला, इगतपुरि, महाराष्ट्र, विपश्यना विशोधन विन्यास, ई.स. १९९३, पृ. ७२-७३
७० पूर्वोक्त पाद टिप्पणी ४०, पृ. २८५-२८७
७१ भिक्षु सम्यक सम्वोध प्राणपुत्र, विशुद्धिमार्ग, भृकुटी मण्डप, सुखी होतु नेपाल, बि.सं.२०५८, पृ.७
७२ उही पृ. १-६
७३ पूर्वोक्त पाद टिप्पणी २९, पृ.१७
७४ पूर्वोक्त पाद टिप्पणी २८, पृ. १०-११
७५ उही पृ. ३८
७६ पूर्वोक्त पाद टिप्पणी सं. २७, पृ.२६७
७७ पूर्वोक्त पाद टिप्पणी ५१, पृ.३
७८ पूर्वोत्त पाद टिप्पणी ५१ पृ.६
७९ पूर्वोक्त पाद टिप्पणी २९, पृ. १५-१६
८० भिक्षु सुदर्शन, महापरित्राण, काठमाण्डौ, गणमहाविहार, वि.सं.२०३८, पृ.१ र ११३
८१ पूर्वोक्त पादटिप्पणी ५१, पृ १-४
८२ भिक्षु अश्वधोश, बौद्ध सस्कार, बनेपा, ध्यानकुटी विहार, वि.स. २०५७, पृ.१६
८३ उही पृ.१६-१७
८४ पूर्वोत्त पाद टिप्पणी ८२, पृ. १८
८५ उही पृ. १९-२०
८६ पूर्वोक्त पाद टिप्पणी, ५१, पृ.१७
८७ उही पृ.१९
८८ उही पृ.२१
८९ पूर्वोक्त पाद टिप्पणी १९, पृ.४४
९० पूर्वोक्त पाद टिप्पणी १०,पृ.४६
९१ पूर्वोक्त पाद टिप्पणी १९, पृ.४२
९२ पूर्वोक्त पाद टिप्पणी २७, १५४
९३ पूर्वोक्त पाद टिप्पणी ५१, पृ.२५-२८
९४ श्रेष्ठ, ज्ञाइन्द्र बहादुर, मुलुकी ऐन, एक टिप्पणी, काठमाण्डौं, पैरवी प्रकाशन, दोश्रो संस्करण, वि.सं. २०५३, पृ.२९३
९५ उही पृ.५
९६ भिक्षु ज्ञानपूर्णिक( धम्मचरिय), बुद्ध र बुद्धबाद, प्रथम भाग, ताइवान, द कर्पोरेट बडी अफ बुद्ध एजुकेशन फाउण्डेशन, ई.स.२००२, पृ.१५८-१५९
९७ पूर्वोक्त पाद टिप्पणी ३८, पृ.३६ - ३७



Dhamma.Digital
Downloaded from http://www.dhamma.digital

# सन्दर्भ सामग्री


(१) गोयन्का सत्यनारायण : क्या बुद्ध दुक्खवादी थे ? कांतिपथ, काठमाण्डौं, नेपाल विपश्यना केन्द, ई.स. २०००

(२) गोयन्का सत्यनारायण : जागे मंगल प्रेरणा दिल्ली, यशपाल जैन, सस्ता साहित्य मण्डल, ई.स.१९९०

(३) गोयन्का सत्यनारायण : धर्मः जीवन जिने की कला इगतपुरी,महाराष्ट्र, विपश्यना विशोधन विन्यास, ई.स. १९९३

(४) गोयन्का सत्यनारायण : प्रवचन सारांश इगतपुरी,महाराष्ट्र, विपश्यना विशोधन विन्यास, दोस्रो सस्करण, ई.स. १९९५

(५) बज्राचार्य, प्रकाश : बौद्ध दर्पण काठमाण्डौं, बुद्ध जयन्ति समारोह र धर्मकीर्ति प्रकाशन, वि.स.२०५३

(६) भिक्षु अमृतानन्द,(अनु.) : धम्मपद(पाली–नेपाल भाषा) काठमाण्डौं, धर्मकीति बौद्ध अध्ययन गोष्ठी, वि.स.२०४७

(७) भिक्षु अश्वघोष बुद्धको सँस्कती र महत्व काठमाण्डौं, धर्मकीति बौद्ध गोष्ठी, वि.स.२०५७

(८) भिक्षु अश्वघोष,(सम्पादक) : बौद्ध संस्कार बनेपा, ध्यानकुटी विहार, वि.स. २०५७

(९) भिक्षु अश्वघोष : निन्दाबाट बच्ने कोही छैन काठमाण्डौ, लेखक स्वंय, वि.स. २०५५

(१०) भिक्षु अश्वघोष : न्हापाँयाम्ह गुरु सु ? व अमूल्यगु धन (नेपाल भाषा) काठमाण्डौं,धर्मकीति बौद्ध अध्ययन गोष्ठी, वि.स.२०५९

(११) भिक्षु सुमेध धीरसुमेधो(अनु.): सम्पूर्ण बुद्ध वचन तिपिटकया सार, (नेपाल भाषा), मुल लेखक, सुजीव पुञ्ञानुभाव, ठंहिटी, काठमाण्डौ, सद्धर्म प्रचारक पुचः, वि.स.२०५८

(१२) भिक्षु सुमेध धीरसुमेधो(अनु.): धर्मया सागरय् मोति (नेपाल भाषा), मुल लेखक, सुजीव पुञ्ञानुभाव, काठमाण्डौं, आशानन्द स्वधर्म विहार वि.स. २०५७

(१३) भिक्षु सुशील : ध्यान (नेपाल भाषा) काठमाण्डौ, नगर मण्डप, श्री कीर्तिपूर विहार, वि.स.२०५७




Downloaded from http://www.dhamma.digital

(१४) भिक्षु ज्ञानपूर्णिक(अनु.) : बुद्ध र बुद्धबाद्ध ताईवान, द कर्पोरेट बडी अफ एजुकेशन फाउण्डेशन, ई.स.२००२

(१५) भिक्षु ज्ञानपूर्णिक(अनु.) : महान धर्मचक सूत्रोपदेश (नेपाल भापा) मुल लेखक, महापकारक महाशी सयादो, चाकुपाट, ललितपुर, सन्ति सुखावास, वि.स.२०५२

(१६) भिक्षु ज्ञानपूर्णिक (अनु.तथा सम्पादक) : त्रिरत्न वन्दना चाकुपाट, ललितपुर, सन्ति सुखावास, वि.स.२०५७

(१७) भिक्षु ज्ञानपूर्णिक(अनु.) : प्रतीत्य समुत्पाद महान उपदेश चाकुपाट, ललितपुर, सन्ति सुखावास, वि.स.२०५५

(१८) वन्ध,आर.वि.(अनु.) : जीवनको पत्येक घडीमा अभिधर्मको उपयोग मुल लेखक एन.भी.गोरकम, ताईवान, द कर्पोरेट वडी अफ एजुकेशन फाउण्डेशन, ई.स.२००२

(१९) श्रेष्ठ, ज्ञाइन्दबहादुर : मुलुकी ऐन काठमाण्डौं, पैरवी प्रकाशन, वि.स.२०५२

(२०) गोरखापत्र, (२१) राजधानी दैनिक, (२२) स्पेशटाइम, (२३) समाचारपत्र दैनिक



Downloaded from http://www.dhamma.digital



नाम : शिशिल चित्रकार

शिक्षा : स्नातकोत्तर( व्यवस्थापन), बि.एल., पोष्ट ग्राजुएट इन बुद्धिज्म

सर्भिस : तत्कालीन हवाई विभागमा सेवा प्रवेश गरी हाल नागरिक उड्डयन प्राधिकरणमा कार्यरत

भ्रमण : कार्यालयको तालिम, सेमिनारमा भागलिन जापान, दिल्ली र फिलिपिन्सको भ्रमण।

पुरुस्कार : बु.स. २५५० (बि.स.२०६३।२०६४)को पञ्च वीर सिंह पुरुस्कार

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital